# अध्याय - एक

# शोध परिचय

## १.१. परिचय

यस अध्यायमा शोधको परिचयमाथि प्रकाश पारिएको छ । शोध-कार्यको समग्र झलकलाई यसले स्पष्ट पारेको छ ।

## १.२. शोधशीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक “नानी पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन एवं विश्लेषण” रहेको छ ।

## १.३. शोध कार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्नु नै यस शोध कार्यको प्रयोजन रहेको छ ।

## १.४. शोध गराउने संस्था

यो शोधकार्य गराउने संस्था त्रिभुवन विश्वविद्यालयअन्तर्गत “पाटन संयुक्त क्याम्पस” पाटन ढोका रहेको छ ।

## १.५. शोध समस्या

वि.सं. २०५५ सालदेखि आÇनो प्रकाशन सुरु गरेको यस “नानी द्वैमासिक बालपत्रिका” मा साहित्यिक लेख, रचना र कथाहरू थुप्रै प्रकाशित भएका छन् त्यस्तै गरी नेपाली साहित्यको बगैंचामा मगमगाइ सुवास छर्न सफल र साहित्यिक प्रतिष्ठा आर्जनतर्फ उन्मुख धेरै कथाकार, बालकथाकारका कथा प्रकाशित भएका छन् । यसरी प्रकाशित कथाहरू अङ्क १ देखि २२ सम्मकालाई केन्द्रविन्दु बनाएर आजसम्म कुनै पनि अध्ययन तथा विश्लेषण भएको छैन तसर्थ यस अध्ययनमा ˘नानी’ बाल पत्रिकामा प्रकाशित कथाका, कथावस्तु, पात्र वा चरित्रको अध्ययन साथै कुन भावभूमि एवं परिवेशसँग कथासम्बन्ध छन् ? आदि कुरा कै सापेक्षतामा निम्नलिखित शोधसमस्याहरू देखिएका छन् ।

(क) नेपाली बालपत्रिकाको परम्परा के कस्तो  रहेको छ ?

(ख) नानी बालपत्रिकाको प्रकाशन के कसरी हुन पुगेको हो ?

(ग) नेपाली बालकथाको इतिहास के कस्तो छ ?

(घ) नानी बालपत्रिकामा प्रकाशित कथाहरूका स्वरुप के कस्तो रहेको छ ? र

(ङ) नानी बालपत्रिकामा केकति सामग्रीहरू  प्रकाशित भएका छन् ?

## १.६. शोधकार्यको उद्देश्य

"नानी" द्वैमासिक बालपत्रिकामा अङ्क १ देखि २२ सम्म प्रकाशित भएका कथाहरूको परिचयात्मक अध्ययन प्रस्तुत गर्नुका साथै कथातŒवका आधारमा तिनीहरूको विश्लेषण गरी सही टुङ्गोमा पुग्नका निम्ति प्रस्तुत शोधकार्यमा निम्न लिखित उद्देश्यहरू रहेका छन् :

(क) नेपाली बालपत्रिकाहरूको ऐतिहासिक चिनारी दिनु,

(ख) ˇनानी' बालपत्रिकाको प्रकाशनको यथार्थ जानकारी प्रदान गर्नु,

(ग) नेपाली बालकथाहरूको ऐतिहासिक झलक प्रदान गर्नु,

(घ) ˇनानी' बालपत्रिकामा प्रकाशित कथाहरूको स्वरुपमाथि प्रकाश पार्नु र

(ङ) ˇनानी' बालपत्रिकामा प्रकाशित भएका सामग्रीहरूको विवरण दिनु,

## १.७. शोधकार्यको औचित्य तथा महŒव

नेपाली साहित्यको विकासमा पत्रपत्रिकाको योगदान पनि उल्लेखनीय छ । विभिन्न समयमा प्रकाशित भएका पत्रपत्रिकाले साहित्यका विविध विधाको विकासमा निकै ठूलो योगदान दिँदै आइरहेका छन् । यस परम्परा अनुरूप वि.सं. २०५५ सालदेखि प्रकाशित "नानी" नामक बालपत्रिकाले पनि बालसाहित्य तथा बाल- मनोरञ्जनका विषयलाई समेटी बाल मनोरञ्जन र बौद्धिक खुराक दिँदै आइरहेको छ । यसरी यस अध्ययनमा "नानी" बाल पत्रिकामा प्रकाशित भएका कथाहरूको विषयवस्तु कस्तो छ ? कथामा कस्ता कस्ता पात्रहरूको चयन भएको छ? नेपाली साहित्यमा यी कथाहरूले केकस्ता योगदान दिएका छन् ? भन्ने कुराको मूल्याङ्कन गर्नु यस शोधकार्यको औचित्य रहेको छ । यस अध्ययनको माध्यमबाट भविष्यमा नेपाली कथाहरूको तत्कालीन प्रवृत्ति नयाँ, पुराना कथाहरूको स्थिति यस पत्रिकामा सम्बन्ध कथाहरूको योगदानसमेत स्पष्ट रहेको छ ।

१.८. अध्ययनको सीमाङ्कन

“नानी” बाल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन एवं विश्लेषण शीर्षकमा तयार पारिने प्रस्तुत शोधपत्रमा “नानी” बालपत्रिका प्रारम्भदेखि २२ अङ्कसम्म प्रकाशित हुँदा कसैबाट पनि शोधकार्य नभएकोले उक्त १ देखि २२ अङ्कसम्ममा प्रकाशित कथाहरूको अध्ययन विश्लेषण र मूल्याङ्कनमा केन्द्रित भई कथाहरूमा लघुकथा तथा बालकथाहरूको परिचयात्मक अध्ययनका साथै विश्लेषणात्मक अध्ययन गरिएको छ । त्यस्तै कथा विधाको आवश्यक सैद्धान्तिक चिनारी र नेपाली कथाको कालक्रमिक रेखाङ्कन प्रदान गरिएको छ ।

१.९. पूर्वकार्यको समीक्षा

यो “नानी” बालपत्रिका वि.सं. २०५५ देखि प्रकाशन आरम्भ भएको हो । यसले बाल साहित्यको क्षेत्रमा महŒवपूर्ण उपलब्धि हासिल गरेको छ । यसका साथै बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा  पुऱ्याएको छ । बाल-मनोरञ्जन र उडन्ते कुराहरूभन्दा ठोस प्रेरणा र बालकको मनोबल वृद्धि गर्ने खालका सामग्री तथा देश विदेशका खबरहरू, जीवजन्तु सम्बन्धी रोचक जानकारी प्रस्तुत गरी आÇना पाठकहरूको प्रिय साथी बन्न सफल रहेकोमा वि.सं. २०५९ सालदेखि यसको प्रकाशन हुन सकेको छैन । विविध कारणवश यस्तो साहित्यिक बाल पत्रिकाको प्रकाशन निरन्तर रूपमा हुन नसक्नु हामी सबै पाठक वर्गका लागि दुःखको कुरो हो । अन्य सामग्रीभन्दा छुट्टै स्वरूप बोकेर आÇनो पहिचान राख्न यस पत्रिकाको पुनः प्रकाशन हुनुपर्ने देखिएको छ ।

यसरी यस पत्रिकामा जे-जति लेख रचना प्रकाशित भएका छन् ती लेख, रचनाहरूको सम्बन्धमा प्रमोद प्रधानले ‘नेपाली बाल साहित्यको इतिहास’ तथा ‘नेपाली बाल वाङ्मय परिचयकोश’ नामक पुस्तकमा सामान्य चर्चा गरेका छन् । बाल साहित्यको इतिहासमा ‘नानी’ बाल पत्रिकाको प्रथम अङ्कको सम्पादकीय प्रस्तुत गरिएको छ भने नेपालीबाट वाङ्मय परिचय कोशमा ‘नानी’ बाल साहित्यिक पत्रिकामा प्रकाशित उत्कृष्ट आठवटा कथाहरूको लेखक परिचय समेत दिई सामान्य चर्चा गरिएको छ । यसैगरी यस पत्रिकाको प्रकाशनका विषयमा पत्र पत्रिकाले पनि केही टीका टिप्पणी गरेका छन् ।[१] यसरी यस ‘नानी’ बाल पत्रिकामा प्रकाशित ‘कथा’ विधा र यसले नेपाली साहित्यमा पुऱ्याएको योगदानको गहन अध्ययन गरी प्रस्तुत शोधकार्यमा कथाको विश्लेषण गरिएको छ ।

[१] नेपालीपत्र - साप्ताहिक - २०५५, श्रावण १५ गते, पूर्वाञ्चल दैनिक, २०५५ साउन ३३ गते, पुनर्जागरण साप्ताहिक- २०५५ साउन २६ गते ।

१.१० सामग्री संकलन विधि

यस अध्ययनमा “नानी” बाल पत्रिकामा प्रकाशित कथाहरूको अध्ययन गरिएको हुँदा कथा विधासँग सम्बन्धित सामग्री पुस्तकालयीय विधिबाट संकलन गरिएको छ । त्यसमा आवश्यकता अनुसार सम्बन्धित पत्रिकाका सम्पादक, कथाकार आदिसँग भेटघाट, प्रश्नोत्तर (लिखित/ मौखिक) आदि तरिकाले सामग्री संकलन गरिएको छ । साथै अन्य साहित्यिक पत्रिका सम्बन्धी शोध गरिएका शोधलाई पनि सामग्री सङ्कलनका रूपमा लिनुका साथै सम्बन्धित विज्ञहरूलाई पनि सामग्री संकलनको स्रोत व्यक्तिको रूपमा लिइएको छ ।

१.११. शोध विधि

यस अध्ययनमा नेपाली कथाको सैद्धान्तिक चिनारी नेपाली कथाको विकासक्रमिक रेखाङ्कन, “नानी” पत्रिकाको परिचयका साथै लघुकथा, बालकथाहरूको साहित्यिक परिचयात्मक विधि उपयोग गरिएको छ । “नानी” पत्रिकामा प्रकाशित कथाहरूको विश्लेषणात्मक विधि उपयोग गरिएको छ ।

१.१२. शोध पत्रको रूपरेखा

शोध-पत्रको रूपरेखा भन्नाले यसको स्वरूपलाई जनाउँछ । शोध-पत्र भद्दा र आकारमा ठूलोभन्दा छोटो, मीठो, सरल, सहज, अनि ओजपूर्ण भएमा नै राम्रो हुन्छ । त्यसैले प्रस्तुत शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ :

१. अध्याय -एक : शोध परिचय
२. अध्याय -दुई : नेपाली पत्रपत्रिकाको परम्परा र ‘नानी’ पत्रिकाको प्रकाशन
३. अध्याय -तीन : बालकथाको चिनारी ।
४. अध्याय -चार : ‘नानी’ बालपत्रिकाहरूमा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण ।
५. अध्याय -पाँच : ‘नानी’ बालसाहित्यिक पत्रिकामा प्रकाशित सामग्रीहरूको विवरण ।
६. अध्याय -छ : ज्ञान उदासको जीवनी र व्यक्तित्व ।
७. उध्याय - सातः उपसंहार एवं निष्कर्ष ।

# अध्याय - दुई

# नेपाली पत्रपत्रिकाको परम्परा र नानी पत्रिकाको प्रकाशन

## २.१ परिचय

यस अध्यायमा नेपाली पत्रपत्रिकाको इतिहास केलाउँदै 'नानी' बाल पत्रिकाको प्रकाशनको इतिवृत्तलाई केलाइएको छ ।

हरेक राष्ट्रको उन्नति, विकास र राष्ट्रियताको संवर्द्धनमा साहित्य र साहित्यिक पत्रपत्रिकाहरूको भूमिका सर्वोपरि हुन्छ । पत्र-पत्रिकाहरू साहित्यिक विकासका मŒवपूर्ण पूर्वाधारहरू हुन् । आजको समग्र साहित्यको पृष्ठभूमिमा पत्रपत्रिकाहरूको योगदान राष्ट्रिय एवम् अर्न्तराष्ट्रिय परिप्रेक्ष्यमा अत्यन्त उर्वर र गहकिलो रहेको तथ्य ऐतिहासिक खोज अन्वेषणबाट थाहा पाउन सकिन्छ ।

विश्व सभ्यताको विकासमा मुद्रणको इतिहास केलाउँदा यसको शुरुवात ई.पू. ११२२-१२५८ मा चीनबाट भएको पाइन्छ ।[1] त्यसपछि सन् १४४० मा युरोपमा टाइप अक्षरको प्रयोग हुन थालेको पाइन्छ । यी दुई तथ्यलाई नै छापाखानाको इतिहासका आधारभूत तथ्य मान्न सकिन्छ ।

अभिलेख र ग्रन्थलेखनकाल पार गरी नेपाली भाषाको विकास हुँदै आएको हो । यसरी विकासको गतिमा अघि बढ्दै गरेको नेपाली भाषामा साहित्यिक विषयले स्थान पाउन धेरै समय कुर्नुपरेको थियो । नेपालको भौगोलिक विकटता राजनैतिक अस्थिरता र चेतनाविहीन सामाजिक गतिविधिले अझ भनौं त्यतिबेलाको क्रूर जहानिया राणा शासनमा शिक्षा विरोधी नीतिले नेपाली साहित्यको प्रकाशनपक्ष उपेक्षित नै रह्यो ।

## २.२ २००७ सालपूर्वका प्रमुख नेपाली पत्रपत्रिकाहरूको स्थिति

नेपाली धरातलमा पत्रपत्रिका प्रकाशनको प्रारम्भिक इतिहास धेरै लामो देखिदैन । औपचारिक रूपमा पत्रपत्रिकाहरूको इतिहास परम्परा धेरै पछि मात्र शुरु भएको पाइन्छ । वस्तुतः

---

१ ग्रीष्मबहादुर देवकोटा, नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, (काठमाडौँ, साझा प्रकाशन २०२४), पृ. २८ ।

नेपालमा स्थापित प्रेस परम्परालाई हेर्दा वि.सं. १९०८ मा तत्कालीन "गिद्धेप्रेस" को नामले परिचित छ, त्यसैबाट नेपालमा छापाखानाको इतिहास शुरु भएको मानिन्छ । सोही "गिद्धेप्रेस" नै गोरखापत्र प्रकाशन गर्ने प्रेस बुझिन्छ । जुन आजसम्म पनि गोरखापत्र संस्थानमा फ्याकिएको अवस्थामा रहेको छ । त्यसैबाट नेपालमा छापाखानाको इतिहास प्रारम्भ भएको तथ्य पाइन्छ । यद्यपि छाप्ने कलाको परम्परा भने नेपालमा यसअगाडि नै शुरु भैसकेको थियो तर आधुनिक छापाखानाको इतिहासमा प्रथम शिलान्यास गर्ने श्रेय भने जङ्गबहादुरलाई नै जान्छ ।

उपर्युक्त "गिद्धेप्रेस" प्रारम्भमा कहाँ स्थापना भयो र यसले के के छाप्यो भन्ने कुराको प्रमाण भने कतै फेला पर्दैन । यसपछि तत्कालीन समयमा वि.सं. १९१९ अगाडि "मनोरञ्जन" छापाखाना अस्तित्वमा आएको देखिन्छ । यो प्रेस नै सम्भवतः जङ्गबहादुरले वेलायतबाट ल्याएको प्रेस थियो भन्ने अड्कल शिव रेग्मीको रहेको छ । यसले "मोक्षसिद्धि" जस्ता किताव छाप्यो । त्यसपछि १९२८ तिर वीर शमसेरद्वारा स्थापित "नारायणहिटी छापाखाना" १९४९ तिर अस्तित्वमा देखा परेको वसन्तपुर जङ्गी लियो । यसै समयमा कुवेररत्न बज्राचार्यले आफ्नै हातले बनाएर संचालन गरेको "बुद्ध प्रेस" र १९५० साल असारमा मोतीराम भट्ट र उनका सहयोगीद्वारा ठहिटीमा स्थापित "पाशुपत प्रेस" अदि नै नेपालमा प्रकाशन थालनी गर्ने प्रारम्भिक नमूनाहरू हुन् ।

## २.३ माध्यमिक कालीन पत्रपत्रिकाहरू

नेपाली पत्रपत्रिकाको आदि भूमि बनारसलाई लिइन्छ । नेपालबाट हिन्दुस्तान पढ्न जाने नेपालीहरूको सक्रियतामा अथवा भनौं नेपाली पत्रपत्रिकाका प्रवर्तक मोतीराम भट्टको विशेष सक्रियतामा बाबुरामकृष्ण वर्माको सम्पादनमा निस्केको "भारत जीवन" (मासिक वि.सं. १९४३) पत्रिकालाई नै नेपाली भाषामा लेखेको प्रथम पत्रिका मानिन्छ । "भारत जीवन प्रेस" वनारसबाट प्रकाशित भएको मानिन्छ तर स्पष्ट प्रमाण कतै फेला पर्दैन ।

नेपाली पत्रपत्रिकाको इतिहासले वर्तमान समयमसम्म एक शताब्दी पार गरिसकेको मानिन्छ । यस समयभित्र थुप्रै नेपाली पत्रिकाहरू प्रकाशित भए तर विभिन्न वाधा र ब्यवधानको सामना गर्न नपाउँदै कलिलै अवस्थामा विस्मृतिको गर्भमा विलाए कतिपय पत्रपत्रिकाको अस्तित्व समाप्त भए पनि कतिपयले आफ्नै छुट्टै इतिहास कायम गरेर अमरत्व प्राप्त गरेका छन् । यस क्रममा नेपालबाट सर्वप्रथम प्रकाशित हुने जेठो साहित्यिक पत्रिका "सुधासागर" लाई लिइन्छ । "पाशुपत प्रेस" ठहिटीबाट सम्पादक पं. नरदेव मोतीकृष्ण शर्माको सम्पादकत्वमा निस्कने गरेको

यस “सुधासागर” पत्रिकाको उद्देश्य भनेको नेपाली भाषा र साहित्यको विकासमा सघाउ पुऱ्याउनु थियो ।[२] यस पत्रिकामा कथा, कविता र रोचक श्लोक र रचनाहरू छापिन्थे । नेपालबाट प्रकाशित प्रथम पत्रिका भए पनि यस पत्रिकाको कुनै अवशेष वर्तमान समयमा पाइँदैन । तर वि.सं. १९४३ मा नेपाल बाहिरबाट भने गोर्खा भारत जीवन प्रकाशन भएको पाइन्छ ।

वि.सं. १९५८ साल वैशाखबाट “गोरखापत्र” साप्ताहिक नेपालबाट निस्कने दोस्रो पत्रिकाको रूपमा प्रकाशित यस पत्रिका नेपाली साहित्यको विकासमा कोसेढुङ्गा सावित हुन्छ । यो पत्रिका ‘पाशुपतप्रेस” पछि पं. नरदेवमोतीकृष्ण शर्माकै सम्पादनमा “पाशुपत प्रेस” ठहिटीबाट समाचारपत्रको रूपमा प्रकाशित हुन्थ्यो । मूलतः समाचारपत्र भएर पनि नेपाली साहित्यिक पत्रपत्रिकाको इतिहासमा ‘गोरखापत्र’ ले आजसम्म अविरल रूपमा गरेको अमूल्य योगदानलाई कसैगरी बिर्सन सकिंदैन । ‘गोरखापत्र’ को प्रकाशन तत्कालीन सुधारवादी राणा प्रधानमन्त्री देव शमसेरको समयमा भएको हो । यस पत्रिकाको सम्पादक नरदेवमोतीकृष्ण शर्मा थिए भने पछि धेरै वर्ष जयपृथ्वीबहादुर सिंहको सम्पादकत्वमा निस्किएको पाइन्छ । देव शमसेरको जनपक्षीय सुधारवादी नीतिले गर्दा आफ्नै भाइ चन्द्र शमसेर जङ्गबहादुर राणाको षड्यन्त्रबाट छोटो अवधिमै सत्ताच्यूत भई देशबाटै निष्कासित हुनुपऱ्यो । चन्द्र शमसेर सत्तासीन भएपछि आफ्नो ३१ वर्षे शासनकालभरि नै नेपालबाट कुनै पनि पत्रपत्रिकाले जन्म लिने आँट गर्न सकेनन् । यस्तो विकराल स्थितिमा अनेकौं बाधा र अडचनलाई आफूभित्रै पचाएर पनि ‘गोरखापत्र’ ले नेपाली साहित्यको श्रीवृद्धि गर्नमा पछि परेन । यस अवधिमा नेपाल बाहिरबाट थुप्रै पत्रपत्रिकाहरू प्रकाशित भए । जसले नेपाली साहित्यको विकासमा अविस्मरणीय योगदान दिएका छन् । यसै सिलसिलामा वि.सं. १९५९ तिर पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा दार्जिलिङ्गबाट “गोर्खे खवर कागत” साप्ताहिक पत्रिकाको प्रकाशन भएको पाइन्छ । इसाई धर्मको प्रचार गर्ने उद्देश्यले खुलेको यस पत्रिकाले सूचना, समाचार र मनोरञ्जनात्मक सामग्री छापी केही योगदान छाडेको छ । त्यसैगरी नेपालबाट अध्ययनार्थ भारतका विभिन्न ठाउँमा पुगेका विद्यार्थीहरू एवं प्रवासमै स्थायी बसोबास गरेर बसेका साहित्यप्रेमी नेपालीहरूको सक्रियतामा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भए जसमा वि.सं. १९५९ मा नै धारावाहिक रूपमा ‘उपन्यास  तरङ्गिणी’ नामक मासिक औपन्यासिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो । यसपछि रसिक समाजले गंगादत्त शर्माको सहभागितामा वि.सं. १९६३ असारमा बनारसबाट ‘सुन्दरी’ मासिक पत्रिकाको प्रकाशन शुरु भयो । यस पत्रिकामा सोमनाथ सिग्देल, राममणि आ.दी. लेखनाथ पौड्याल जस्ता अत्यन्त ओजस्वी र मूधर्न्य विद्वान्हरूको संलग्नता रहेको थियो । यसले पनि आफ्नो दीर्घ जीवनको निर्माण गर्न नसकी एकै वर्षको छोटो अवधिमै

२ ग्रीष्मबहादुर देवकोटा, पूर्ववत्, पृ. २९ ।

बन्द हुन पुग्यो । वि.सं. १९६५ देखि मातृकाप्रसाद अधिकारीको सम्पादनमा 'माधवी' मासिक पत्रिका प्रकाशित हुनथाल्यो । यस पत्रिकाको उद्देश्य मातृभाषाको सेवा गर्नु थियो । निबन्ध, प्रवन्धको प्रकाशन शुरु गरी यस पत्रिकाले गद्य साहित्यको प्रणेता बन्ने अवसर पाएको छ । यसपछि नेपाली भाषा र साहित्यमा समर्पित भई प्रकाशित हुने पत्रपत्रिकाहरूमा बनारसबाट क्रमशः चन्द्र, वि.सं. १९७१, 'गोर्खाली' १९७२, 'जन्मभूमि' १९७९, 'राजभक्ति' वि.सं. १९६४, 'आदर्श' १९८७, 'नेपाली साहित्य सम्मेलन पत्रिका', १९८९, 'नेबुला' १९९३, 'खोजी' १९९७ र र 'गोर्खा' २००१ आदिले नेपाली साहित्यको श्रीवृद्धिमा महŒवपूर्ण योगदान दिएको पाइछ । यस्तै देहरादूनबाट प्रकाशित हुने 'गोर्खा संसार' वि.सं. १९८३, 'तरुण गोर्खा' १९८५, आसामबाट प्रकाशित 'गोर्खा सेवक' वि.सं. १९९२ ले पनि नेपाली भाषा र साहित्यप्रति अविस्मरणीय योगदान दिएका छन् ।

यसरी 'गोरखापत्र' को प्रकाशनपछि करीव तीन दशक लामो समयसम्म कुनै पनि पत्रपत्रिकाले जन्म लिन नसके पनि नेपाल बाहिरका विभिन्न ठाउँहरूबाट प्रकाशित विविध साहित्यिक पत्रपत्रिकाहरूले नेपाली साहित्यलाई उजिल्याउनुको साथै जनचेतना अभिबृद्धि गराउँनमा समेत महŒवपूर्ण भूमिका खेलेका छन् ।

## २.४ आधुनिक नेपाली पत्रिकाको कोशेढु·ा ँ'शारदा' काल

नेपाली पत्रिकाको लहरमा १९९१ साल फाल्गुणमा श्री ऋद्धिबहादुर मल्लको सम्पादनमा नेपाली भाषाको 'शारदा' मासिक जन्मियो । राणा-शासनकालमा जन्मिएको यस पत्रिकाको पालन-पोषण निमित्त सरकारद्वारा आर्थिक सहयोग प्राप्त थियो । यसैकारण यस पत्रिकामा राष्ट्रिय, देशीय तथा स्थानीय महŒवपूर्ण खवरको साटो सवारी भित्रियो, बाहिरियो, सुपुत्र जन्मियो, श्रीमान्‌को स्वर्गवास भयो इत्यादि नाथ र गाथको स्तुति रहनु त स्वाभाविकै थियो ।[३] त्यसो भए तापनि भानुभक्त, मोतीराम, शम्भुप्रसाद आदिबाट नेपाली भाषामा साहित्यको जो सिर्जना भयो त्यो धारावाहिक रूपमा बग्न बन्द भैरहेको अवस्थामा नेपाली भाषामा साहित्यको धारा बगाउने यसको प्रयत्न साँच्चै महŒवपूर्ण र ऐतिहासिक छ । यो निस्कन थालेदेखि नै नेपाली भाषा र साहित्यमा उन्नतिको भेल नेपालमा देखा पर्न थाल्यो भन्नुमा अत्युक्ति हुनेछैन । साथै नेपालमा चेतनशील लेखकहरू देखापर्न थालेको समय पनि यही हो र त्यसको श्रेय पनि यसै पत्रिकालाई छ । यस पत्रिकाले विजयाङ्क, नारी-अङ्क, मोहन-अङ्कलगायत विभिन्न रूपको विशेषाङ्कहरू पनि प्रकाशित

३ ऐजन. पृ. ३१ ।

गरेको थियो । नेपाली महिलाहरूले पनि कलम समाएर लेख-रचना लेखी यसै पत्रिकामा सबैभन्दा अगाडि प्रकाशित हुन थाल्यो । नेपाली भाषा र साहित्यलाई जीवन्त बनाउँदै आधुनिक युगमा प्रवेश गराउँने श्रेय पनि यसै पत्रिकाले पाएको छ । 'शारदा' प्रकाशनको ५ महिनापछि उद्योग सम्बन्धी लेख रचना प्रकाशित गर्ने उद्देश्यले वि.सं. १९९२ भदौदेखि काठमाडौंबाट सूर्यभक्त जोशीको सम्पादकत्वमा उद्योग, पाक्षिक पत्रिकाको प्रकाशन कार्य आरम्भ भयो । उद्योगसँग सम्बन्धीत भए पनि त्यसप्रति जनअभिरुचिको अभावका कारण साहित्यिक सामग्रीलाई स्थान प्रदान गर्नुपऱ्यो । यो पत्रिका वर्ष ३ संख्या १ देखि मासिक रूपमा प्रकाशन हुनथाल्यो । नेपाली साहित्यलाई सेवा गर्दै १६ वर्षसम्म ऋणी बनाई २००८ सालमा बन्द भयो । वि.सं. २००४ सालमा काठमाडौँमा 'नेपाली साहित्य परिषद्' को स्थापना भयो । यस परिषद्बाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा 'साहित्य स्रोत' नामक मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो । यस परिषद्ले 'कवि सम्मेलन' जस्तो नयाँ प्रशंसनीय कार्य सम्पन्न गऱ्यो । समग्रमा साहित्यप्रति जनअभिरुचि वृद्धि गराउँन यस पत्रिकाले उल्लेख्य भूमिका खेल्यो । यसको अतिरिक्त वि.सं. २००५ मा काठमाडौंबाट देवीप्रसाद रिमालको सम्पादनमा 'आँखा' मासिक यसै वर्ष काठमाडौंबाटै 'नेपाल शिक्षा' मासिक वि.सं. २००६ सालमा काठमाडौंबाट प्रकाशित 'पुरुषार्थ' ले नेपाली साहित्यको श्रीबृद्धिमा र राजनैतिक एवं साहित्यिक जागरणमा महŒवपूर्ण

भूमिका खेल्यो । यसको साथ साथै नेपाल बाहिरबाट निस्केका 'पुकार' २००५ कालिम्पोङ, 'भारती' २००६ दार्जिलिङ्ग, 'हाम्रो कथा' २००६, दार्जिलिङ्ग प्रथम कथाप्रधान पत्रिका 'साथी' २००६, दार्जिलिङ्ग आदिले पनि कम गुन लगाएका छैनन् ।

## २.५ २००७ साल र समसामयिक पत्रिकाको प्रकाशन

वि. सं. २००७ सालको जनक्रान्तिले नेपालमा १०४ वर्षको निरंकुश राणाशासनको अन्त्य गरेर देशमा प्रजातन्त्रको लहर फैलायो । प्रजातन्त्रको उदयसँगै जनमानसमा उकुसमुकुस भएर बसेका भावनाहरू सल्बलाउँन थाले र पत्रपत्रिकाको चाप पनि क्रमशः बढ्न थाल्यो । यसै क्रममा प्रजातन्त्र आगमनको ठीक तीन दिन अगाडि २००७ साल फागुन ४ गते श्री हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा 'जागरण' साप्ताहिक निस्कियो । नेपालमा छापिएका पत्रपत्रिकाहरूमा यो नै प्रथम राजनीतिक दृष्टिकोणको समाचारपत्र हो । तर यो पत्रिका पनि धेरै दिन टिकेन । वर्ष १ संख्या ३६ सम्म निस्किएर बन्द भयो । वि.सं. २००७ साल फाल्गुण ८ गते श्री सिद्धिचरण श्रेष्ठको सम्पादनमा नेपाली भाषाको 'आवाज' दैनिक निस्कियो । नेपाली माटोमा उम्रेका पत्रिकाहरूको विरुवाहरूमध्ये दिनदिनै निस्किने पत्रिकामा यो पहिलो पत्रिका हो र यो पत्रिका समसामयिक

समयमा निकै महŒवपूर्ण थियो । ठूलो आँट गरेर 'आवाज' निस्कियो । यसमा देश  विदेशका समाचारहरू पनि छापियो । यसप्रति मानिसहरूको पनि चाहना बढ्दै गयो फलतः रोजको १०००-१५०० प्रति पनि छापिन थाल्यो । नेपालको पूर्व साँधबाट पश्चिम साँधसम्म यो पुग्यो, तर पनि यो वर्ष २ संख्या १०७ सम्म निस्की बन्द भयो ।

वि.सं. २००८ सालमा श्यामप्रसाद शर्माको सम्पादकत्वमा 'सेवा' मासिक तथा कुमारी कामाक्षी र अन्यको सम्पादनमा 'महिला' मासिक प्रकाशित भए । त्यस्तै २००९ सालमा 'जागृति' मासिक शुरु भयो त यसै साल 'प्रतिभा' मासिक अखिल नेपाल महिला संघले प्रकाशित गऱ्यो । वि.सं. २०१० सालमा प्रगति द्वैमासिक निस्कियो । यस वर्ष कवि सिद्धिचरण  श्रेष्ठको सम्पादनमा काठमाडौंबाट 'कविता' र धर्मराज थापाको सम्पादनमा 'डाँफेचरी' लगायत थुप्रै पत्रिकाहरू प्रकाशित भए । यसपछि २०११ मा आएर पशुपतिवेद पाण्डेको सम्पादनमा निस्केको 'समाज' पत्रिकाले ऐतिहासिक महŒव पायो । यसै वर्ष माघ फागुनदेखि शुरु भएको जनसाहित्य, त्रैमासिकले यथार्थवादी जनमुखी साहित्य सिर्जनामा जोड दियो । वि.सं. २०१२ सालमा नेपालभित्र अलि कमै पत्रिका प्रकाशित भएका छन् । तीमध्ये वासु शशीको सम्पादनमा निस्केको त्रैमासिक 'नवनिर्माण' र केशवराज पिंडालीको सम्पादनमा प्रकाशित साप्ताहिक 'विकास' महŒवपूर्ण छन् । नेपाली पत्रिकाको इतिहासमा २०१३ साल महŒवपूर्ण वर्षका रूपमा लिइन्छ । काव्य प्रतिष्ठान स्थापना भई सोही प्रतिष्ठानबाट 'इन्द्रेणी' मासिक प्रकाशन शुरु भयो । यसले पत्रिका जगत्मा निकै महŒव राखेको छ । यसै वर्ष 'धरती', 'दियालो' वनारसबाट 'नौलो पाइलो' 'हालखवर' दैनिकजस्ता महŒवपूर्ण पत्रिकाहरू प्रकाशित भए । यसपछि फिलिङ्गो, (२०१४), 'स्वास्नी मान्छे' (२०१५), 'उजेली' (२०१५), 'निर्वाचन सन्देश' (२०१५), 'जनमत' (२०१५), 'बालसाहित्य' (२०१५), 'साहित्य' (२०१६) 'प्रहरी' मासिक (२०१६) 'नेपाली' त्रैमासिक (२०१६) देखा परे । 'नेपाली' मासिक पत्रिका मदन पुरस्कार गुठीबाट कमलमणि दीक्षितको सम्पादनमा निस्किएको पत्रिका हो । नेपाली साहित्यको विकासमा यसले पनि निकै मद्दत पुऱ्याएको देखिन्छ । यसले साहित्यको अनुसन्धानमूलक रचनामा बढी प्राथमिकता दिएको छ ।

वि.सं. २०१७ मा निस्केका 'इन्दु', 'समीक्षा', 'दर्पण' आदि पत्रिकाले केही समय मात्र सेवा गरे भने 'रूपरेखा' पत्रिकाले चाहिं पत्रपत्रिकाको जगत्मा आफ्नो नाम स्वर्णाक्षरले अङ्कित गरायो । ३३८ अङ्कसम्म प्रकाशित भएर दीर्घजीवी पत्रिकाको रूपमा आफूलाई उभ्यायो । 'रूपरेखा' पत्रिकाले नेपाली कथा, कविता, निबन्ध, प्रवन्ध तथा समालोचनाको विकासमा भरमग्दुर योगदान पुऱ्याएको छ । वि.सं. २०१८ देखि २०२० सम्म धेरै राम्रा पत्रिकाहरू प्रकाशित भएका पाइन्छन्,  तीमध्ये

'बगैंचा' (२०१८), 'रचना' (२०१८), 'हिमाली कलाकार' (२०१८), 'सिंहनाद' (२०१९), 'रत्नश्री' ( २०२०), 'अरुणोदय' (२०२०), 'भानु' (२०२०) लाई प्रमुख रूपमा लिन सकिन्छ । जेहोस् २००७ सालदेखि २०२० को अवधिमा नेपाली वाङ्मयलाई नेपालभित्र र बाहिरबाट प्रकाशित विभिन्न पत्र-पत्रिकाहरूले लगाएको गुन अवश्य नै अविस्मरणीय रहेको छ ।

वि.सं. २०२१ सालदेखि प्रकाशित पत्र-पत्रिकाहरू अझ राम्रा र साहित्यिक कोसेलीले भरिपूर्ण थिए । यस क्रममा बालकृष्ण पोखरेल र गंगाप्रसाद प्रधानको सम्पादनमा प्रकाशित 'नयाँ कविता' (२०२१) सिद्धिचरण लगायत अन्यको सम्पादनमा प्रकाशित 'फूलपाती' (२०२१) पुष्कर लोहनीको सम्पादनमा प्रकाशित 'कविता' २०२१ आदि पत्रिकामध्ये पनि 'कविता' र 'नयाँ कविता' र 'कविता' विशेष गरी नेपाली साहित्यको पद्य विधालाई फलाउँन फुलाउँनमा केन्द्रित देखिन्छन् भने 'फूलपाती' नेपाली भाषा-साहित्य र संस्कृतिजस्ता विविध क्षेत्रमा प्रबन्धात्मक योगदान दिने पत्रिका हुन् । यसै सिलसिलामा तुँवालो' (२०२१) को योगदानलाई पनि विर्सन सकिँदैन । २०२२ सालमा माधवओम श्रेष्ठको सम्पादनमा प्रकाशित 'सगुन', माधव भण्डारीको सम्पादनमा इलामबाट प्रकाशित 'सौगात' एवं इन्द्रप्रसाद श्रेष्ठ र रमेश नेपालीको सम्पादनमा धरानबाट प्रकाशित 'कल्पना' ले पनि नेपाली साहित्यका विविध विधामा योगदान पुऱ्याएको देखिन्छ । यसैगरी पुष्करप्रसाद लामिछानेको सम्पादनमा प्रकाशित 'हाम्रो संस्कृति' (२०२३) विशेषतः नेपाली भाषा, संस्कृति र सभ्यताको महिमा प्रकाशनमा ल्याएर प्रवन्ध क्षेत्रमा विशेष योगदान पुऱ्याएको छ । टी.आर विश्वकर्माको सम्पादकत्वमा निस्केको 'उकालो' (२०२३) पत्रिका नेपाली पत्र-पत्रिकाको इतिहासमा जनपक्षीय पत्रिकाको अभाव महसुस गरी प्रकाशमा आएको देखिन्छ । उक्त पत्रिकाले पनि साहित्यका प्रायः सबै विधामा उत्तिकै टेवा प्रदान गरेको छ । यसै परम्परामा 'प्राचीन नेपाल' (२०२४) नेरावि (२०२४), धारा (२०२४) आदि पत्रिकाहरूले पनि नेपाली साहित्यको गद्यफाँटलाई हरियो बनाउँनमा निकै प्रयास गरेको पाइन्छ । वि.सं. २०२५ को वर्षमा केही प्रमुख पत्रिकाहरूमा 'पारिजात', 'मधुपर्क', 'प्रतीक्षा', 'पञ्चामृत' आदि रहेका छन् । यीमध्ये गोरखापत्र संस्थानबाट प्रकाशित 'मधुपर्क'अध्यावधि मासिक रूपमा प्रकाशित भइरहेको छ । तर उक्त पत्रिकामा त्यति स्तरीय साहित्यिक सामग्रीले स्थान पाएका छैनन् जति प्रकाशनको प्रारम्भिक अवस्थामा पाउने गर्थे । वासुदेव शर्माको सम्पादकत्वमा प्रकाशित 'पञ्चामृत' पत्रिका नेपाली साहित्यमा प्रगतिवादी चिन्तन र प्रयोगमा विकास ल्याउने उद्देश्यले निकालिएको हो । यसले निकै स्तरीय एवं विचार प्रधान रचनाहरूलाई स्थान दिएर प्रगतिशील साहित्यको जगेर्ना गर्नमा अग्रसर रहेको छ । त्यस्तै 'जस्केलो' (२०२६), 'सिउँडी' (२०२६), 'युगज्ञान', (२०२६), 'त्रिफला' (२०२६), 'बिम्ब' (२०२६), 'रेषा' (२०२६) आदि पत्रिकाहरू उत्कृष्ट कोटिभित्रै पर्दछन् । बाबुराम सापकोटाको

सम्पादकत्वमा निस्केको 'जस्केलो' ले पाश्चात्य संस्कृतिको अन्धानुकरणबाट चेपिदै आएको नेपाली संस्कृतिलाई मुक्त बनाउँदै साहित्यिक वातावरण सिर्जना गर्न चाहेको छ। 'युगज्ञान', 'सिउँडी', त्रिफला आदि पत्रिकाहरूले वाङ्मयका विभिन्न विधामा टेवा पुऱ्याएका छन् भने 'बिम्ब' ले कथा विधालाई उन्नत बनाउनमा ठूलो भूमिका खेलेको छ।

वि.सं. २००७ सालको परिवर्तनले ल्याएको खुकुलो वातावरणमा हालसम्मको अवधिमा थुप्रै रूप र रङ्गका (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चार महिने, अर्द्धवार्षिक र वार्षिक) पत्रपत्रिकाहरूले जन्म लिए। यस्ता पत्रिकाहरू केही लामो समयसम्म टिक्न सके भने केही प्रतिकूल वातावरण र विविध विवशताका सामु आफूलाई दिगो राख्न नसकी कलिलै उमेरमा आत्मोत्सर्ग गर्दै गए। तर यिनले आफ्नो जीवनकालमा गरेको साहित्यिक सेवालाई भन्ने कदापि नकार्न सकिदैन। एक किसिमले पत्रपत्रिकाहरू युगीन समाजका बाहक हुन्। विभिन्न समय र समाजको छविलाई अवगत गर्नुपर्दा तत्कालीन पत्र-पत्रिकाहरूकै मुटु छाम्नुपर्ने हुन्छ। त्यसैले पनि पत्र-पत्रिकाको विकास भनेको सामाजिक उत्थान हो अनि यो देशकै विकास पनि।

वि.सं. २०२७ सालयता पनि साहित्यिक उत्थानमा समर्पित हुँदै थुप्रै पत्र-पत्रिकाले जन्म लिए। जसमध्ये केही उत्कृष्ट पत्रिकाहरूको नाम निम्नअनुसार अघि सार्न सकन्छि -वाशु शशीको सम्पादकत्वमा काठमाडौंबाट 'संचय', तुलसीनाथ ढुङ्गेलको सम्पादकत्वमा काठमाडौंबाट 'जयन्ती', रत्नध्वज जोशीको सम्पादनमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट 'प्रज्ञा' कृष्णप्रसाद पौडेल र अन्यको सम्पादनमा काठमाडौबाट 'सामग्री' आदि। यी पत्रिकाहरूले भ्याएसम्म नेपाली साहित्यको सेवा गरेका छन्। यसै परम्परामा गद्य विधामा 'सुस्केरा' पत्रिकाले गरेको योगदानलाई पनि विर्सन सकिन्न। यसै पृष्ठभूमिभित्र २०२७ साल फागुन ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको सुखद् अवसर पारेर 'अभिव्यक्ति' आर्तव (द्वैमासिक) पत्रिकाको प्रकाशन प्रारम्भ भयो।

वि.सं. २०२८ मा धरानबाट हरिहर दाहाल र प्रल्हाद आचार्यको सम्पादनमा नेपाल र जनप्रतीक पत्रिकाहरूले निकै राम्रा साहित्यिक सामग्री पस्केका थिए। यस्तै २०२८ मा नै 'कथा', 'मिर्मिरे' (सम्पा. चिन्तनराज पाण्डे, २०२९), 'मुक्तिमोर्चा' (सम्पा. राजेन्द्र थापाः २०३०), 'नौलो किरण' (२०३५), 'बाछिट्टा' (२०३५) का साथै अच्युत मल्ल 'तारा' को सम्पादकत्वमा प्रकाशित 'प्रकाशपिण्ड' पत्रिकाले पनि आफ्नो जीवनकालमा साहित्यका प्रायः सबै विधामा योगदान थप्न सक्षम भएका थिए। यस्तै प्रवीन जोशीको सम्पादकत्वमा 'ठुङ्गला' नेपाली साहित्यका विविध विधालाई आफूभित्र समायोजन गर्दै विभिन्न विशेषाङ्कका रूपमा समेत देखा पर्ने गरेको पत्रिका हो।

साहित्यिक पत्रिका प्रकाशनका क्षेत्रमा संस्थागत प्रयास हुनु आवश्यक ठानी साझा प्रकाशनबाट २०३९ पौषदेखि  गरिमाको प्रकाशन आरम्भ भयो। वर्तमान समयसम्म नियमित रूपमा प्रकाशित भइरहेको यस पत्रिकाले साहित्यिक गरिमाको ख्याल राखेर पनि साहित्येतर ज्ञान र जीवनका बहुपक्षीय आयामबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्य राखेको देखिन्छ।

पत्र-पत्रिका प्रकाशनका सन्दर्भमा उपत्यका बाहिरबाट प्रकाशित पत्रिकाको योगदान पनि अविस्मरणीय नै बनेको छ। उपत्यका बाहिरबाट प्रकाशित प्रमुख पत्रिकाहरूको यहाँ नाम उल्लेख गरिएको छ । 'मध्यविन्दु' (सम्पा. जयप्रसाद दाहाल, २०३०) , 'बरगाछी' (सम्पा. दधिराज सुवेदी, २०२८) र 'संसार' (दधिराज सुवेदी, २०३६) , त्यस्तै झापाबाट 'युगज्ञान' (सम्पा.चूडामणि रेग्मी २०२६), पोखराबाट प्रकाशित 'पाङ्ग्रा' (सम्पा. विश्व शाक्य र नारायण कार्की, २०३५) प्रकाशति देखिन्छ।

यसरी यस अवधिमा प्रकाशित विभिन्न पत्रिकाहरू मध्ये दैनिक र साप्ताहिक पत्रिका प्रायशः समाचारमूलक र मासिक, द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक पत्रिकाहरूले प्रमुख रूपमा नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा आफ्नो जविन समर्पित गरेका छन्।

पत्रपत्रिकाहरूको प्रकाशनमा वि.सं. २००७-२०१७ को अवधि उर्वर रह्यो भने २०१७ देखि २०४६ सालसम्मको अवधि कष्टकर बन्यो। २०४६ चैत २६ गते प्रजातन्त्रको पुनःस्थापना र २०४७ सालमा नेपाल अधिराज्यको संविधान लागु भएपछि अहिले पत्रिकाको संख्यात्मक विकासमा बाढी आएको छ। २०५२/२०५३ मा मात्र नेपालमा चारवटा नेपाली र एउटा अंग्रेजी निजी क्षेत्रको थप राष्ट्रिय दैनिकहरू प्रकाशनमा आएका छन्। निजी क्षेत्रको पहिलो राष्ट्रिय दैनिकको रूपमा "कान्तिपुर" नेपाली र "काठमाडौं पोष्ट" अंग्रेजी २०४९ साल फागुन ७ गतेदेखि प्रकाशनमा आएका थिए। हाल राष्ट्रिय समाचार संप्रेषण गर्ने संस्थाको रूपमा राष्ट्रिय समाचार समिति र गोरखापत्र सेवारत छन्।

## २.६ नेपाली बालसाहित्यको इतिहास

यहाँ नेपाली बालसाहित्यको  इतिहासका सम्बन्धमा अध्ययन गरिएको छ।

### २.६.१ परिभाषा

दुई भिन्ना-भिन्नै अर्थवोध गराउँने शब्दहरू 'बाल' र 'साहित्य' को संयुक्त रूप नै 'बालसाहित्य' हो र यसरी संयुक्त भएपछि यसले एउटा छुट्टै विशिष्ट अर्थ दिन्छ। बाल भन्नाले बालबालिकाहरूलाई बुझाउँछ भने 'साहित्य' भन्नाले मानिसको सिर्जनशील प्रतिभाद्वारा लेखिने वाङ्मयको एक विशिष्ट विधालाई जनाउँछ। यसरी सोझो अर्थमा 'बालसाहित्य' ले बालबालिकाहरूका लागि लेख्ने र बालबालिकाद्वारा लेखिने साहित्यलाई बुझाउँछ। बास्तवमा बालसाहित्यको प्रयोजन आवश्यकता र उपयोगिताबारे चर्चापरिचर्चा गरिसकेपछि यसको परिभाषा र लेखकहरूको यसप्रतिको दृष्टिकोणको पनि अध्ययन गर्नु जरुरी छ। साथै बालसाहित्यबारे चर्चा गर्दा कुनै एक पक्षको मात्र चर्चाले यसको समग्र र स्पष्ट स्वरूप नबुझाउने हुनाले समग्र अध्ययनको आवश्यकता छ। त्यसैले नेपाली भाषाका लेखकका साथै बालसाहित्य लेखकहरूका धारणा र विचारलाई यहाँ प्रस्तुत गरिएको छ -

- "अविकसित बालकलाई मनोरञ्जन दिदै निर्माणका कार्यतर्फ राष्ट्र र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बालसाहित्यको हो। विदेशमा बाल साहित्यको ठूलो विकास भएको छ। नेपालीमा बालसाहित्यको ठूलो अभाव छ।" -तारानाथ शर्मा[४]

- "बालमनोविज्ञानको आडमा बालरुचि अनुकूलको नैतिक, आध्यात्मिक, वैज्ञानिक चेतना दिने, राष्ट्रिय वातावरणयुक्त बालसमस्यालाई ध्यान दिएर लेखिएको, बाल उमेरअनुसारको सिर्जनात्मक साहित्यिक रचना नै बाल साहित्य हो भन्न सकन्छि, ।"

  –अच्युतशरण अर्याल[५]

- स्वतन्त्र बालसाहित्यलाई बालबालिकाले जीवनमा लादिएको शैक्षिक बोझका रूपमा होइन, बरू एउटा स्वतन्त्र मनोरञ्जन र रुचिकर क्रीडाको रूपमा लिई त्यसबाट आफ्नो लागि यथेष्ट मानसिक, बौद्धिक खुराक ग्रहण गर्छन्। त्यसै हुनाले यसको असर चिरस्थायी र दूरगामी हुन्छ। -रमेश विकल[६]

- "बालसाहित्यले छोटो, मीठो र सरल भाषाबाट शक्ति प्राप्त गर्दछ र लोकसाहित्यबाट पनि ऊर्जा बटुल्दछ। त्यसैले बालसाहित्यमा उर्वर मस्तिष्कका उपयोगी विचार 'इतिहास र संस्कृतिका मूल्यवान सामग्री, भूगोलका सुन्दर दृश्य तथा समाजका अनेकौं पक्ष देखिन्छन्। -जीवेन्द्रदेव गिरी[७]

---

४ प्रमोद प्रधान, नेपाली बाल साहित्यको इतिहास (२०६१), पृ. १९।
५ ऐजन, पृ. २०।
६ ऐजन, पृ. २२।
७ ऐजन, पृ. २३।

यस प्रकार बालसाहित्यका बारेमा नेपाली भाषाका लेखक एवम् बालसाहित्यकारहरूले आ-आफ्नै किसिमले विचार या धारणा प्रस्तुत गरेको पाइन्छ। यी सबैको अध्ययनपश्चात के भन्न सकिन्छ भने बालसाहित्य भनेको उमेरअनुसार सरल भाषामा रोचक प्रस्तुति तथा शैली अपनाई सिर्जना गरेको मनोरञ्जनयुक्त विषयवस्तुको रङ्गमय तथा कलात्मक मुद्रणयुक्त विधा हो।

## २.६.२ नेपाली बाालसाहित्यको विकासक्रम

नेपाली भाषामा पत्रकारिताको शुभारम्भ भएको भरखर एकसय वर्ष नाघेको छ। कुनै पनि राष्ट्रको पत्रकारिताको विकासका लागि यो लामो समायावधि होइन, तथापि त्यस अवधिमा भएका गतिविधि र क्रियाकलापहरूको पूर्ण उपेक्षा गर्न सकिदैन। विशेषतः एकसय चार वर्षीय राणाकालीन समय शिक्षाको प्रचारप्रसारमा गरिएका बन्देज, राजनीतिक चेतनाको अभिबृद्धि गर्न गरिने प्रयासमा रोक, आर्थिक रूपमा जनताको दयनीय अवस्था र सामाजिक उत्थान गर्ने चेतनाको कमी भएबाट कुनै पनि क्षेत्रमा विकासका पूर्वाधारहरू खडा हुन सकेनन्। यसबाट पत्रकारिता क्षेत्र पनि अलग रहन नसक्नु स्वाभाविककै हो। तैपनि केही जागरुक र चेतनशील व्यक्तिहरूको केही गर्ने अठोट भने मरेको थिएन। फलस्वरुप वि.सं. १९५५ साल श्रावण महिनामा ठहिटी काठमाडौंबाट पं. नरदेव मोतीकृष्ण शर्माको सम्पादनमा “सुधासागर” नामक साहित्यिक मासिक पत्रिकाको सर्वप्रथम प्रकाशित भयो। यो पत्रिका नै नेपाली भाषाको पहिलो साहित्यिक पत्रिकाको रूपमा स्थापित भएको पाइन्छ। तथ्य प्रमाण फेला नपरे तापनि मोतीराम भट्टद्वारा सम्पादित तथा वाराणसीबाट प्रकाशित ‘गोर्खा भारत जीवन’ नामक पत्रिका नोपली भाषाको प्रथम पत्रिका भएको उल्लेख पाइन्छ।

यसर्थ नेपाली भाषा तथा साहित्यको विकासमा पत्र-पत्रिकाको भूमिका महत्वपूर्ण रहे तापनि साहित्यिक पत्र-पत्रिकाको प्रकाशनको पृष्ठभूमि केलाउँदा वि.सं. १९४२ देखि १९४३ लाई प्राथमिक कालको रूपमा लिन सकिन्छ। पत्र-पत्रिका प्रकाशनको समयमा ज्यादै सुस्तपन आएकोले साहित्यको विकास र विस्तार तथा बाल पत्रिकाको प्रकाशनमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ। जसका कारण हालसम्म पनि बालपत्रिका तथा बालसाहित्यले वर्तमान समाजमा आफ्नो अस्तित्वलाई सुनिश्चित गर्न सकेको पाइँदैन।

हालको बदलिदो परिष्कृत र वैज्ञानिक पद्धतिद्वारा अगाडि बढेको समाजमा साहित्यिक जगेर्ना तथा धारणा विकासको लागि समाजको पृष्ठभूमिका रूपमा रहेका बालक्षेत्रलाई नसमेटी साहित्यिक जगतले पूर्णता पाउँन नसक्ने अवस्था भएकाले बौद्धिकता र सृजनशीलतामा गुणात्मक रूपले साहित्यिक दर्शन विकास गर्नको लागि बालसाहित्यलाई अँगाल्नुपर्ने अपरिहार्यता टड्कारो

रूपमा देख्न सकिन्छ । किनकि वर्तमानका बाल सोच र दर्शन नै भविष्यका दार्शनिक चिन्तन हुन् भन्ने तथ्यलाई नकार्न मिल्दैन । तसर्थ साहित्यिक पत्रिकाको संवृद्धि, उत्थान र गुणात्मक वृद्धिका लागि बालसाहित्यलाई अग्रपङ्क्तिमा राखी वर्तमान समाज र बालमनोभावना अनुरूपको बालपत्रिकाको विकास गर्नु नै साहित्यिक जगत्को उत्थानका लागि मेरुदण्ड सावित हुने कुरा प्रस्ट हुन जान्छ । तसर्थ साहित्यिक विकासमा ठोस टेवा पुऱ्याउने हेतुले यहाँ केही बाल साहित्यिक पत्रिकाहरूको अध्ययन गर्ने जमर्को गरिएको छ ।

### २.६.२.१ पहिलो नेपाली बालपत्रिका

"गोर्खा भारत जीवन" लाई पहिलो नेपाली बालपत्रिका मान्ने हो भने सो पत्रिका प्रकाशन भएको त्रिसट्ठी वर्षपछि र "सुधारसागर" लाई पहिलो नेपाली पत्रिका मान्ने हो भने सो पत्रिका प्रकाशन भएको एकाउन्न वर्षपछि मात्र नेपाली भाषामा पहिलो बालपत्रिका प्रकाशन भएको देखिन्छ । नेपाल अधिराज्यबाट नभई दार्जिलिङ्गबाट सो पत्रिका प्रकाशित भएको तथ्य अर्को उल्लेखनीय पक्ष हो । भारतमा स्वतन्त्रतासङ्ग्राम पश्चात् देखा परेको बौद्धिक चेतना, शैक्षिक जागरण र स्वतन्त्रताको लहरका साथसाथै विकसित बङ्गाली साहित्यको प्रभावका कारणले पनि दार्जिलिङ्गका नेपालीहरू यस क्षेत्रमा अग्रणी रहे । सन् १९४९ को नोभेम्वरमा सुश्री सुनकेशरी प्रधानको सम्पादन र पारसमणि प्रधानको प्रकाशनमा निस्किएको 'शिक्षा' ले नै नेपाली भाषाको पहिलो बालपत्रिका हुने सौभाग्य प्राप्त गरेको अहिलेसम्मको खोजले प्रमाणित गरेको छ । तर यो चार अङ्क निस्केपछि बन्द भयो ।[८]

यता नेपालमा वि.सं. २००७ सालको जनक्रान्ति पछि प्रजातन्त्रको स्थापना हुन गई प्राप्त स्वतन्त्रताको उपभोग गर्दै प्रत्येक क्षेत्रमा केही गर्ने जोस, जाँगर र उत्साहको फलस्वरूप बालसाहित्यको विकासका लागि केही गर्ने प्रयास थालिएको पाइन्छ । यसै सिलसिलामा काठमाडौंमा गठित 'बाल दल' नामक समूहले धनमानसिंह परियारको प्रधान सम्पादकत्वमा वि.सं. २००८ को माघ महिनासम्ममा 'बालसखा' मासिक पत्रिकाको प्रकाशन आरम्भ गरेको पाइन्छ । जुन पत्रिका वि.सं. २०१२ को चैत महिनासम्ममा वर्ष ५ को अङ्क ६ सम्म निस्केर बन्द हुन पुगेको थियो ।[९] 'बालसखा' नेपाली भाषामा निस्किएको दोस्रो र नेपालबाट निस्किएको पहिलो बालपत्रिका हो । पूर्ण बालपत्रिकाका रूपमा निस्किएका यी दुवै पत्रिकाको उद्देश्य तिनीहरूको नाम

---

८ ऐजन, पृ. २५४ ।

९ ऐजन, पृ. २५४ ।

अनुरूप बालबालिकाहरूलाई शिक्षा प्रदान र बालसखा भई मनोरञ्जन प्रदान गर्नु रहेको अनुमान गर्न सकिन्छ ।

### २.६.२.२ बालपत्रिकाहरूको प्रकाशनको ऐतिहासिक पृष्ठभूमि

यहाँ बाल पत्रिकाहरूको ऐतिहासिक तथ्यलाई प्रस्तुत गरिएको छ ।

#### २.६.२.२.१ बालपत्रिकाका दुई भेद

बालपत्रिकाका दुई भेदरहेका छन् :

(क) पूर्ण बालपत्रिका

(ख) आंशिक बालपत्रिका

शिक्षा र बालसखाकै क्रममा दार्जिलिङ्गबाट सन् १९५१ को मार्च महिनामा 'हिमाल-किशोर' को प्रकाशन प्रारम्भ भएको देखिन्छ ।[१०] सो पत्रिकामा बालबालिका किशोर किशोरीहरूका लागि बौद्धिक र मानसिक खुराक दिने सामग्री समाविष्ट गरिएको छ । यसै क्रममा काठमाडौंबाट शेखर मानन्धरको सम्पादनमा वि.सं. २०१० मा प्रकाशित 'कोपिला' ले पनि बालपत्रिकाको नगण्य संख्यामा आफ्नो उपस्थिति जनाउँदै बालसाहित्यको विकासमा सघाउ पु¥याएको देखिन्छ । यसैवीच पूर्वी पहाडको एक महत्वपूर्ण जिल्ला भोजपुरमा वि.सं. २०१२ को अन्त्यतिर बालबालिकाहरूको साहित्यिक विकासका लागि बालबालिकाहरूबाट 'बालसाहित्यमण्डल' को स्थापना भएपछि सो संस्थामार्फत बालपत्रिकाहरूको प्रकाशन हुन थालेको पाइन्छ । यस्ता पत्रिकाहरूमध्ये बी.बी. सुन्दास र कृष्ण जोशीको प्रधान सम्पादकत्वमा वि.सं २०१३ देखि बालसाहित्य नामक पत्रिकाको पकाशन प्रारम्भ भई ६ अङ्क निस्केको देखिन्छ ।[११] सोही बालसाहित्य मण्डलबाट वि.सं. २०१४ तिर हस्तलिखित पत्रिका "गोरेटो" र वि.सं. २०१५ तिर त्रैमासिक 'आँकुरो' को प्रकाशन भएको देखिन्छ । तीमध्ये 'गोरेटो' को सम्पादन केही थाहा हुन सकेन भने 'आँकुरो' को सम्पादनचाहिं बी.बी. सुन्दास, कृष्ण जोशी र शैलेन्द्र साकारले संयुक्त रूपमा गरेका थिए । यी दुवै पत्रिकामा बालबालिकाहरूका लागि उपयोगी रचनाहरू सङ्ग्रहित छन् । भोजपुरमै वि.सं. २०१४ मा स्थापित 'बालशिक्षा विकास संघ' बाट कर्णबहादुर कार्कीको सम्पादनमा 'मुना' बालपत्रिकाको प्रकाशन भएको पाइन्छ । यस्तै ओखलढुङ्गाबाट 'जुनकिरी' (सगरमाथा हाइस्कुल) (

---

१० ऐजन, पृ. २५४ ।

११ ऐजन. पृ. २५५ .

२०१७), 'साँघु' (२०१८) र मधु (२०१९) जस्ता हस्तलिखित बालपत्रिका पनि प्रकाशित भई बालबालिकाहरूलाई प्रोत्साहित गरेको देखिन्छ ।

दार्जिलिङ्गबाट सन् १९५६ (२०१३ तरि) मा प्रौढशिक्षा केन्द्रको प्रकाशन र जयपाल सुब्बा, एच बी. थापा र एफ मुखियाको संयुक्त सम्पादनमा निस्केको 'दियो' सत्र वर्षपछि सन् १९७३ मा बन्द हुन पुग्यो । काठमाडौंमा भने बालपत्रिकाहरूको प्रकाशन बीचमा केही वर्ष रोकिएपछि वि.सं. २०१५ को पुष महिनादेखि नरेन्द्रनाथ रेग्मीको सम्पादन तथा प्रकाशनमा द्वैमासिक 'केटाकेटी' को प्रकाशन हुन थालेको देखिन्छ भने यो क्रम विस्तार हुँदै वि.सं. २०१६ असोजमा विराटनगरबाट देवीप्रसाद काफ्ले र पृथ्वीबहादुर मास्केको सम्पादनमा 'छात्रछात्रा' , सोही वर्ष मङ्सिरमा तेस्रो अङ्क निस्केपछि बन्द हुन्छ । केटाकेटी बन्द भएपछि सोही पत्रिकाका प्रकाशक नरेन्द्रनाथ रेग्मीकै प्रकाशकत्व र रामचन्द्र न्यौपानेको सम्पादकत्वमा वि.सं. २०१९ माघदेखि द्वैमासिक 'बालसाहित्य' को प्रकाशन शुरु भई सो एक वर्ष निस्केर बन्द भएको पाइन्छ ।

वि.सं. २०२१ मा बालबालिकाहरूको सर्वतोमुखी विकास एवम् बालहितको रक्षाका लागि नेपाल बालसंगठनको स्थापना भएपछि सो संस्थाले बालबालिकाहरूको साहित्यिक प्रतिभाको प्रस्फुटन र उनीहरूलाई साहित्यिक खुराक दिने उद्देश्य राखेर वि.सं. २०२२ को वैशाखदेखि मासिक बालपत्रिका 'बालक' को प्रकाशन थालेको पाइन्छ । प्रकाशनको आरम्भताका यसका सम्पादक प्रेमकुमार कसुजु थिए भने बीचबीचमा कृष्णप्रसाद पराजुली, वासु रिमाल 'यात्री', दैवज्ञराज न्यौपाने, अमुदा श्रेष्ठजस्ता बालसाहित्य लेखकहरूले यसको सम्पादन गरेका थिए । अहिले बाल साहित्यलेखक कार्तिकेय घिमिरे यसको सम्पादनकार्यमा संलग्न छन् । नियमिŒाका दृष्टिले लामो समयसम्म  निस्केको एकमात्र बाल पत्रिका पनि यही नै हो । तर विविध रङ्ग र चित्रहरूको कमी र रोचक प्रस्तुतिको अभावका कारणले साधनसम्पन्न भएर पनि यो पत्रिकाले बालबालिकालाई जति र जुन रूपमा अकर्षण गनुपर्थ्यो त्यति गर्न सकेको भने पाईदैन । जनक शिक्षा सामग्री केन्द्रको प्रकाशन र रामेश्वर शर्मा चालिसेको सम्पादनमा वि.सं. २०२३ को वैशाखमा प्रकाशन थालिएको कोपिला बालपत्रिका वि.सं. २०२५ देखि 'बालक' मै समाहित हुन पुगेको देखिन्छ ।

वि.सं. २०३५ देखि नेपाली बालपत्रिकाको प्रकाशनका क्षेत्रमा केही उल्लेखनीय प्रयासहरूको थालनी भएको देखिन्छ । दिनकर तुलाचनको सम्पादनमा ललितपुरबाट 'बाल बुलेटिन' र सोही वर्षको भदौदेखि सुश्री हसना शाक्यको सम्पादन/प्रकाशनमा काठमाडौंबाट

मासिक बालडाइजेस्टका रूपमा 'खेलौना' को प्रकाशन हुनुलाई महŒवपूर्ण उपलब्धि मान्नुपर्छ ।[१२] परम्परागत बालसाहित्यमा केन्द्रित बालपत्रिका यहाँ आइपुग्दा 'डाइजेष्ट' का रूपमा निस्कनु नेपाली बालपत्रिकाको इतिहासमा एक उल्लेखनीय मोड हो । यसको लगत्तै वि.सं. २०३६ को कार्तिकदेखि गोपालराज मैनाली र जनकराज हुमागाईंको संयुक्त सम्पादन एवम् प्रभात प्रिन्टिङ्ग प्रेसको प्रकाशनमा 'बालपोष' को थालनी भएर यस क्षेत्रमा अत्यन्त महŒवपूर्ण र उल्लेखनीय योगदान पुऱ्याएको पाइन्छ । किनकि साँचो अर्थमा बालबालिकाहरूलाई दिइनुपर्ने स्तरीय सामग्री, आकर्षक प्रस्तुति, विविध रङ्गहरूको संयोजन र रोचक विषयगत विविधता लिएर यो पत्रिका देखा परेको थियो । तर केवल ६ अङ्क मात्रै प्रकाशन भएर यसले पनि अन्य नेपाली बालपत्रिकाहरूझैं अकालमा नै मर्नुपऱ्यो । तर पनि 'बालपोष' ले नेपाली बालपत्रिकाको क्षेत्रमा पुऱ्याएको योगदान बिर्सन सकिँदैन ।

अन्तर्राष्ट्रिय बाल वर्ष १९७९ का सन्दर्भमा बाल साहित्यतर्फ थप जागरुक देखिनु स्वाभाविक थियो र सोही क्रममा बाल विशेषाङ्क सम्पादन तथा प्रकाशन समिति विराटनगरबाट रामबाबु दाहालको सम्पादनमा 'नवागन्तुक छचल्का' हरूको प्रकाशन भएको पाइन्छ । वि.सं. २०३६ असारमा पहिलो अङ्क निस्केको सो पत्रिकाको तेस्रो र अन्तिम अङ्क भने वि.सं. २०३७ भदौमा प्रकाशित भएको थियो ।

'बालपोष' छ अङ्क निस्केर  असामयिक रूपमै बन्द भए पनि सोही पत्रिकासँग सम्बद्ध उत्साही व्यक्तिहरूको सत्प्रयासमा वि.सं. २०३९ माघदेखि द्वैमासिक रूपमा 'बालकोसेली' को प्रकाशन प्रारम्भ भयो । प्रभात प्रिन्टिङ्ग प्रेसको प्रकाशत्वमा निस्केको सो पत्रिकाको सम्पादन शुरूमा रामकृष्ण ढुङ्गेल र बलराम श्रमजीवी भएकोमा अहिले शारदारमण नेपालको सम्पादनमा निस्किरहेको छ । 'बालकोसेली' ले पनि 'बालपोष' कै रूप, सज्जा र प्रस्तुति लिएर बालपत्रिकाका क्षेत्रमा देखिएको खडेरीलाई केही हदसम्म हटाउने प्रायस गरेको पाइन्छ । यसको अहिलेसम्म तीन दर्जनभन्दा बढी अङ्क प्रकाशित भइसकेका छन् ।

नेपाली बालपत्रिकाको इतिहासमा अर्को उल्लेखनीय पत्रिका हो 'मुना' । सरकारी स्वामित्वमा वि.सं. २०४७ पुसदेखि प्रकाशन प्रारम्भ भएको यो पत्रिकालाई आर्थिक कठिनाई नहुनाका करण नियमित रूपमा निस्किरहेको छ । बालकविता, प्रेरणादायी मनोरञ्जनपूर्ण कथा र लेखहरू, चित्रकथा बालोपयोगी जीवनी, गाउँ खाने कथा, प्रश्नोत्तर लगायत विविध बालसामग्रीलाई आकर्षक र रचना अनुसारको चित्र र साजसज्जासहति प्रस्तुत गर्ने गरिएकाले

---

१२ ऐजन, पृ. २५६ ।

'मुना'  लोकप्रिय पनि रहेको छ। शुरूमा यसका प्रधान सम्पादक गोकुल पोखरेल थिए भने बीचमा विजय चालिसे, कृष्ण श्रेष्ठ, केदार शाक्य हुँदै अहिले उद्धव उपाध्याय सम्पादक रहेका छन् । वि.सं. २०६१ को असोजमसान्तसम्ममा मुनाका १६६ अङ्क निस्किसकेका छन् ।[१३]

यसैबीच भुवनेश्वरी सत्यालको सम्पादनमा चिचिला प्रकाशनद्वारा वि.सं. २०४३ असारदेखि 'चिचिला' (मासिक) र लता शर्माको सम्पादनमा 'किशोर संसार' (मासिक) पनि निस्किरहेका छन् । तर यी दुवै बालपत्रिका नियमित हुन सकेका छैनन् । अन्तर्राष्ट्रिय मञ्च समूहले मासिक बालअन्तर्राष्ट्रि मञ्चको प्रकाशन थालेको पनि चौध वर्ष पुगेको छ । कवि वासु शशीले पनि वि.सं. २०४८ मा 'सिर्जना' नामक बालपत्रिकाका सम्पादन-प्रकाशन गरेका थिए । तर यसको पहिलो अङ्कसिवाय दोस्रो अङ्क निस्कन सकेन । यसै क्रममा नवराज कार्की प्रधान सम्पादक र उत्तम खरेल कलासम्पादक रही किशोर प्रकाशन, काठमाडौंबाट वि.सं. २०४९ असारमा प्रकाशन सुरु भएको 'किशोर' मासिक करिव दस अङ्क जति निस्केर बन्द हुनपुग्यो । बालपत्रिकाको बौद्धिक विकासमा प्रतिबद्ध सम्पूर्ण मासिक भनी निस्केको किशोरले तदनुरूप ज्ञानविज्ञानका रोचक जानकारी, बालकविता कथा र लेखहरू चित्रकथा वातावरणीय ज्ञान लगायत थुप्रै रोचक सामग्री दिने गरेको थियो ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था रेड बार्ना नेपालको हातेमालो समूहद्वारा सन् १९९१ मा प्रकाशन थालनी भएको त्रैमासिक बालपत्रिका सुनकेस्रा आरम्भमा बालबालिकालाई स्वस्थ, सरसफाइ, वातारणलगायत विभिन्न विषयमा जनचेतना जगाउने बालगीत र कविता कथा, लेख, नाटक, चित्रकथा र अन्य विविध सामग्रीसहित आकर्षक रङ्ग र प्रस्तुतिमा प्रकाशित हुने गरेकोमा सन् २००३ देखि हातेमालो सञ्चारको प्रकाशत्वमा निस्कन थालेको छ। अशेष मल्ल प्रधान सम्पादक रहेको 'सुनकेस्रा' नियमित रूपमा निस्किरहेको नेपालकै महŒवपूर्ण साहित्यिक बालपत्रिका हो । वि.सं. २०६१ को असोज मसान्तसम्ममा यो पत्रिकाको १०२ अङ्क प्रकाशित भइसकेको छ र रोचक सामग्री, विविध रङ्ग र आकर्षक प्रस्तुतिका साथ निस्किरहेको 'सुनकेस्रा' हाल बन्द भएको छ। यसबीचमा खगेन्द्र सङ्ग्रौलाको सम्पादनमा 'प्रतिभा' (२०४६), गौरी प्रधानको सम्पादनमा 'बालसरोकार' (२०४७) र जगन्नाथ देवकोटाको सम्पादनमा 'बालसुधा' (२०४८) को पनि प्रकाशन प्रारम्भ भएको देखिन्छ। यी तीनमध्ये प्रतिभा अहिले मासिक प्रकाशनका रूपमा हरिगोविन्द लुइटेलको सम्पादन एवम् अन्तरक्रिया प्रकाशन प्रा. लि. को प्रकाशनमा पुनः प्रकाशन हुन थालेको छ भने सिविनद्वारा प्रकाशित बालसरोकारको सम्पादक

१३ ऐजन, पृ. २५७।

अहिले विमलकुमार थापा छन् । वि.सं. २०६१ को पहिलो त्रैमासिकमा यस पत्रिकाको ५० औं अङ्क प्रकाशित भएको छ ।

यस्तै नेपाल बालकल्याण परिषद्को प्रकाशकत्व एवम् सीता कोइरालाको प्रधान सम्पादकत्वमा 'बालसाथी' मासिक बालपत्रिका २०५२ सालदेखि प्रकाशित हुँदै आएको छ तर यो पत्रिका मासिक रूपमा भने प्रकाशित हुन सकेको देखिदैन । २०५५ सालको सुरुसम्ममा यसको केही अङ्क प्रकाशित भएको पाइन्छ, जसमध्ये वर्ष ४ अङ्क १०, ११ र १२ संयुक्त रूपमा निस्किएको छ । यस्तै 'नवप्रतिभा मासिक बालपत्रिका पनि २०५३ सालको असारदेखि राधा बूढाथोकी मगरको सम्पादन एवम् थानेश्वर बन्जाडेको प्रकाशनमा प्रकाशित हुँदै आएकोमा १७ अङ्क प्रकाशित भएर बन्द भएकोमा पुनः २०५९ सालदेखि निरन्तर प्रकाशन प्रा.लि.को प्रकाशनमा प्रकाशित हुँदै आएको छ । विशिष्ट साहित्यकारहरूका रचना समेटी निस्किरहेको यो पत्रिका अहिले निस्कने गरेका बालपत्रिकाहरूमध्ये महŒवपूर्ण छ तर यस पत्रिकालाई अझ आकर्षक बनाउनुपर्ने अत्यावश्यक पनि त्यत्तिकै टड्कारो रूपमा देखिन्छ । यसैगरी वि.सं. २०५३ मा माधव ढुङ्गेलको सम्पादनमा 'बाल अमृतधारा', बी.पी. भुजेलको सम्पादनमा 'फूलपरी', चण्डिका पौडेलको सम्पादनमा 'मुहान' तथा वि.सं. २०५४ मा सुवोध श्रेष्ठको सम्पादनमा 'ढिकीच्याउँ' निस्के पनि नियमित हुन सकेनन् ।

शिक्षा विभाग, तालिम तथा निरीक्षण शाखा भक्तपुरले ध्जयभि क्अजर्या ब्उचयबअज मा आधारित पत्रिकाको रूपमा आर्थिक वर्ष ०५४/५५ देखि शैक्षिक बालपत्रिका 'शैक्षिक सञ्चार' को प्रकाशन सुरु गरेको छ, तर सुरुमै नियमित हुन नसकेको यो पत्रिकाको तेस्रो वर्षको पहिलो अङ्क २०५८ को जेठमा प्रकाशित भए पनि त्यसपछि देखिएको छैन । यसको सम्पादन नीरा शाक्यले गरेकी छिन् ।

पत्रपत्रिका प्रकाशनका क्रममा यस समयपछि पनि थुप्रै पत्रिका प्रकाशन भएका छन् । जसमध्ये 'नानी' द्वैमासिक पत्रिका पनि एक मुख्य बाल पत्रिका बन्न पुगेको छ ।

### २.६.२.३ ॅनानी' बाल पत्रिकाको प्रकाशन

वि.सं. २०५५ साल असार-साउनदेखि "नानी" द्वैमासिक बाल पत्रिकाको प्रकाशन आरम्भ भएको हो । सुरुमा धनेन्द्रप्रसाद शर्मा प्रधान सम्पादक र ज्ञान उदास प्रकाशक रहेकोमा हाल यस पत्रिकको सम्पादनको जिम्मेवारी प्रकाशक स्वयमले लिएका छन् । २०५५ देखि २०५९ सालसम्म जम्मा बाइस अङ्क मात्र निस्केको यस पत्रिकाभित्र बालकथा, बालकविता, जीवनी, सामान्य

ज्ञान,नानी समाचार आदि समाविष्ट भएका छन् । चित्र, फोटो, रंगभरजस्ता बालमनोरञ्जनका समग्री समेत राखिनाले यसको अध्ययनतर्फ बालबालिका अझ आकृष्ट देखिन्छन् ।[१४] साना-साना भाइ बहिनीका लागि अत्यन्त प्रिय बनाउँने लक्ष्य राखी यस पत्रिकाको नामाकरण 'नानी' रहेको हो ।[१५]

यसरी माथिको नेपाली बालपत्रिकाको विकासक्रमलाई अध्ययन गरी चरणबद्ध रूपमा यसको रेखाङ्कन गर्न सकिन्छ । जसअनुसार नेपाली बालपत्रिकाको विकासक्रमलाई तीन चरणमा विभाजन गर्न सकिन्छ:

क) वि.सं. २००६ देखि २०२१ सम्मको अवधि- प्रारम्भिक चरण - 'शिक्षा', 'बालसखा' लगायतका बालपत्रिकाहरूको प्रकाशन प्रारम्भ भएदेखि 'बालक' पत्रिकाको प्रकाशन नभएसम्म फाटफुट रूपमा निस्कदै बन्द हुँदै गरेको अवस्था ।

ख) वि.सं. २०२२ देखि २०३५ सम्मको अवधि - दोस्रो चरण - नेपाल बालसङ्गठनद्वारा विविध सामग्री, चित्रसहतिको प्रस्तुति र नियमितका साथ 'बालक' को प्रकाशन सुरु भई 'बालपोष' ननिस्कदासम्मको अवस्था ।

ग) वि.सं. २०३६ देखि हालसम्मको अवधि - तेस्रो चरण - वि.सं. २०३६ कार्तिकदेखि रोचक र स्तरीय विविधतापूर्ण बालोपयोगी रचनाहरू र विभिन्न रङ्गहरूका साथ सचित्र आकर्षक साजसज्जा र स्तरीय छपाईका साथ 'बालपोष' प्रकाशन थालिएको अवस्था ।

यसरी समयअनुसार प्रकाशन भएका बालपत्रिकाहरूले बालसाहित्यका क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याउन सफल रहेका हुनाले यस्ता पत्रिकाहरूको बारेमा थोरै मात्रामा भए पनि चर्चा परिचर्चा गर्नु उचित ठानी र सोही अनुरूप चर्चा गरिएको छ ।

## २.७ निष्कर्ष

यस अध्यायमा नेपाली साहित्यको विकासमा साहित्यिक पत्रिकाहरूले पुऱ्याएको योगदानको बारेमा यथासम्भव प्रकाश पार्ने काम गरिएको छ । २००७ साल भन्दा अघि र २००७ साल पछि नेपाली साहित्यिक पत्रिकाहरूले के-कस्तो विकासका चरणहरू पार गर्दै आएका हुन त्यसका सम्बन्धमा पनि यहाँ गहन अध्ययन गरिएको छ । १९५८ मा प्रकाशित गोरखापत्रले नेपाली साहित्यको विकासमा उल्लेखनीय स्थान ओगटेको छ । गोरखापत्र देखिलिएर १९९१ सालमा प्रकाशित शारदा पत्रिका सम्ममा आइपुग्दा साहित्यिक पत्रिकाहरूले आफ्नो विशिष्ट छाप प्रस्तुत गर्न समर्थन भएको पाइन्छ । शारदाको प्रकाशन भएपछि नेपाली साहित्यले अझ

---

१४ ऐजन, पृ. २५९ ।

१५ 'नानी' द्वैमासिक बालपत्रिका (२०५५), प्रथम अङ्क, पृ. १ ।

उल्लेखनीय रूपमा विकास गर्न थालेको हो ? शारदा पछि नेपाली साहित्यि संसारमा थुप्रै साहित्यिक पत्रिकाहरू द्येखापरेका छन् । साहित्यिक बालसाहित्यिक पत्रिकाहरूको पनि विकास हुनथालेको पाइन्छ । गोरखा भारत जीवनलाई कसैले पहिले बालसाहित्यिक पत्रिका मान्ने गरेको देखिन्छ । "गोरखा भारत जीवन" पछि "सुधा सागर"ले नेपाली बाल साहित्यको विकासमा उल्लेखनीय योगदान दिएको पाइन्छ । यस क्रममा पारमणि प्रधानको नाम बिर्सन सकिदैन, धनमानसिंह परियारले नेपाली बालसाहित्यिक पत्रिकाको विकासमा महत्वपूर्ण योगदान दिएको पाइन्छ । नेपालीमा बाल साहित्यिक पत्रिका, पूर्ण बाल पत्रिका र आंशिक बाल पत्रिकाको रूपमा विकसित हुदै अगाडि बढेको देखिन्छ । नेपाली बाल साहित्यको विकासमा गोरखापत्र संस्थानबाट प्रकाशित हुने 'मुना' बाल पत्रिकाले विशिष्ट स्थान ओगट्दै आइरहेको छ । यसै क्रममा कवि एवं साहित्यकार ज्ञान उदासको संपादनमा वि.सं. २०५५ साल असार, साउनको महिना पारेर 'नानी' द्वैमासिक बाल पत्रिकाको प्रकाशन आरम्भ भएको हो । यो पत्रिकाले २०५५ साल देखि २०५९ सालसम्म जम्मा २२ अङ्क प्रकाशित गरेको छ । यिनै कुराहरूलाई यस अध्यायमा विस्तृत किसिमले चर्चा परिचर्चा गर्ने काम गरिएको छ ।

# अध्याय तीन

# बालकथाको चिनारी

## ३.१ बालकथाको परिचय

यस अध्यायमा बालकथाहरूको परिचय दिने कार्य भएको छ ।

'बालसाहित्यको एक प्रमुख विधाका रूपमा रहेको 'बालकथा' को विकासको सन्दर्भलाई विचार गर्दा गाउँघरमा हजुरआमाहरूको नातिनातिना र केटाकेटीहरूलाई जम्मा गरेर कथा सुनाउने हाम्रो प्रचलन रहेको तथ्यलाई स्मरण गर्नु आवश्यक छ। बालबालिकाहरू त्यस्ता कथाबाट कहिले उत्प्रेरित र कहिले भयभीत हुने गरेका एवम्  त्यसबाट पर्याप्त मनोरञ्जनसमेत प्राप्त गर्ने गरेको कुरा अझै पनि गाउँघरमा देख्न सकिन्छ। "अशिक्षित आमा, बज्यैका काखमा बसेका केटाकेटीले काल्पनिक कथाका नायक-नायिकाको बहादुरी, साहास, चमत्कार आदि उत्सुकतापूर्वक कान ठाडो पारेर सुनेको हामीले देखेका छौं । यस्तै विषयबाट बालकथाको विकास हुन थालको हो । फुर्सदको समयमा सुनाइएका यस्ता कथाले बालबच्चा शान्त भएको र बदमासी गर्न थाल्दा कथा सुनाउँछु भनेपछि ज्ञानी भएको अनि कथा सुन्दा सुन्दै निदाएको प्रसङ्गबाट उनीहरूका लागि बालकथा कति रुचिकर हुँदारहेछन् भन्न कुरा अनुमान गर्न सकिन्छ ।"

बालकथाका बारेमा विभिन्न लेखकहरूले व्यक्त गरेका विचारहरूलाई सरसर्ती हेर्दा बालकथाको स्वरूपबारे थाहा पाउन सकिन्छ। जगत् क्षेत्रीका अनुसार -"बालकथा मधुर र सरल शब्दहरूमा तथा सहज र छोटा वाक्यहरूमा भनिन्छन् वा लेखिन्छन् विशेष गरी पाठककेन्द्रित हुन्छन्, लेखक केन्द्रित होइन। यस्ता कथाहरू रचना गर्दा पाठकको मानसिक स्तर उमेर, भाषा विषयमा विचार गरिन्छ। त्यति मात्र होइन पृष्ठभूमिको कथावस्तु र पात्रपात्रा तथा स्पष्ट सन्देश कुशल बालकथामा रहनुपर्ने विशेषता हुन् ।"[१]

! k|df]b k|wfg, g]kfnL afn;flxTosf] Oltxf;, @)^!, k[= *^ .

यस्तै भारतकी प्रसिद्ध बालसाहित्य लेखिका मनोरमा जफा भन्छिन् -"कथा भनेको रङ्गीविरङ्गी मोतीहरूको यस्तो माला हो, जुन एउटा सुखद प्रभाव दिनका लागि उनिएको हुन्छ ।"

माथिको परिभाषालाई केलाउँदा जगत् क्षेत्रीले बालकथा बालकमै केन्द्रित भइ उनीहरूको उमेर, रुचि र बालककै स्तरको भाषा प्रयोगलाई ध्यान दिई बालकथा रचिनुपर्नेमा जोड दिए भने मनोरम जाफाले बालबालिकालाई आनन्दानुभूति र सुखद् प्रभाव दिन सक्ने गरी रचना गरिएको कृति बालकथा हो भनी आफ्नो परिभाषा प्रस्तुत गरे ।

निष्कर्षमा भन्नुपर्दा बाल कथा बालबोधगम्य भाषा, शैली र बालकको उमेर ख्याल गरी रचना गरिएको आकर्षक चित्र तथा फोटो सजिएको कृति हो । सरसर्ती पढ्दा बालबालिकाहरूले सजिलो आनन्दानुभूति र रमाइलोपनको महसुस गर्नुको साथै नैतिक सन्देश र व्यावहारिक शिक्षा प्राप्त गर्ने र आफूलाई सही मार्गमा डोऱ्याउन प्रेरणा प्राप्तिमा सहयोग पुऱ्याउने रचनाको नाम नै बालसाहित्य हो ।"

## ३.२ नेपाली बालकथाको विकासक्रम

नेपाली साहित्यको विकास अन्य क्षेत्रको विकासभन्दा धेरैपछि मात्र सुरु भएको पाइन्छ । त्यसमा पनि बालसाहित्यको विकासक्रम हेर्ने हो भने यसको इतिहासको थालनी पत्र पत्रिकाको प्रकाशन पछि मात्र भएको पाइन्छ । बाल साहित्यमा कथा विधा ज्यादै महŒवपूर्ण विधा भए तापनि यस विधाले बालसाहित्यमा स्थान पाउन सकेको इतिहास भने थोरै समय अगाडि देखिको हो ।

### ३.२.१ २००७ साल पूर्वको अवस्था (पृष्ठभूमिकाल)

नेपाली बालकथाको विकासक्रमलाई हेर्दा गङ्गाधर शास्त्रीको 'गोर्खा पहिलो किताब' (१९४९) मा केटाकेटीका लागि लेखिएका केही नीतिकथाहरू र उनकै सर्वसङ्ग्रह (१९५३) को पृष्ठ ६६ देखि ७२ सम्म चुट्किला स्वरूपका 'विश्वास', 'नरकजा' 'सुँगुर' 'बाठो उल्लु' जस्ता स-साना कथाहरू रहेको अनुसन्धाता शरदचन्द्र शर्मा भट्टराईले चर्चा गरेका छन् । भट्टराईका अनुसार जयपृथ्वीबहादुर सिंह (१९९७) को बालबोध शिक्षा -१ (१९५८) मा पनि बालोपयोगी अठारवटा नीति उपदेशपरक कथा रहेका छन् । लक्ष्मीप्रसाद सापकोटाको बालशिक्षा (सन् १९२०, १९७७) मा पनि केही बालपयोगी कथा रहेका छन् । नेपाली बालकथाको विकासक्रमलाई अध्ययन गर्दा पाठ्यबालसाहित्य तयारी हुनथालेपछिका गतिविधि पनि नियाल्न आवश्यक देखिन्छ । वि.सं. १९७०

मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापनापछि वि.सं. २००७ अघिसम्मको अवधिमा राममणि आ.दी. (१९३४, २०२८), चक्रपाणि चालिसे (१९४०-२०१५), पारसमणि प्रधान (१९५५-२०४२) र रुद्रराज पाण्डे (१९५७-२०४३) आदिका पुस्तकहरू प्रकाशित भएको पाइन्छ। त्यस्ता कृतिमा चक्रपाणि चालिसेका सङ्क्षिप्त रामायण (१९७२) र सङ्क्षिप्त महाभारत (१९७४) तथा रुद्रराज पाण्डेका नीतिकथा समुच्चय (१९९०) र इसपनीतिकथा (१९९७) महŒवपूर्ण छन्।[2] तर त्यसताका एकातिर पत्रपत्रिकाको कमी र अर्कातिर बालबालिकाका निम्ति उपयोगी सामग्री दिने चेतनाको अभावका कारण पत्रपत्रिकामा भने बालोपयोगी रचनाहरू दिने प्रचलन अत्यन्त कम देखिन्छ। 'गोरखापत्र', 'उद्योग' र 'सुन्दरी' लगायतका पत्रपत्रिकाले कहिलेकाही बालपयोगी रचना छापे पनि यसको विकासमा ठोस प्रयासचाहिँ भएको देखिंदैन।

उता दार्जिलिङ्गमा भने पादरी गङ्गाप्रसाद प्रधानले मिस गोलेनसँग मिलेर अङ्ग्रेजी बालपयोगी कथाहरूलाई नेपाली भाषामा अनुवाद गरेर प्रकाशित गर्ने कार्यमा महŒवपूर्ण योगदान दिएको देखिन्छ। वि.सं. १९६४ देखि १९७९ का बीचमा छापिएका यस्ता कथाका पुस्तकहरूमा 'मीठो गीत गाउँने चराको विषयमा' (१९६७), 'हाँसको नराम्रो चल्लाको कथाहा' (१९७१) 'एक बतौरे साथी (१९७३), 'मान्छे माछाका कथाहा' (१९७७) र 'सुनौली कथाको पुस्तक' (१९७९) छन्। यी सबै कथा विश्वप्रसिद्ध बालकथालेखक हान्स एण्डरसनले लेखेका हुन्।

यसरी नेपाल र भारत दुवै ठाउँबाट बालोपयोगी कथाहरू लेख्ने प्रायस भए पनि सचेत रूपमा भने बालकथा लेख्ने प्रचलनको थालनी भने २००७ सालपछि मात्र भएको देखिन्छ। नेपाली बालकथाका क्षेत्रमा २००७ सालपछि भएका उल्लेखनीय योगदानको चर्चा तल गरिएको छ।

### ३.२.२ २००७ सालपछिको अवस्था (विकसित काल)

२००७ सालपछिको अवधिमा नेपाली बालकथाले परिवर्तनको रेखा कोर्न सफल भएको देखिन्छ। राजनीतिमा आएको फराकिलोपनले साहित्य क्षेत्रलाई फल्न, फुल्न भरपुर सहयोग पुग्यो। यसै समय अर्थात् वि.सं. २०१३ मा देवकुमारी थापाको 'रामकथा' दार्जिलिङ्गबाटै प्रकाशित भएको थियो भने नेपाल आगमनपछि 'वरपरबाट' (२०३३), 'कथाको बटुलो' (२०३६), 'जङ्गलको कथा' (२०३७) र 'सुनपखेटी चरी' (२०४२) गरी चार बालकथा सङ्ग्रह प्रकाशित भए।[3]

---

२ प्रमोद प्रधान, पूर्ववत्, पृ. १३।
३ ऐजन, पृ.१२।

बास्तवमा पशुपंक्षी र केटाकेटीहरूलाई पत्रपत्रिका रूपमा उभ्याएर आफूले भन्न चाहेको कुरा अत्यन्त सङ्क्षेपमा घटनाका माध्यमबाट प्रस्तुत गर्नु देवकुमारी थापाको विशेषता हो। सङ्ग्रहका अतिरिक्त पत्रिकाहरूमा पनि उनका थुप्रै बालकथा प्रकाशित छन्। नेपाली बालसाहित्यका क्षेत्रमा अत्यन्त कम लेखक-लेखिका मात्र संलग्न भएको स्थितिमा आजभन्दा करिब पचास वर्ष अघिदेखि सचेत रूपमा सक्रिय देवकुमारी थापा यस क्षेत्रकी विशिष्ट लेखिका हुन्।

बालकथाका क्षेत्रमा रमेश विकलका 'अगेनाका डिलमा' (२०२३), 'पञ्चतन्त्रका कथाहरू' (२०२३), 'एक्काइस रमाइला कथा' (२०२४), 'कथाकुसुम', (२०२६), 'तेह्र रमाइला कथा' (पुनर्मुद्रण, २०४८), 'केही मूर्खहरूको कथा' (२०४५), 'हिउँदे छुट्टी' (२०४९) र 'सङ्गत गुनको बुद्धि' (२०५७) गरी आठ बालकथासङ्ग्रहहरूका साथै 'म र मेरो घर' (२०४३), 'म र मेरो छिमेक' (पुनर्मुद्रण, २०४३) र 'गौथलीको घर' (२०५२) एक-एक कथा भएका अन्य तीन कृति पनि प्रकाशित भएका छन्।[४] बालसाहित्यका प्रायः सबै विधामा कलम चलाउने विकलले आफ्ना बालकथासङ्ग्रहमार्फत् बालबालिकाहरूलाई नैतिकता र सच्चरित्रताको पाठ पढाएका छन्। उनका केही कथा लोककथा र पौराणिक विषयवस्तुमा आधारित भए पनि मौलिक कथाका सिर्जनामा पनि उनी सिद्धहस्त छन्।

नेपाली बालसाहित्यको प्रवर्द्धनकार्यमा अनवरत क्रियाशील शान्तदास (१९९१) बालसाहित्य लेखक पनि हुन्। उनको बालकथा विधामा 'कथाकोसेली (भाग -१, २०४९), 'कथाकोसेली' (भाग -२, २०४९), 'कथाकोसेली' (भाग -३, २०५३), 'कथाकोसेली' (भाग -४, २०५६) र 'कथाकोसेली' (भाग -५, २०५७) गरी पाँच बालकथासङ्ग्रह प्रकाशित छन्। अघिल्ला दुई सङ्ग्रहमा उनका मौलिक बालकथा छन् भने तेस्रोमा विश्वप्रसिद्ध बालकाथालेखक हान्स् एनडरसनका कथाहरूलाई अनुवाद गरी प्रस्तुत गरिएको छ। त्यस्तै चौथो र पाँचौं सङ्ग्रहमा विभिन्न देशका लोककथालाई मीठो भाषा र शैलीमा उनले बालपाठकसमक्ष राखेका छन्।[५]

कृष्णप्रसाद पराजुली (१९९२) नेपाली बालसाहित्यकै क्षेत्रमा चर्चित र प्रतिष्ठित नाम हो। उनले 'सुनौला ती कुरा' (२०२७), 'चार चडेरी' (२०२८), 'लुकामारी' (२०३०), 'सुनकेस्रा' (२०३५), 'हिमाली डाँफे' (२०४४), 'मेरो मुरली' (२०४८) र 'फूलजस्तो मन' (२०५९) गरी सातवटा बालकथासङ्ग्रहका माध्यमबाट नेपाली बालबालिकाहरूलाई विवेकी, मिहिनेती, आज्ञाकारी, आँटिलो, स्वार्थहीन र सहयोगी हुन उत्प्रेरित गर्नुका साथै प्रशस्त मनोरञ्जन र शिक्षा पनि दिएका

---

४ ऐजन, पृ.१२।

५ प्रमोद प्रधान नेपाली बालसाहित्यको इतिहास (२०६१) पृ. ८८।

छन् । बालसाहित्यको विकासमा पैंतालीस वर्षअघिदेखि समर्पित पराजुलीका बालकथाहरू सरल, सरस, रोचक, शिक्षाप्रद र बालभावनामा आधारित रहेका हुनाले निकै लोकप्रिय छन् ।[६]

नेपाली समालोचनाका क्षेत्रमा परिचित व्यक्तित्व गणेश भण्डारी (१९९२-२०५५) 'पट्याँसपट्याँस' बालकथासङ्ग्रह (२०५३) लिएर बालसाहित्य क्षेत्रमा देखा परेका छन् । लोककथालाई आधार बनाई प्रस्तुत गरिएका यस सङ्ग्रहका कथाहरू 'पट्याँस-ट्याँस', 'तीन बचने आमाकी ६ बचने छोरी', 'रिट्ठे झ्याँक्री', 'पीरको पोको र गफ' सरल झर्रो भाषा र रोचक प्रस्तुतिका कारणले अत्यन्त मीठो हुन पुगेका छन् भने उनका कथाहरू शिक्षाप्रदकासाथै पूर्ण मनोरञ्जन दिने खालका छन् ।[७]

'स्याहुते दाइ' को उपनामबाट नेपाली बालसाहित्यको कथाविधामा देखा परेका विश्वराज पाण्डे (१९९३) को पहिलो बालकथा सङ्ग्रह 'कथाको कोसेली' (२०३४) सालमा प्रकाशित भएको थियो भने दोस्रो बालकथा सङ्ग्रह त्यसको ठीक बीस वर्षपछि 'कथाको अर्को कोसेली' शीर्षकमा २०५४ सालमा प्रकाशित भएको छ । उनको पहिलो बालकथासङ्ग्रहमा रहेका 'बाठो बकुल्ला र मूर्ख काग', न्यायाधीसको न्याय', 'कोर्डिलियाको कथा', 'एउटा साँढेको कथा', 'पोर्सियाको कथा', 'वादशाहको मूल्य', गोनु झाको अक्किल', 'अनौठो 'मित्यारी', 'हात्तीखुट्टे शिव', र 'श्रवणकुमार' शीर्षकका एघारवटा कथाहरूमध्ये केही विदेशी पृष्ठभूमिका छन् भने केही नेपाली लोकजीवनमा प्रचलित कथाहरूलाई पुनर्कथन गरिएका हुन् । दोस्रो बालकथासङ्ग्रह 'कथाको अर्को कोसेली' मा पनि एघारवटै बालकथा छन् । यी कथाहरूमध्ये 'घोर साँढेबाट छुटकारा' मा पशुलाई धपाउन गरिएको अन्यायपूर्ण उपायले बालबालिकामा नकारात्मक भावना जागृत गराउने हुनाले यो बालकथा बालभावना अनुकूल हुन सकेको छैन भने 'भनेको नमान्दा' चाहिं कथा नभई संस्मरण जस्तो हुन पुगेको छ । 'स्याहुते दाइद्वारा लिखित केही बालकथा बालभावना अनुकूल हुन नसके पनि अन्य कथाहरूले भने बालबालिकाहरूलाई पर्याप्त मात्रामा शिक्षा, ज्ञान र मनोरञ्जन प्रदान गरेका छन् । तर उनको कथाको शैली भने त्यति प्रभावकारी हुन सकेको छैन ।[८]

नेपाली बालकथा विधाका अर्का अग्रणी व्यक्तित्व जनकप्रसाद हुमागाईं (१९९४) ले हालसम्म दशवटा बालकथासङ्ग्रह मार्फत् नेपाली बालबालिकालाई नैतिकवान्, चरित्रवान्, कर्तव्यनिष्ठ, अनुशासितका साथै अन्धविश्वासबाट मुक्त बनाउने प्रयास गरेका छन् । 'गोकुलकी आमा कसरी निको भइन् ? (२०३६) एउटै मात्र कथा भएको बालकथाकृतिबाट बालसाहित्य यात्रा

---

६ ऐजन, पृ. ८९ ।
७ ऐजन, पृ. ८९ ।
८ प्रमोद प्रधानः नेपाली बालसाहित्यको इतिहास (२०६१) पृ. ८९ ।

आरम्भ गर्ने हुमागाईंका त्यसपछि क्रमशः गुनिला पाँच बालकथा (२०४१), बा-आमाको माया (२०४३), दिदीभाइको माया (२०४७), चम्पा र मायालु काका (२०५०), मालतीको यात्रा वर्णन (२०५१), भाइवहिनीका कथा (२०५३), लहरे पीपलको कथा (२०५९), 'गल्ती पत्ता लगाउने नाति' (२०५९) र 'असल मित्र' (२०६०), प्रकाशित भएका छन् । उनी स-साना घटनाका आधारमा बालरुचि अनुकूलका पात्रपात्राहरूका माध्यमबाट मौलिक बालकथाको रचनामा रुचि राख्छन् । विषयगत विविधता, भाषिक सरलता र रोचक प्रस्तुति उनका बालकथाका महŒवपूर्ण गुण हुन् । साथै बालआचरणको निर्माणका लागि उपर्युक्त परिवेशका कथा बुन्दै उपदेशका सन्देश दिने प्रविधि हुमागाईंका बालकथाको प्रमुख विशेषता रहँदै आएको छ ।[९]

'एक्लो बालक' (२०४३) बालकथासङ्ग्रहका साथ नेपाली बालकथाविधामा देखा परेका कुमार ज्ञवाली (१९९६) का बालकथाहरू घटना चरित्र र संवादजस्ता कथाका लागि आवश्यक गुणहरूको कमी देखिन्छ । तथापि विषयगत विविधता सङ्क्षिप्Œा, सरलता र सरसताका कारण यस संग्रहका बालकथाहरू बालबालिकाहरूका लागि रुचिकर हुन पुगेका छन् । कतिपय कथाले वर्तमान विकृतिहरूप्रति तीक्ष्ण व्यङग्य पनि गरेका छन् ।[१०]

पौराणिक बालकथा (२०४४) लिएर नेपाली बालसाहित्यमा देखा परेका गोपीकृष्ण शर्मा (१९९७) को अर्को बालकृति देखा नपरे पनि प्रस्तुत सङ्ग्रहबाट उनको बालकथा विधाप्रतिको मोह झल्किन्छ । यस सङ्ग्रहमा रहेका पाँच कथामध्ये "सुनको मृग', "रामायण', 'कृष्णको जन्म' र बाललीला महाभारतमा आधारित छन् । सरल भाषा, बालपात्रपात्रा र मीठो प्रस्तुतिका साथै अनावश्यक कुराहरूलाई काँटछाँट गरी बालरुचि अनुकूल प्रस्तुत गरिनाका कारणले यो सङ्ग्रह बालपाठकहरूका लागि अत्यन्त उपयोगी हुन पुगेको छ ।[११]

बालकथा लेखनमा लामो समयदेखि सक्रिय र संलग्न देवीप्रसाद वनवासी (१९९७) पनि यस क्षेत्रको एक उल्लेखनीय नाम हो । कथा 'कथ्यौरी' (२०२७), केही रमाइला कथा (२०३८), 'फूलपाती' (२०४०), 'चुभुर-चुभुर' (२०४२), 'छुनमुन' (२०५१), 'सिरीखुरी' (२०५४), 'बालसङ्गाती' (२०५८) र 'पन्ध्र कथा पञ्चतन्त्रका' (२०६१) आठ बाल कथा सङ्ग्रहका लेखक वनवासी नेपाली समाजमा प्रचलित लोककथाहरूलाई नै बालोपयोगी ढङ्गले परिष्कार र परिमार्जन गरेर प्रस्तुत गर्ने गर्छन् । कथाका माध्यमबाट यिनी बालबालिकाहरूलाई शिक्षा, ज्ञान, मनोरञ्जन

---

९ प्रमोद प्रधानः नेपाली बालसाहित्यको इतिहास (२०६१) पृ. ९० ।
१० प्रमोद प्रधानः नेपाली बालसाहित्यको इतिहास (२०६१) पृ. ९० ।
११ ऐजन, पृ. ९० ।

र सन्देश दिन खोज्छन्, तर केही कथाको विषय, भाषा र शब्द प्रयोग भने बालबालिकाहरूका लागि उपयुक्त देखिँदैन ।[१२]

नेपाली बालकथा विधाका एक प्रमुख व्यक्तित्व विश्वम्भर चञ्चल (१९९८) का पञ्चैबाजा(२०३०) वायुपङ्खी घोडा (२०४६), र 'जादुको बाकस' (२०५९) तीन बालकथा सङ्ग्रहमा लोककथामा आधारित जम्मा सत्र कथा छन् । उनका बालकथाहरूमध्ये केही शिक्षामूलक र केही मनोरञ्जनात्मक छन् । सरल भाषा रोचक शैली र मिठासपूर्ण प्रस्तुति उनको पहिलो र तेस्रो बालकथा सङ्ग्रहका विशेषता हुन् तर उनकै दोस्रो बालकथा सङ्ग्रहको कथानक भने तुलनात्मक रूपमा जटिल रहेको छ ।[१३]

आफ्नो लेखकजीवनको पूवार्द्धमा नै बालसाहित्यको कथाविधामा ६ वटा सङ्ग्रह दिने परशु प्रधान (२०००) का 'नानीका कथा' (२०२८), 'सुनको छाता' (२०२९), 'रीताको स्कुल' (२०२९), 'रङ्गीचङ्गी फूलवारी' (२०२९),'घाम छाया' (२०३०) र 'सुन्नेलाई  सुनको माला' (२०३०) का साथै कल्पना प्रधानसँग संयुक्त रूपमा 'कथामाला' (२०५९) प्रकाशित छन् । 'कथामाला' बाहेकका ५ वटा सङ्ग्रहमा छत्तीसवटा बालकथा छन् । नेपाली लोकजीवन र विश्वका विभिन्न देशमा प्रचलित लोककथाहरूलाई बालोपयोगी ढङ्गले सरल, सरस र रोचक भाषाशैलीमा विशिष्टतापूर्वक प्रस्तुत गर्नु यिनको विशेषता हो ।[१४]

प्रेमा शाह (२००२) नेपाली बालकथा क्षेत्रकी अर्की विशिष्ट प्रतिभा हुन् जसले ६ वटा बालकथासङ्ग्रह नेपाली बालकथासाहित्यलाई प्रदान गरिसकेकी छिन् ।  वि.सं. २०४० देखि बालकथा लेखनमा निरन्तर संलग्न उनका प्रकाशित बालकथा सङ्ग्रह निम्न छन्ः-

'जिन्की र जोकर' (२०४०), 'मन्तुकी बज्यैको कथाको पेटारी' (२०४०), 'इन्द्र धनुष' (२०४२), 'रङ्गीचङ्गी कथाहरू' (२०४५), 'राम्रो काम' (२०५१), र 'रे' का केही कथा (२०५१) प्रारम्भमा उनले लोककथामा आधारित बालकथाहरू लेखेपछि मौलिक बालकथाको सिर्जनामा सक्रिय भएको पाइन्छ ।[१५]

श्री कृष्णको जीवनमा अधारित श्रीकृष्णलीला (२०५४) श्रीमती हिरण्यकुमारी पाठक (२००२) द्वारा रचित कथा सङ्ग्रह हो । जसमा 'भयङ्कर आकाशवाजी' 'श्रीकृष्णको जन्म' 'श्री कृष्ण गोकुलमा', पराक्रमी श्रीकृष्ण', 'रङ्गीचङ्गी बाल्यकाल', 'बकासुरको मृत्यु', 'अजिङ्गरको मृत्यु',

---

१२ ऐजन, पृ. ९१ ।
१३ ऐजन, पृ. ९० ।
१४ ऐजन, पृ. ९१ ।
१५ ऐजन, पृ. ९१ ।

'रासलीला', 'केशी राक्षसको अन्त्य', 'कंसको मूल्य', 'रुक्मिणीसित बिहे', 'कल्पवृक्ष', राजसूय यज्ञ', 'द्रौपदीको स्तुति', 'सुदामासित भेट', 'श्रीकृष्ण युद्ध' र 'अन्तिम यात्रा' गरी सत्रवटा शीर्षकअन्तर्गत श्रीकृष्णको जन्मदेखि गोलोक प्रस्थानसम्मका घटना क्रमहरूलाई समेटिएको छ। पाठकले श्रीकृष्णका जीवनका घटनाहरूलाई संक्षेपमा जसरी प्रस्तुत गरेकी छन् त्यसबाट बाल पाठकहरूको मानसिक वौद्धिक विकासमा सघाउ पुग्ने निर्विवाद छ। सरल भाषा, मीठो कथानक रोचक प्रस्तुति र आवश्यकता अनुसारको संवाद प्रयोग यस सङ्ग्रहको विशेषता हो।[१६]

नेपाली बाल साहित्यका क्षेत्रमा सर्वाधिक बालकथा संग्रह प्रकाशित गर्ने कथाकार कल्पना प्रधान (२००३) का हालसम्म १९ वटा बालकथा संग्रह प्रकाशित छन्। "रूपैयाँ फल्ने रूख" (२०३८) देखि 'कथामाला' (संयुक्त २०५९) सम्मको लेखनलाई हेर्दा कथामाला बाहेकका अठारवटा बालकथा संग्रहमा कुल ६८ वटा बालकथा छापिए पनि नौ वटा बालकथा विभिन्न संग्रहमा दोहोरिएकाले उनले लेखेका बालकथाको संख्या ५९ मात्र छ। यिनमा धेरैजसो बालकथा पौराणिक विषय र लोककथामा आधारित छन्। विविध विषय र घटनालाई  बालबालिकाहरूले बुझ्ने भाषामा रोचक र प्रभावकारी तरिकाले प्रस्तुत गर्ने बालकथा लेखिका कल्पना प्रधान नेपाली बालसाहित्य सिर्जनामा निरन्तर संलग्न महŒवपूर्ण प्रतिभा हुन्।[१७]

'बालबालिकालाई असल विचार लिन र तिनमा असल आनिवानी बसाल्न प्रेरित गर्ने बालसाहित्यको रचना गर्ने लेखक नै बाल बगैंचाको असल माली हो' भन्ने विचार राख्ने खगेन्द्र सङ्ग्रौला (२००३) का पुतलीका कथा (भाग -१) र पुतलीका कथा (भाग -२), 'उकालीको कथा' र 'भित्ताको नमस्ते'  गरी चार बालकथा संग्रह प्रकाशित छन्। यी कथा संग्रहभित्र समेटिएका कथाहरू सरल, रोचक र प्रभावकारी छन्। भावना र कल्पनाका कुराभन्दा हाम्रा घर, विद्यालय, छरछिमेक र गाउँमा देखिने व्यावहारिक कुरा एवम् घटनाहरूलाई प्रस्तुत गरिएका सबै बालकथा बालरुचि अनुकुल हुन पुगेका छन्। विशेषतः बालपात्रपात्राहरू, संवादको प्रयोग सरल एवम् सरस भाषा र रोचक प्रस्तुति खगेन्द्र सङ्ग्रौलाका बालकथाका विशेषता हुन्। उनले विश्वप्रसिद्ध लेखक अस्कर वाइल्डको द हैप्पी प्रिन्स एण्ड अदर स्टोरिजको सुखी राजकुमार र अरू कथाहरू शीर्षकमा गर्नुभएको अनुवाद २०५६ सालमा प्रकाशित भएको छ, जसमा पाँच बालकथा छन्।[१८]

---

१६ ऐजन, पृ. ९२ .
१७ ऐजन, पृ. ९२।
१८ ऐजन, पृ. ९२।

जुनेली साँझ (२०३८), 'बूढाको अर्ती' (२०३८) र 'बहिनीको कोसेली' (२०५७) तीन बालकथा सङ्ग्रहका स्रष्टा तेजप्रकाश श्रेष्ठ (२०२३), ले आफ्ना बालकथाहरूमार्फत केटाकेटीहरूलाई नैतिकता, इमानदारी र सच्चरित्रताको शिक्षा दिन खोजेका छन् ।[१९]

नेपाली हाँस्यव्यङ्ग्य क्षेत्रका प्रतिष्ठित व्यक्तित्व रामकुमार पाँडे (२००३) का बालकथाका २ पुस्तक प्रकाशित छन् 'सुनको माला' (२०४४) र 'तिलौरे र फुलौरे' (२०५२) । 'सुनको माला' अहिले बजारमा  उपलब्ध छैन । 'तिलौरे र फुलौरे' एक मात्र कथा भएको पुस्तक हो । यस कथाका माध्यमबाट कथाकार पाँडेले बालबालिकालाई नेपालको भौगोलिक स्थिति, हावापानी, प्राकृतिक छटा, रहनसहन जीवजन्तु आदिका बारेमा जानकारी दिने राम्रो प्रयास गरेका छन् । वर्णनात्मक शैलीमा भए पनि सरल भाषा र रोचक प्रस्तुतिका कारण 'तिलौरे र फुलौरे' उल्लेखनीय बालकृति हुन पुगेको छ ।[२०]

रञ्जुश्री पराजुली (२००५) नेपाली  बालकथाका क्षेत्रमा सक्रिय र समर्पित एक अग्रणी व्यक्ति हुन् । दश थुङ्गा फूल (२०३९), सबै आमाको सन्तान (२०४८), 'म बिरामी छैन' (२०५३) र अन्धविश्वास (२०५४) गरी चार बालकथासंग्रहका बत्तीस कथाहरूका माध्यमबाट उनले नेपाली बाल-बालिकाहरूलाई कुनै न कुनै रूपमा केही सन्देश दिने प्रयास गरेकी छिन् । कथा लेखिका रञ्जुश्री पराजुली उपजीव्य स्रोतका आधारमा भन्दा मौलिक बालकथासिर्जनामा बढी रुचि राख्ने तथ्य उनका बालकथाहरूबाट प्रस्टिन्छ । उनका सबै बालकथासंग्रहमा परेका कथाहरूका आधारमा उनलाई हामी मौलिक बालकथाकी एक प्रमुख स्रष्टाका रूपमा लिन सक्छौं । उनका बालकथाहरूले बालबालिकाहरूलाई असल, परिश्रमी, आत्मविश्वासी, गुणी स्वावलम्बी कर्मठ र इमानदार हुन प्रेरित गरेका छन् भने यी बालकथाहरू सरल भाषा, सहज प्रस्तुति रोचक शैली, बालपात्रपात्रा र सङ्क्षिप्Œा जस्ता गुणहरूले गर्दा अत्यन्त बालोपयोगी हुन पुगेका छन् ।[२१]

नेपाली बालकथाका क्षेत्रमा गोरखबहादुर सिंह (२००८) को पनि महŒवपूर्ण योगदान छ । ग्रामीण विकासको निम्ति शिक्षा परियोजना सिलगढी डोटीद्वारा प्रकाशित उनको तीनवटा बालपुस्तकमा कुल नौ बालकथा छन् भने लेख-निवन्ध चार र बालकविता तीन छन् । तीमध्ये खप्तड (२०३९) मा 'असल र खराव मानिस' र 'सिमल चरी' बिर्सन नसकिने मान्छे (२०४०) मा 'जुङ्गगे र लामपुच्छेको कथा', 'चुरोटका तीनवटा फाइदा', 'बिर्सन नसकिने मान्छे' र 'सरुवा भएको विद्यालय' तथा जातपातका कथा (२०४१) मा 'छलफल','जातपातका कथा', र 'बसन्तीको हिम्मत'

---

१९ ऐजन, पृ. ९३ ।
२० ऐजन, पृ. ९३ ।
२१ ऐजन, पृ. ९३ ।

शीर्षकका बालकथा रहेका छन् । यी तीनवटै पुस्तक हाल उपलब्ध छैनन् । बीचमा लामो समय बालसाहित्यको क्षेत्रबाट हराएका सिंहको अहिले आएर अल्छीको औषधि (२०५७), 'चतुरेको चर्तिकला' (२०५८) र 'सुनको सियो' (२०६०) गरी तीन बालकथासंग्रह प्रकाशित छन् । नेपाली लोक जीवनमा प्रचलित कथाहरूलाई बालसाहित्यलेखक गोरखबहादुर सिंहले बालबालिकाहरूको रुचि अनुकूल सरल र सरस भाषा, छोटा वाक्य, रोचक संवाद र मीठो शैलीका माध्यमबाट पुनर्कथन गरेका छन् । यो प्रयासमा उनी सफल देखिन्छन् ।

पोष चापागाइँ (२००८) पनि नेपाली बालकथा  विधामा "आमा पुतली" (२०५८) र "मान्छे र बाँदर" (२०५९) दुई संग्रहका साथ देखा परेका छन् । पहिलो सङ्ग्रहमा "काफल पाक्यो चरा", "चल्लाहरू फर्किएनन्", "आमा पुतली", "स्यावास", "मुटुको मोल", "चकचकेले ज्यान लियो", र "बाँदरहरू गलल हाँसे" गरी सात तथा दोस्रो सङ्ग्रहमा "भुसुनी र हर्कबहादुर", "बाँदरको घर हुँदैन", "आँपको बगैंचा", "मान्छे र बाँदर", "बाबुको मुख हेर्ने दिन", र "रिसले ज्यान लिन्छ" गरी ६ बालकथा छन् । उनका बालकथाहरू सन्देशमुलक छन् र तिनले बालबालिकालाई मनोरञ्जन पनि प्रदान गर्छन् । अत्यन्त छोटा वाक्य सरल शब्द र संरचनाका कारण बालबालिकाले सजिलै बुझ्ने यी कथाहरूमध्ये "चल्लाहरू फर्किएनन्" ले आमाबाबुको छोराछोरीप्रतिको असीम माया र छोराछोरीको आमाबाबुप्रतिको उपेक्षाभावलाई प्रतीकात्मक ढङ्गले प्रस्तुत गरेको छ भने "आमा पुतली" ले छोराछोरीका लागि आमाले ज्यानसमेत त्याग्न तयार हुने तथ्यलाई औंल्याएको छ । "मुटुको मोल" भने व्यङ्ग्यात्मक कथा हो । "बाबुको मुख हेर्ने दिन" कथामा भने बालमनोविज्ञानको प्रस्तुति भएको छ ।[२२]

बालसाहित्यका धेरैजसो विधामा कलम चलाएका बालसाहित्यलेखक विजय चालिसे (२००८) ले "हराएको मूर्ति" (२०५६), "किसानबाट शिक्षा" (२०५८) र "चटकीको बाँदर" (२०५९) यी तीन बालकथासङ्ग्रहका माध्यमबाट बालबालिकालाई जीवन र जगतका विविध पक्षका बारेमा जानकारी दिने प्रयास गरेका छन् ।[२३]

साहित्यमा तीन दशकभन्दा बढी समय साधनारत रहेपछि "मुसेकान्छाको करामत" (२०५९) र "गोमाको यार्लिङ्ग" (२०५९) मार्फत् बालसाहित्यमा देखा परेका नारायण ढकाल (२०१०) मौलिक कथा लेख्न रुचाउँछन् । बालबालिकालाई विविध शिक्षा दिन सफल उनका बालकथा सरल भाषामा प्रस्तुत गरिएका छन् ।[२४]

---

२२ ऐजन, पृ. ९५ ।
२३ ऐजन, पृ. ९६ ।
२४ ऐजन, पृ. ९७ ।

कनकमणि दीक्षित नेपाली बालसाहित्यमा देखा परेको उल्लेखनीय नाम हो। उनको "धुमधामको धुमधाम" (२०५४), "काउबूढी र अरू कथा" (२०५५) र "काठमाडौं सन्धि" (२०६१) तीन सङ्ग्रह छापिएका छन्। मूलतः अङ्ग्रेजीमा लिखित एवं वसन्त थापाद्वारा अनुदित धुमधामको धुमधाम विषय र प्रस्तुति दुवै दृष्टिबाट नवीन लाग्दछ। प्रस्तुत कृति एक लामो कथा जस्तो छ, जसमा पात्र भक्तप्रसाद भ्यागुताद्वारा गरिएको नेपालयात्राका माध्यमबाट नेपालको भौगोलिक सम्पन्नता र विविधताबारे बालबालिकालाई ज्ञान दिन खोजिएको छ। यो पुस्तक उर्दू, जर्मनलगायतका विभिन्न भाषामा समेत अनूदित भएको छ। उनकै अर्को बालकथा सङ्ग्रह काउबूढी र अरू कथामा कूल सातवटा कथा छन्। छ वटा काठमाडौं उपत्यका र बाँकी एक चितवनको पृष्ठभूमिमा लेखिएका यी कथाका माध्यमबाट लेखकले बालबालिकामा अन्तर्जैविक सहिष्णुता र वातावरणीय नैतिकताबारे चेतना दिन खोजेका छन्। कथासङ्ग्रहमा "सियो र सुइरो", "जुकासितको सहमति", "स्कूलका चिप्लेकीरा", "वनकी काउबूढी", "काठमाडौं सन्धि", भुजङ्ग" र "कौवा र सुन्दरी परेवी" शीर्षकका कथा रहेका छन्। नेपाली बालसाहित्यमा नवीन विषयलाई प्रवेश गराउने दीक्षितको योगदान महŒवपूर्ण मान्नुपर्छ।[२५]

"संगतको फल" (२०५४) बालकथा सङ्ग्रह लिएर देखा परेका मधुसूदनप्रसाद घिमिरे (२०१३) को "त्यसपछि सुनेका कथा" (२०५८), "छेपाराको घर" (२०५९), "तारी गाई" (२०६०), "कालो माला" (२०६०) बालकथासङ्ग्रह पनि प्रकाशित भएका छन्। यी सङ्ग्रहमा रहेका कथाहरूले बालबालिकाहरूलाई मनोरञ्जन दिनुको साथै कुसङ्गतको मानिस बिग्रन्छ, आँटेर अनि सोचविचार गरेर मात्र काम गर्नुपर्दछ, घमण्ड गर्नुहुँदैन आदि बालोपयोगी शिक्षा पनि दिएका छन्। यिनका कथाहरू सङ्क्षिप्त हुनु, सरल भाषा र शब्दहरूको प्रयोग गरिनु र छोटाछोटा वाक्यहरू लेख्नु बालकथा लेखकका विशेषता हुन्।[२६]

"अक्षर" (२०५१), "काले कुकुर" (२०५१), "भाँडाकुटी" (२०५८), "सुनकथा" (२०५९), "दशैं पिङ र हात्ती" (२०६०) र "राँकेभूत" (२०६१) बालकथासङ्ग्रह मार्फत नेपाली बालसाहित्यमा देखिएका कपिल लामिछाने (२०१५) यस विधाका महŒवपूर्ण युवा प्रतिभा हुन्। केही लोककथामा आधारित र केही मौलिक कथा सिर्जना गर्ने लामिछानेले आफ्ना कथामा थोरै पात्र संवाद, सरल र छोटा वाक्य र रोचक प्रस्तुतिमा कथा प्रस्तुत गरेका छन्। बालबालिकाहरूलाई शिक्षा, ज्ञान, चेतना र मनोरञ्जन आफ्ना बालकथा मार्फत् दिनु यिनको विशेषता हो। बालसाहित्यका क्षेत्रमा समर्पित रूपले लागिपरेका युवा कार्तिकेय घिमिरे (२०३३) का "बुद्धिमान् छोरी" (२०५३), "फुच्चे

२५ ऐजन, पृ. ९७।
२६ ऐजन, पृ. ९८।

बन्यो राजा" (२०५६), "मेरी सानी राधा" (२०५६), "सुगा बन्यो राजा" (२०५८), "भ्यागुताको प्रजातन्त्र" (२०५८), "बालदिवस" (२०६०) र "परीको कल्पना" (२०६०) गरी सात बालकथासङ्ग्रह प्रकाशित छन् । मौलिक र लोककथामा आधारित यिनका कथाहरूले ठूलाले भनेको मान्नुपर्छ, असहायप्रति दयामाया राख्नुपर्दछ, नराम्रो संगत गर्नुहुँदैन, आत्मविश्वासबाट सफलता प्राप्त हुन्छ भन्ने सन्देश दिएका छन् । उनका कतिपय कथाका शीर्षक उखान, टुक्का नै राखिनाले बालबालिकाका लागि  अझ रोचक हुन पुगेका छन् । यी सङ्ग्रहका बालकथाहरूका थोरै र बालपात्रपात्रा, मीठा-छोटा संवाद र सरल भाषाशैलीका कारण अझ विशिष्ट हुन पुगेका छन् ।[२७]

बालकथाका क्षेत्रमा आनन्दप्रकाश नेपालको सम्पादनमा कथाकोपिला (२००५), मोहनराज शर्मा (१९९७) को सम्पदानमा बालिका (१९९० ई), गोरखबहादुर सिंहको सम्पादनमा टाटे पाङ्ग्रे ( २०५७) र अमूल्य उपहार (२०५८) तथा विमलकृष्ण श्रेष्ठको सम्पादनमा रमाइला बालकथा ( २०५८) तथा माया ठकुरी र लक्ष्मी उप्रेतीको सम्पादनमा फूलबारी (२०६१), जस्ता सङ्ग्रह पनि प्रकाशित भएका छन् ।

यी बाहेक रुद्रप्रसाद पाण्डे (१९५७-२०४६) का 'बाल रामायण', 'बालकृष्ण चरित्र', 'इसपनीति कथा', केदारमणि आ.दी. (१९६१)२०४९) का 'नीतिका कथा' (२०२५) र 'हितका कथा' (२०२६), बदरीनाथ भट्टराई (१९६५-२०५२) का पौराणिक कहानी (२०१०), पौराणिक कथा ( २०१८), र 'वैदिक कहानी' (२०१९), करुणाकर वैद्य (१९७१-२०४६) को रमाइला विश्वकथासङ्ग्रह, ध्रुव दवाडी (१९७५) को बालकथा (१९५७ ई) यदुनन्दन के.सी.का बालनीतिकथाहरू (२०४२), रमाइला बालकथाहरू (२०४४) र श्री बालकृष्ण लीला, शङ्कर कोइाला (१९८७-२०५४) को विश्वका धार्मिक कथाहरू, नीमा छिरिङ शेर्पाको सरल बालकथा (१९६३ ई) हरीश बमजन (१९४१ ई.) को पौराणिक कथा वैज्ञानिक युग (१९६९ ई) प्रकाशकोविदका हाम्रो कथा (भाग -१ १९७० इ)  हाम्रो कथा (भाग -२, १९७१ इ) र संक्षिप्त महाभारत र वासु रिमाल 'यात्री' (१९९७) को एकादेशमा जस्ता बालकृतिहरूले महŒवपूर्ण योगदान दिएका छन् ।

यसैगरी नेपाली बालकथाका क्षेत्रमा अगाथा पाखिन थापा र जोई स्टिफनसको रिमझिम (२०५४), ओजश्रीको चुइँयाँ कप्तान (२०३६), उषा दीक्षित (२०१०) को एकादेशमा (२०५९), ऋषिराम शर्माका किताबको कुराकानी (२०६०) र रतन्धो फुर्के (२०६०), कमलप्रकाश शर्माका बालकथा सङ्ग्रह  (भाग -१, २०२२) बालकथासङ्ग्रह (भाग -२, २०२२), काँक्रो र बूढीको नाक ( २०५८), फुच्चे खरायो (२०५८) र सीमाका सुगा (२०५९), कमला कुँवरको चराहरूको मेलमिलाप (२०६०), कविताराम श्रेष्ठका बुद्धिबङ्गाराको फोन (भाग -२, २०५९) कनकलाल शर्माको नानीका

२७ ऐजन, पृ. १०० .

कथाहरू (२०५४), काशीराज सुवेदीको कथाकुल (२०६०), किरण के भट्टराईको रमलाको जन्म दिन (२०६०), कृष्णप्रकाश श्रेष्ठ (१९९४) को रुसी महावीरहरूको कथा (लोककथा, २०५८), प्रतापमान शाक्यका विद्याको रेखा (२०४४) र चतुरे चँखे (२०४४), बालकृष्ण पोखरेलको एकादेशमा, बाल पुस्तक नेपाल (प्रकाशक) का विश्वकथा माला (भाग -१ २०५५) र विश्वकथामाला (भाग -२, २०२६), भोटु प्रधानको कुनै एक समयमा (२०३८) रत्न पुस्तक भण्डार (प्रकाशक) को केही रमाइलाकथा (२०४२), रामप्रसाद ज्ञवाली (२०२४) को सानी परेवी र बाजा (२०६१), राममणि दुवाडीको नागमणि (२०४३), रोशन न्यौपानेको तिजाका फूलहरू (२०४३), रुमु प्रकाशनको गुरु-मा-पा (ऐतिहासिक लोककथा (२०५५), शिवहरि अधिकारीको मोती र गुलाफ (२०५१), शिक्षा तथा संस्कृति मन्त्रालय प्रौढ शिक्षा शाखाको कथैकथा (२०४७), शोभियतराम विष्टको रूपकको खच्चड (२०४५) सागरमणि थापाको कुमार्गबाट सुमार्गतिर (२०४२) जस्ता बालकथाका पुस्तकहरू पनि उल्लेखनीय छन् । सुकुली मुकुलीको पुस्तकालयभित्र सुकुली-मुकुली, ढुकुर-कुर, लौरो टेक डोजर जँगा, राम्रो रूख, रायोको साग र बाँदरको घर शीर्षकमा आठ स-साना छुट्टाछुट्टै कथाका पुस्तक छन् ।

विभिन्न बालपत्रिकामा फुटकर रूपमा बालकथा प्रकाशित गर्ने प्रमुख लेखकहरूमा सुशीला प्रधानाङ्ग, भागीरथी श्रेष्ठ (२००५), सावित्री मल्ल, घनश्याम खतिवडा, अनिल पौडेल (२०१६), लक्ष्मी गुरागाईं, सानुराजा श्रेष्ठ, लावण्य सापकोटा आदि छन् । केदार शाक्य (२००४) ले वौद्ध जातक कथालाई नेपाली बालबालिका सामु प्रस्तुत गरेर महŒवपूर्ण योगदान दिएका छन् । ती जातक कथाहरूलाई हालै रत्न पुस्तक भण्डारले 'जातक कथा' (२०६४) को नामले प्रकाशित गरेको छ ।[२८]

यसप्रकार नेपाली बालकथाको क्षेत्र बालसाहित्यका क्षेत्रभन्दा उर्वर हुनुका साथै यस क्षेत्रमा कलम चलाउनेहरूको संख्या पनि अन्य विधामा भन्दा बढी देखिन्छ । यो सकारात्मक तथ्य भए पनि मौलिक बालकथा लेख्ने लेखकहरूको संख्या भने अझै निकै थोरै छ । लोककथा, पौराणिक कथा एवम् धार्मिक आख्यानमा आधारित बालकथाका साथसाथै मौलिक र आधुनिक समय-सापेक्ष विषयहरूमा आधारित बालकथाहरूको खाँचो भने अझै टड्कारो रूपमा देखिएको छ ।

## ३.३ निष्कर्ष

साहित्यको एक अति महŒवपूर्ण पाटो बालकथा मानिएको छ । जसको निरन्तर विकासका कारण साहित्य जगत्ले नयाँ नयाँ कृति तथा कृतिकार पाइरहेको छ र पाइरहने पनि छ ।

---

२८ ऐजन, पृ. १०६ ।

बालकथा भन्नाले स-साना बालबालिकाको रुचि, क्षमताअनुसार रचिने सरल भाषा तथा शैलीयुक्त रचना हो । बालकथा आफैंमा पूर्ण विधा हो । यसको पूर्णताका लागि विविध Œवको आवश्यकता पर्दछ । तसर्थ यस्ता तŒव नै बालकथाका आधारभूत तŒवहरू हुन् । ती तŒवः कथानक चरित्र, देश काल, वातावरण, विचार, कौतुहल संवाद, शैली उद्देश्य हुन् । कुनै कथामा यी सम्पूर्ण तŒवको समायोजन भएको हुन्छ भने कुनै कथामा हुँदैन । केही तŒवले मात्र प्रमुखता पाएका हुन्छन् ।

अब यसपछिको अध्ययायमा कथाका तŒवहरूको आधारमा “नानी” द्वैमासिक बालपत्रिकामा प्रकाशित कथाहरूको अध्ययन तथा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

# अध्याय - चार

# ॅनानी' बालपत्रिकाहरूमा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

## ४.१ परिचय

यस अध्यायमा 'नानी' बालपत्रिकामा प्रकाशित रचनाहरूको अध्ययन र विश्लेषण गरिएको छ । 'नानी' बालपत्रिकाको प्रकाशन कुन किसिमबाट भएको । यसभित्र कस्ता-कस्ता सामग्रीहरू प्रकाशित भएका छन्; ती सबैको साङ्गोपाङ्ग अध्ययन र विश्लेषण यहाँ गरिएको छ ।

## ४.१.१. ॅनानी' द्वैमासिक बाल पत्रिकाको प्रकाशन

"देशको सर्वाधिक संख्या ओगटेर रहेका सुकुमार बालबालिकाहरूको मनोरञ्जन तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याई उनीहरूलाई बौद्धिक खुराक उपलब्ध गराउने उद्देश्य राखेर नेपाली भाषामा एउटा बाल पत्रिका प्रकाशन आरम्भ गरिएको थियो । कवि ज्ञान उदासको प्रकाशकत्व तथा विशेष सक्रियतामा बजारमा देखा परेको 'नानी' दुई महिने बाल पत्रिकाको प्रधान सम्पादक भने धनेन्द्रप्रसाद शर्मा रहेका थिए । यसको प्रकाशन प्रारम्भ वि.सं. २०५५ देखि शुरु भयो ।"[1] नेपाली भाषामा 'बालक', 'बालकासेली', 'बालसाथी', 'सुनकेस्रा' शीर्षकका बालपत्रिका लगायत विद्यालयहरूले छिटफुट रूपमा प्रकाशन गर्ने गरेका मुखपत्रका माध्यमबाट पनि नेपाली बालबालिकाहरूलाई साहित्यिक उपहार दिई केही योगदान गर्ने गरेका सन्दर्भमा 'नानी' को प्रकाशन स्वयंमा एउटा महŒवपूर्ण उपलब्धि मान्नुपर्ने हुन्छ । माथि उल्लेख गरिएका सबैजसो बालपत्रिकाहरू नियमित नभए जस्तै 'नानी' को प्रकाशन पनि निरन्तर २२ औं अङ्कसम्म मात्र निक्लन सफल भयो त्यसपछि विविध कारणवश यसको प्रकाशन हाल रोकिएको छ ।

यस्तो विविध ज्ञान, समाचार र बालोपयोगी सामग्रीले भरिपूर्ण पत्रिका हाल प्रकाशन नहुँदा पाठक वर्गमा चिन्ताको विषय बन्न पुगेको छ । फेरि पनि आशा छ 'नानी' द्वैमासिक पत्रिका वि.सं. २०५९ देखि प्रकाशन बन्द भइरहेको अवस्थामा यस पत्रिकाको पुनः प्रकाशन हुन्छ भन्नेमा ।

---

१ नेपालीपत्रः साप्ताहिक (२०५५ साल श्रावण १५ गते शुक्रबार) ।

यसको प्रकाशनमा देखिएका विविध समस्या हल भई पुनः पत्रिका प्रकाशनमा आओस् यही शुभकामना छ ।

## ४.२ ँ'नानी' नामकरणको अर्थ

सर्वप्रथमतः यसको नामाकरण कुन रूपमा भयो भनी कवि तथा प्रकाशक ज्ञान उदासकै भनाइ यहाँ प्रस्तुत गरिएको छः

"स-साना बालबालिका भनेका आँखाका नानी हुन् तसर्थ उनीहरूको बौद्धिक तथा मानसिक विकास गराउने उद्देश्य राखी साथै उनीहरूलाई मनोरञ्जनपूर्ण वातावरणमा नयाँ-नयाँ कुरा सिकाउने लक्ष्य राखिएको हुँदा यसको शीर्षक 'नानी' रहन पुग्यो ।"

दुई अक्षरको संयोजनबाट 'नानी' शब्द बन्न गएको हो । यस शब्दले थुप्रै अर्थ दिन सक्छ, साना-साना बालबालिकालाई मायालु शब्दमा बोलाउँदा नानी भनिन्छ । त्यस्तै कलिला अङ्ग, तोते बोली, बामे सर्दाका पाइला, अबोध अनि निश्छल भावनायुक्त केटाकेटी हुन् 'नानी' । अर्को अर्थ आँखाको सानो तर अति महŒवपूर्ण अङ्ग, जसको अभाव रहँदा संसारको विचित्रताको दृश्यावलोकनबाट बञ्चित होइन्छ । हो त्यही सानो तर जीवनकै महŒवपूर्ण पाटोको रूपमा रहेको अंग हो 'नानी' । जसबाट संसार चियाइन्छ ।

यसरी उच्चारणमा अति सरलता र अर्थ गाम्भीर्यताका दृष्टिबाट पनि अति गहन, महŒपूर्ण शब्द भएकाले यस २ महिने पत्रिकाको नाम 'नानी' रहन पुगेको हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ जसले बालबालिकाको चौतर्फी विकासको उद्देश्य पूरा गर्ने लक्ष्य बोकेको देखिन्छ ।

यसर्थ 'नानी' पत्रिकाले चयन गरेको शीर्षकअनुसार यस भित्रका लेख तथा रचनाहरू नानीहरूका लागि प्रिय बनेकाले यस पत्रिकाको शीर्षक सार्थक रहेको देखिन्छ ।

## ४.३ ँ'नानी' द्वैमासिक बालपत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

यहाँ 'नानी' द्वैमासिक बालपत्रिकामा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

### ४.३.१ प्रथम अङ्क, वर्ष-१, २०५५ असार-साउनमा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

परिचय

स्व. श्री ५ युवराजधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको २८ औं शुभ-जन्मोत्सवको सुखद् उपलक्ष्यको अवसर पारेर द्वैमासिक रूपमा 'नानी' बालपत्रिकाको प्रकाशन काठमाडौंबाट आरम्भ भएको थियो । प्रधान सम्पादक धनेन्द्रप्रसाद शर्मा तथा प्रकाशक कवि ज्ञान उदासको सक्रियतामा यस पत्रिकाको प्रथम अङ्क प्रकाशन भएको हो ।

४.३.१.१ 'बाजी कथा'को अध्ययन र विश्लेषण

बाजी कथा 'नानी' पत्रिकाको दसौँ पृष्ठमा प्रकाशित कथा हो । यसका लेखक शारदा कोइराला हुनुहुन्छ । वि.सं. २०१४ सालमा जन्मनुभएका शारदा कोइराला एक स्थापित कथाकार हुन् । उनका थुप्रै रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।[२]

प्रस्तुत कथामा शीर्षकअनुसारको विषयवस्तु रहेको छ । कछुवा र खरायो बीच दौडमा बाजी परेको प्रसङ्ग कथामा वर्णित भएको कारण शीर्षक र कथावस्तु बीच समाञ्जस्य देखिन्छ ।

यस कथा लघु आकारको छ । कथा बाह्य दृष्टिबिन्दुमा संरचित भएको छ । वर्णनात्मक शैलीको कथन ढाँचामा प्रस्तुत कथा लेखिएको छ ।

प्रस्तुत कथाको सुरुवात कछुवा र खरायोको प्रथम दौडमा खरायोको हार भएर निराश अवस्थामा रहेबाट भएको छ । कछुवा लोसे भएपछि ऊ आफ्नो गन्तव्य यात्रामा निरन्तर लागेको छ तर खरायो आफू छिटो छु भन्ने घमण्ड बोकेर आराम गरी गरी यात्रा गर्दा जहिले पनि यात्राबाट हार खानुपरेको छ । दोस्रो पटकको योजनाबद्ध यात्रामा पनि कछुवाले नै विजय प्राप्त गर्छ । उता खरायो "म एकै छिनमा पुगिहाल्छु नि" भनी बाटामा अरू जनावरसँग गफ गर्दै बस्दै हिड्दा यो पटक पनि हार खान पुग्छ । यसरी कथा समाप्त हुन्छ ।

यस कथामा मानवेतर पात्र कछुवा र खरायोमा कछुवा आफ्नो उद्देश्य तथा लक्ष्यलाई ध्यानमा राखेर काम गर्ने सिधासाधा पात्र देखिन्छ भने खरायो अरुलाई होच्याउने र आफ्नो काम कर्तव्यमा भन्दा लोभ र लालसामा फस्ने पात्रका रूपमा देखिन्छ । खरायोका माध्यमबबाट कुर्सीका लागि लडेका 'नयाँ गाडी चढ्ने' ठूलो घर बनाउन सपना देख्ने नाम मात्रका मन्त्री, उप-प्रधानमन्त्रीप्रति तीखो व्यङ्ग्य प्रहार गर्न यो कथा सफल भएको छ ।

---

२ नानी द्वैमासिक पत्रिका, अङ्क - १, वर्ष - १, पृ. १०

सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग भएको यस कथाको मूल उद्देश्य लक्ष्यलाई ध्यान नदिँदा असफल होइन्छ भन्ने सन्देश दिनु रहेको छ। यसका साथै राजनैतिक क्रियाकलापमा संलग्न व्यक्तिहरूको स्वार्थीपनालाई देखाएर आजको समसामयिक नेताहरूको प्रवृत्तिप्रति पनि तीखो छेडपेच प्रहार गरेको छ र आफ्नो यस्तो प्रवृत्ति त्यागी निस्वार्थी भावनाले राष्ट्रसेवामा समर्पित भई काम गर्नुपर्ने सन्देश पनि प्रदान गरेको छ ।

### ४.३.१.२ 'सुगा रटाइँ' कथाको अध्ययन र विश्लेषण

यस 'सुगा रटाईं' कथा 'नानी' बालपत्रिकाको प्रथम अङ्कको २६ औं पृष्ठमा प्रकाशित छ । यो लोककथाहरूमध्येकै एक औपदेशिक कथा हो । चित्रमय रूपमा प्रकाशित यो कथा ज्यादै रोचक तथा सन्देशमूलक देखिन्छ ।

सुगा रटाइँ दुई शब्दयुक्त शीर्षक रहेको सुगाले कण्ठ गरेर पढेको वा सुगाको जस्तै जे सिकायो त्यही घोक्यो त्यतिमै सीमित पढाइ भन्ने अर्थ यस कथाले बहन गरेको हुँदा शीर्षक उपयुक्त देखिन्छ। कथामा सुगाको पढाइ वा कण्ठ गराइलाई विषयवस्तु बनाइएकाले कथावस्तु र शीर्षकको तालमेल मिलेको छ भन्न सकिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ। सुगाको घोकाइ र ऋषिको एकलापी संवादमा कथा संरचित छ। सुगाले केवल 'गोपीकृष्ण' मात्र भन्दछ र ऋषिले धेरै समय लगाएर शिक्षा दिँदा सुगाले यति बोल्न जानेको हुन्छ -"अर्काको बारीमा चार्न जानुहुन्न जालमा परी मरिन्छ" ।[३] कथा एकलापी संवादात्मक शैली तथा वर्णनात्मक शैलीको कथन ढाँचामा लेखिएको छ ।

कथावस्तुको सुरुवात बाबाजीको शान्त कुटी वरपरको वातावरण वर्णनका साथै बाबाले सुगालाई औधी माया गरी पालेका प्रसङ्गबाट भएको छ। धेरै कुरा सिकोस, शिकारीको जालोमा नफसोस भनी बाबाले सुगालाई अर्काको बारीमा जानुहुन्न भनी सिकाउँछन्। सुगाले उक्त कुरा घोकेर कण्ठ पार्दछ र अरूलाई पनि सिकाउन सक्ने हुन्छ तर अन्तमा अर्काको मकैबारीमा पस्नाले सुगा जालमा पर्न पुग्छ यसरी कथा समाप्त हुन्छ ।

यस कथामा बाबाजी गुरुका रूपमा र सुगा चेलाका रूपमा रहेका मुख्य मानव तथा मानवेतर पात्र हुन्। बाबाले सुगाको प्राण रक्षाका लागि असल कुरा सिकाएका हुन्छन् तर सुगाले

---

३ सुगा रटाईं कथा, अङ्क - १, वर्ष-१, २०५५, पृ. २६ ।

उक्त कुरा कण्ठस्थ मात्र गर्छ तर कुराको सार बुझी मनन गर्न सक्दैन । तसर्थ ऊ जालमा पर्छ । सुगा यहाँ ज्ञानको कमी भएको पात्रका रूपमा उपस्थित छ ।

यसरी यस कथाले के सन्देश दिन खोजेको छ भने अध्ययन गर्दा कण्ठ गर्ने होइन बुझेर पढ्नुपर्छ, बुझेर पढेका कुरा व्यवहारमा लागु गर्न सकिन्छ भन्ने हो । यसका साथसाथै आजको अध्ययन पद्धतिलाई तीखो व्यङ्ग्य प्रहार गर्नुका साथै शिक्षक तथा विद्यार्थी वर्गलाई व्यहारमा उतार्न सकिने गरी पढ्न र पढाउन सुझाव पनि दिएको छ । सुगालेझैं रटेर मात्र पढ्यो भने समस्या र अन्यौलमा पर्नुका साथै असफलता मिल्ने छ भनी बताउनु यस कथाको सार तŒव हो ।

कथाको भाषा सरल हुनुका साथै कथा पनि छोटो र रोचक छ । आजको समसामयिक अध्ययन अध्यापन प्रणालीमाथि सुधारात्मक परिवर्तन ल्याउनुपर्ने कुरामा कथाले जोड दिएको छ ।

### ४.३.२ दोस्रो अङ्क, वर्ष -१, २०५५ भदौ-असोजमा प्रकाशित कथाको अध्ययन र विश्लेषण

यस अध्यायमा पनि 'नारी' बालपत्रिकामा प्रकाशित कथाहरूको अध्ययन गरिएको छ ।

#### ४.३.२.१ ˘साथी बनाउँदाको फाइदा' कथाको अध्ययन र विश्लेषण

यस दोस्रो अङ्कको पृष्ठ २२ मा प्रकाशित साथी बनाउँदाको फाइदा कथा जातक कथा हो । यस कथाका कथाकार केदार शाक्य हुन् ।

'साथी बनाउदाको फाइदा' शीर्षक रहेको यस कथामा सच्चा मित्रबाट पाइने सहयोगको बारेमा उल्लेख गरिएको छ । यस कथामा भाले बाज र पोथी बाज बीचको आपसी सम्बन्ध कायम गर्न पोथी बाजले तीन जना साथी बनाउन अनुरोध गरेकी हुन्छे र तिनै तीन जनाको सहयोगले उनीहरूको बचेराको प्राण रक्षा हुन सकेको देखाइएकाले साथी बनाउँदाको धेरै फाइदा हुन्छ भन्ने कुरा कथाको अन्तमा देखाइनुले प्रस्तुत कथाको शीर्षक कथावस्तु अनुकूल रहेको छ भन्न सकिन्छ ।

कथाको आकार छोटो छ । सर्सर्ती पढ्दा एकै बसाइमा सकिन्छ । छोटा छोटा संवाद भाले बाज र पोथी बाजको कुराकानीमा प्रयोग भएको छ । कथा कर्णनात्मक शैलीमा संरचित छ ।

कथावस्तुको सुरुवात भाले बाज र पोथी बाजको भेट भएबाट हुन्छ । भालेले पोथीलाई बिहे गरेर घरजम बसाउने प्रस्ताव राख्छ यसरी –"तिमी मसँग बिहे गर्छ्यौं यदि हामी दुई पति

पत्नी भयौं भने एउटा राम्रो परिवार बनाउन सकिन्छ कसो ?"[४] यो प्रस्ताव नै कथावस्तुको मूल कारकतŒव बन्न पुगेको छ । पोथीबाजले तीनजना साथी बनाएर आऊ अनि विचार गरौंला भनेपछि भाले बाजले तीन जना साथी बनाउँछ । दुईले बिहे गर्दछन् । दुईवटा बच्चा जन्मन्छन् र ती बच्चाको प्राण रक्षागर्न र शिकारीको हातबाट बचाउन बाजले तिनै तीन जनाको सहयोग लिएको हुन्छ । अन्तमा शिकारीलाई धपाउन सफल भई बच्चाको रक्षा गर्न ती भाले, पोथी सफल हुन्छन् । कथा पनि समाप्त हुन्छ ।

यस कथामा बाजको जोडी सिंह, कछुवा, माछा खाने पन्छी र बाजका २ वटा बचेरा पात्रहरू रहेकोमा बाजका जोडी मुख्य पात्र हुन् र अरू सहायक पात्र हुन् । शिकारीको प्रसङ्ग पनि आएको छ ।

जङ्गल, खोला, टापु आदि परिवेशभित्र कथा संरचित छ । भाषाशैली सरल तथा वर्णनात्मक छ र तर बालकथाका रूपमा प्रस्तुत भएको यस कथाको प्रस्तुति सलल बग्न नसकेको जस्तो र बालबालिकाले सजिलै नबुझ्ने खालको छ ।

यस कथाले साथी बनाएर संगत गर्नाले अप्ठ्यारो अवस्था वा आपत् विपत्मा काम लाग्छ भन्ने सन्देश दिएको छ । साथै सच्चा मित्रबाट पाइने सर-सहयोगको बारेमा उल्लेख गरेको छ र सबैलाई असल मित्र बनाई राम्रो व्यवहार गरेर अप्ठ्यारो अवस्थामा काम लिनु बुद्धिमानी हुन्छ भन्ने शिक्षा पनि दिएको छ ।

### ४.३.३ तेस्रो र चौथो संयुक्त अङ्कः वर्ष १, कार्तिक-मंसीर र पुष-माघमा प्रकाशित कथाको अध्ययन र विश्लेषण

२०५५ असार-साउनमा प्रथम अङ्क तथा भदौ-असोजमा दोस्रो अङ्क लगातार निस्किएको यस बाल पत्रिकाको (२०५५ कात्तिक-मंसिर र पुष-माघ) तेस्रो तथा चौथो अङ्क भने संयुक्ताङ्कका रूपमा प्रकाशित भएको छ । यसरी प्राविधिक तथा आर्थिक कारणवश दुइवटा अङ्क संयुक्ताङ्कका रूपमा प्रकाशित भएको हो ।

#### ४.३.३.१ 'फूलको मृत्युमा' कथाको अध्ययन र विश्लेषण

यस संयुक्ताङ्कमा बालसाहित्यका क्षेत्रमा विशिष्ट स्थान ओगट्न सफल साहित्यकार कल्पना प्रधानकृत 'फूलको मृत्युमा' कथा पृष्ठ नौमा प्रकाशित भएको छ ।

---

४ साथी बनाउँदाको फाइदा, 'नानी' वर्ष -१, अङ्क २, २०५५, पृ. २२ ।

राकेशको सारा सोच फूल टिप्दा आफ्नो हातमा आएको र फेरि जोड्न खोज्दा नजोडिएकोले फूलको मृत्यु भयो भन्ने भानमा डुवेको छ। फूलको बोटले फूललाई आफूसँग राख्न अस्वीकार गऱ्यो वा आफ्नै सन्तानलाई पनि चिनेन भन्ने सोचमा डुब्दा डुब्दै राकेश आफूलाई फूलसँग तुलना गर्न पुगी भाव विह्वल भएको छ। तसर्थ यस कथाको शीर्षक "फूलको मृत्युमा" अनुसार कथावस्तु रहेकाले शीर्षक सार्थक देखिन्छ।

कथाको आकार लघु प्रकृतिको छ। सर्सर्ती पढ्दा एक बसाईमा कथा सकिन्छ। कतै राकेश म पात्रको रूपमा आफैं बोलेको छ त कहीं आमाबाट कथाको विस्तार गरिएकाले प्रथम तथा तृतीय पुरुषको कथन शैलीमा कथा संरचित भएको छ। वर्णनात्मक तथा संवादात्मक शैलीको कथन ढाँचामा प्रस्तुत कथा लेखिएको छ।

प्रस्तुत कथाको सुरुआत "आमा म आज भात खान्नँ" भनेर राकेशले भनेबाट हुन्छ। राकेश रश्मिको सानो छोरो आफूले फूल टिपेपछि फेरि बोटमा नजोडिएको चिन्ताले विह्वल भएको छ। फूललाई उसले आफूसँग तुलना गर्दै यदि आफू केही दिन अन्तै गएँभने के मेरी आमाले फूलको बोटले फूललाई बिर्से झैं बिर्सने त होइन भन्ने बाल जिज्ञासाले सताएको छ। यस कथामा लेखकले बालमनो विज्ञानको प्रयोग गरेका छन्। राकेश छिनमै आमासँग टाँसिन पुग्छ त छिनमै रुन थाल्छ। बाल मस्तिष्कमा परेको प्रभाव र बालसुलभ क्रियाकलापलाई राम्रोसँग चित्रण गरिएको छ।

यस कथामा बालपात्र राकेशको मनमा उत्पन्न भएको द्वन्द्वलाई चित्रण गर्न कथाकार सफल छन्। राकेशः यस कथाका मुख्य पात्र तथा आमा, फुपू र घरमा आउने अन्य पाहुना सहायक पात्रका रूपमा उपस्थित छन्।

यस कथामा बाह्यभन्दा आन्तरिक परिवेशको चित्रण गरिएको छ। पाहुनाको स्वागत गर्न रश्मि खाना बनाउने र कोठा मिलाउने काममा व्यस्त देखिन्छिन् तसर्थ यहाँ सामाजिक तथा पारिवारिक परिवेश आएको छ। मुख्यतः राकेशमा मानसिक द्वन्द्वले जरो गाडेको छ र उसको मनमा आएको फूलको मृत्यु विषयको उथलपुथल देखाइएकाले कथामा आन्तरिक परिवेशको पनि प्रयोग भएको छ भन्न सकिन्छ।

भाषा बालसुलभका साथै सामान्य बोलचालको छ। राकेशले हरेक पल आमासँग प्रश्न सोध्दै जान्छ। रश्मि उत्तर दिंदै जान्छिन्। तसर्थ यस कथाको भाषा तार्किक हुनुका साथै प्रश्नोत्तरको ढाँचामा संरचित छ। कथामा संवादात्मक शैली अपनाइएको छ।

यस कथामा बालमनोविज्ञानको प्रयोग भएको छ। बालक राकेशको  मनको विश्लेषण गर्न कथा सफल देखिन्छ। राकेशले विद्यालयमा सिकेका कुरा फूलमा लागू गर्न खोज्छ तर प्राणी र बोटविरुवाहरूको जीवनचक्र एउटै प्रकृतिबाट चलेको हुँदैन भन्ने कुरा  यहाँ प्रस्ट्याइएको छ र बालकमा कुनै जिज्ञासाले जरो गाडेपछि त्यसको प्रत्युत्तर नपाउँदा उनीहरूमा पैदा हुने दुःखको कुनै सीमा रहँदैन जुन दुःखलाई कुनै कारणले पनि बिर्साउन सक्दैन भन्ने सन्देश यस कथाले दिएको छ। प्राणी र बोटविरुवा सजीव हुन, दुबै अक्सिजन नभई बाँच्न सक्दैनन् भन्ने कुरा राकेशले विद्यालयमा सिके पनि अरु धेरै कुरामा विरुवा र मानवको स्वभावमा अन्तर पाइन्छ भन्ने कुरा उसले सिक्न बाँकी नै थियो  जसका कारण ऊ आफ्नो मनमा फूलप्रतिको भारी पीडा बोकेर दुःखी बन्न पुगेको कुरा यस कथाको सार  हो।

यसर्थ बालबालिकालाई केही नयाँ कुरा सिकाउँदा उनीहरूको बुझाईको स्तर बुझ्न सक्ने क्षमता बिचार गरी जुन कुरा सिकाइन्छ त्यसका सकारात्मक तथा नकारात्मक पक्षको ज्ञान दिनु जरुरी हुन्छ भन्ने शिक्षा यस कथाले दिएको छ।

## ४.३.४ पाँचौ र छैठौ संयुक्ताक वर्ष -१, २०५५ फागुन-चैत २०५६ वैशाख-जेठमा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

### परिचय

यस "नानी" बालपत्रिकाको पाँचौँ तथा छैठौँ अङ्क पनि संयुक्ताङ्कका रूपमा प्रकाशित भएको छ। विविध प्राविधिक कारणले गर्दा यसका पाँचौँ तथा छैठौँ अङ्क छुट्टाछुट्टै  प्रकाशित हुन नसकेको थाहा हुन आएको छ।

यस संयुक्ताङ्कमा हिरण्यकुमारी पाठकद्वारा रचना गरिएको कालु उर्फ कमल र लोभी कुकुर नामक चित्रकथा प्रकाशित भएको छ।

### ४.३.४.१ ˇकालु उर्फ कमल' कथाको अध्ययन र विश्लेषण

पाँचौं र छैठौं संयुक्ताङ्काकको दसौं पृष्ठमा प्रकाशित भएको 'कालु उर्फ कमल' कथामा कमलको बाल्यकालले भोगेका दुःख, पीडा र वेदनाको बारेमा जानकारी दिइएको छ। पत्रिकाको ऊ अर्थात् पात्र कमल मुख्य पात्र साथै कथाभरि उसकै जीवनयात्राका बारेमा वर्णन भएकोले कथाको शीर्षक सार्थक रहेको देखिन्छ। यो कथाको बाँकी अंश अर्को अङ्कमा प्रकाशित भएको हुँदा यस अङ्कमा जति छ त्यति मात्र विश्लेषण गरिएको छ।

कथा बाह्य दृष्टिविन्दुमा संरचित छ साथै वर्णनात्मक शैलीको ढाँचामा कथाको प्रस्तुति लेखक स्वयंबाट भएको छ। कथाको भाषा सरल तथा बालबालिकाहरूका लागि बोधगम्य पनि छ। कथा करुणरसले भरिएको छ। कथाको कमललाई मुख्य तथा करुणाका पात्रका रूपमा यस कथाभरि उभ्याएको छ।

कथाको सुरुआत कथाकारको हातमा एउटा पत्रिका छ। त्यसमा छापिएको एउटा पात्रलाई खोज्दै छन् कथाकार त्यो पात्र अरु कोही नभएर कमल हुन्छ ऊ बाल श्रमिकका रूपमा सहरका होटलहरूमा भाँडा माझ्ने व्यक्तिमध्येको एक प्रमुख पात्र हो। ऊ १३ वर्षको उमेरमा बाबुसँग झगडा परेपछि घरबाट निस्किएर सहर पसेको हुन्छ।

बाबुले घरखेत ऋणमा डुबेको कारण कमलले धेरै पैसा कमाएन भन्ने निहुँमा उसलाई बेस्सरी पिट्छ र ऊ शहर पस्न बाध्य हुन्छ। दिदीको बिहेमा लिएको ऋण तिर्न, धेरै पैसा कमाउँन ऊ शहर पसेको हो। शहरका साथी भाइ विद्यालय गएको देख्दा कमललाई आफूभित्र पढ्ने चाहना अझै रहिरहन्छ तर घरको अवस्था र बाबुको ऋण तिर्नमा सघाउ पुऱ्याउने उद्देश्य बोकेर सुरुमा गाउँमा जुत्ता सिउने पसलमा काम गर्छ तर त्यहाँबाट पाएको पारिश्रमिक थोरै भयो धरै कमाउने काम खोज भन्दै फेरि बाबुले बेस्सरी पिटेपछि ऊ सहर पसी जुठो भाँडा माझ्न बाध्य हुन्छ।[५] यसरी कथा सकिन्छ। कथाको अर्को अंश प्रकाशित हुन सकेको छैन। कथा क्रमशः अवस्थामै अध्ययन गरिएको छ।

कथा पूरै विश्लेषणात्मक शैलीमा रचिएको छ। आज संसारमा बालबालिकाका बारेमा जति चर्चा परिचर्चा भएको छ ठीक त्यही अनुपातमा सहरका खुद्रे पसल, स-साना होटल, चिया पसल आदिमा बालबालिकाहरू श्रमिकका रूपमा काम गरिरहेको देखिन्छ। "हात्तीका दोखाउँने दाँत एउटा चपाउँने दाँत अर्को" भने झैं कुरा एकथरि काम अर्कैथरि गर्ने राष्ट्रका उच्च पदमा आसीन कर्मचारी नेताहरूको बोक्रे भाषणलाई यस कथाले तीखो व्यङ्ग्य गरेको छ। राष्ट्रिय र अर्न्तराष्ट्रिय जगत्मा जति बालकहरू हित र शिक्षा, दीक्षाका कुराहरू भए तापनि अझै नेपाल जस्तो विकासोन्मुख राष्ट्रका बालबालिका बाध्यता, विवशता र आर्थिक अभावका कारण श्रमिक बनी विभिन्न ठाउँमा काम गरी बस्न बाध्य भएका छन्। तसर्थ यस कथाका माध्यमबाट के शिक्षा लिन सकिन्छ भने कमलजस्ता हजारौं बालबालिकाको भविष्य अन्धकारमा फसिरहेको छ उनीहरूको पढ्ने, लेख्ने हक खोसिएको छ यस कुरातर्फ सबैको ध्यान जानु आवश्यक छ। भाषणमा मात्र सीमित नरही सक्दो सहयोग गरी उनीहरूको हक अधिकार दिलाउन सबैले

---

५ नानी बालपत्रिकाको कालु उर्फ कमल, "नानी' वर्ष-१, अङ्क-पाँचौं तथा छैठौं, २०५५/०५६, पृ - १०।

सोचिदिए अबको १० वर्ष सम्ममा यस्ता बाल श्रमिकको संख्या घटेर देशबाट यो महान् समस्या समाधान हुने देखिन्छ ।

यो कथा आजको बालबालिकाको समसामयिक समस्यामा आधारित रहेकाले यो उत्कृष्ट कथा बन्न सफल छ । साथै सम्पूर्ण मानवताप्रेमी व्यक्तिहरूसँग के अनुरोध गर्न चाहन्छु भने हामी महलका समस्यालाई हैन सडक पेटीका समस्यालाई ध्यान दिऊँ । सबै मिलेर राष्ट्रमा देखिएका समस्या हटाउन तर्फ लागौं जबसम्म बाल श्रमिक देशमा रहन्छन् तबसम्म देशको उन्नति हुन नसक्ने कुरा माथिको कथाबाट पाइने शिक्षा हो ।

### ४.३.४.२ 'लोभी कुकुर' कथाको अध्ययन र विश्लेषण

यस कथा 'नानी' बालपत्रिकाले पाँचौं-छैठौं संयुक्ताङ्कको पृष्ठ उन्नाईसमा प्रकाशित चित्रकथा हो । आकारमा ज्यादै छोटो वा जसमा एक पृष्ठको आकारमा यो संरचित छ । वर्णनात्मक  शैली, सरल भाषा तथा कथाको प्रस्तुतिअनुसारको चित्रको यस कथामा पाइन्छ ।

लोभी र कुकुर दुई शब्दको संयोजनबाट 'लोभी कुकुर' शीर्षक रहेको यस कथाको विषयवस्तुको सुरुवात कुकुरले मासुको टुक्रा भेटेबाट भएको छ । उक्त मासुको टुक्रा मुखमा च्यापेर जाँदा पुलमा पुग्छ । पुलको बीचबाट तल हेर्दा आफ्नै छायालाई अर्को कुकुर देख्छ र मासु खान आएको सम्झी भुक्न लाग्दा मुखबाट मासुको चोक्टा पानीमा खस्छ तब कुकुर मनमनै यसरी पश्चाताप गर्न लाग्छः- "आज आफ्नै भूलले गर्दा मुखमा परेको मासु गुमाउनुपऱ्यो ।" यहीं पुगेर कथा समाप्त हुन्छ ।

सरल भाषा तथा रोचक विषयवस्तु रहेको यस कथामा कतै कुकुरको मनोवाद व्यक्त भएको छ भने अन्य कथाको विस्तार वर्णनात्मक शैलीमै भएको छ ।

यस लघु कथाले हामीलाई के शिक्षा दिन्छ भने लोभ गर्नु हुँदैन 'लोभले गर्दा आफूसँग भएको पनि गुमाउनुपर्छ । यस कथामा पनि कुकुरले आफ्नो मुखको मासु अर्को कुकुरले खान आयो भनी त्यसलाई भगाउन भुक्न लाग्दा मुखमा परिसकेको मासु समेत गुमाउनु पऱ्यो । यदि उसले अर्को कुकुर वा आफ्नै छायाको रीस नगरी मुखमा परेको मासु खाएको भए त्यस मासुको टुक्रा पानीमा खस्ने पनि थिएन र उसले दुःखी मन गर्दै पश्चातापमा डुब्नु पर्ने पनि थिएन ।

### ४.३.५ वर्ष २, २०५६ असोज, अङ्क १ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

२०५५ फागुन-चैत र २०५६ वैशाख-जेठपछि यस पत्रिकाको नियमितता खल्वलिएको देखिन्छ  दोस्रो वर्षको प्रथम अङ्क २०५६ असोज महिनामा मात्र प्रकाशित भएको छ । जुन मासिक पत्रिकाको रूपमा देखिन्छ ।  यस पत्रिकामा प्रकाशित भएका कथाहरूमा 'एउटी नारीको कथा' ( राधिका राय) र 'होसबिनाको जोस' नामक चित्रमय कथा रहेका छन् । यस अङ्कको पृष्ठ ६ मा 'एउटी नारीको कथा' रहेको छ भने पृष्ठ ४४ मा 'होसविनाको जोस' नामक चित्रकथा रहेको छ ।

#### ४.३.५.१ "एउटी नारीको कथा" कथाको अध्ययन र विश्लेषण

यस  कथामा एउटी नारी बनाएर कोइली चरीलाई उभ्याइएको छ । जसले आफ्नो सन्तान सुख केही नभनी राजकुमारलाई बचाउन आफ्नो अमूल्य जीवनदान दिएकी थिइन् । हो, उनै कोइली चरीको त्याग र बलिदानको कथा यस अङ्कको विशेष प्रस्तुति हो । शीर्षक अनुरूपको विषयवस्तु कथाले बोकेको हुँदा यस कथामा शीर्षक र विषयवस्तुमा सामञ्जस्य देखिन्छ ।

कथाको आकार लघु प्रकृतिको देखिन्छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित भएको छ । वर्णनात्मक शैलीको कथन ढाँचामा प्रस्तुत कथा लेखिएको छ ।

प्रस्तुत कथाको सुरुआत एउटा सुन्दर राजकुमार र उनको महल वरपरको शोभायमान सुन्दर बगैंचाको वर्णनबाट भएको छ । राजकुमार बाल्यकालमै टुहुरो भएका थिए । उनका कोही आफन्त थिएनन् । महल र बगैंचाका वृक्ष, लहरा, फूल र त्यहाँ बहने पवन मात्र थिए उनका साथी । एकदिन अर्को देशकी राजकुमारीको स्वयंवर हुने खवर राजकुमारको कानमा पर्‍यो । राजकुमारीले जसलाई रोज्यो उसैसँग स्वयंवर हुने कुरा सबैतिर फिँजियो । त्यस समयमा उपस्थित राजकुमारले राता गाडा सुन्दर गुलाबको फूल कोटमा सिउरेको हुनुपर्थ्यो । राजकुमारले आफ्ना बगैंचामा हेर्दा सबैतिर सेता गुलाफमात्र देखे । साँझमा दुःखी मन लिएर राजकुमार बगैंचामै बसिरहे । साँझ परेपछि महलतिर लम्कन लाग्दा संघारमै राजकुमार बेहोस भइ लडे । यो सब कुरा महलमै गुँड बनाएर बसेकी कोइली चरीलाई थाहा भयो उनी आफ्नो संगीतको धुनले राजकुमारलाई ब्युँझाउँन थालिन् तर असफल भएर गुँडतर्फ फर्किन् । चारजना बचेराहरू उनको प्रतीक्षामा बसिरहेका थिए । कोइली चरी आफ्ना चार सन्तानका अगाडि आँसु झार्दै आफूलाई परेको समस्या बताउन लागिन् र अब राजकुमारलाई जसरी भए पनि ब्युझाउँनु पर्ने कर्तव्य बताइन् । ती बचेराहरूलाई मिलेर बस्नू, एक आपसमा झगडा नगर्नू भनी सम्झाएर उनी बगैंचातर्फ लागिन् र सेता गुलाफको बोटसँग सम्झौता गरी रातभरि आफ्नो संगीत बगैचाभरि

फैलाइरहिन् काँडाहरूको माझ बसेर । भोलिपल्ट विहान भयो । राजकुमारको होस आयो । उनी हत्तपत्त बगैंचातर्फ गएर हेरे । सेतो गुलाबको बोटमा एउटा सुन्दर रातो गुलाब फुलेको देखी हर्षले गद्गद भई राजपोशाकमा सजिएर गुलाबको फूल सिउरेर राजकुमारीको महलतर्फ प्रस्थान गरे । राजकुमारीले पनि उनलाई ढोकैमा स्वागत गर्न आइपुगिन् र दुवै स्वयंवर कक्षमा प्रवेश गरे । राजकुमार र राजकुमारीको यो सुखद् मिलन गराउन कोइलीले आफ्नो प्राण उत्सर्ग गरिन् । काँडाले घोचेर रगताम्य भई कोइली गुलाबको बोटमुनि पछारिएकी थिइन् । उनका बच्चाहरू त्यही वरिपरि झुम्मिएर रोइरहे । यो दृश्य मालीले मात्र देखे । 'राजकुमारलाई कोइलीको त्यागबारे केही थाहा थिएन । यसरी एउटी नारीको, वीरंगनाको त्यागको कथा उत्सर्गको कथा, निस्वार्थ सेवा र भक्तिको कथा समाप्त हुन्छ ।

यस कथाका पात्रहरूमा राजकुमार र कोइली मुख्य पात्र हुन् भने बचेराहरू, माली र राजकुमारी सहायक पात्रका रूपमा कथामा उपस्थित छन् । राजकुमारको इच्छा र चाहना पूरा गराउन कोइली चरीले ठूलो त्याग गरेकी छे । आफ्नो स्वार्थभन्दा परइच्छालाई महŒव दिँदै आफ्नो कर्तव्य निभाउन आफूलाई गुलाफको बोटमा प्राण उत्सर्ग गरेकी छे । यहाँ कोइली चरी वीरंगना नारी पात्रका रूपमा उभिएकी छे ।

राजमहल र बगैंचाको परिवेशसँगै कोइलीले देखाएको महानता र कर्तव्यपरायणता पनि आन्तरिक परिवेशका रूपमा कथामा आएको छ । बचेराहरूको बिलाप र मालीबाट प्रस्तुत कोइलीको महानताको प्रशंसा पनि आन्तरिक परिवेशकै रूपमा प्रस्तुत गरिएको छ ।

यस कथाको भाषा आलंकारिक र विभिन्न उपमाले सजिएको छ । भाषा सरल हुनुका साथै मिठासपूर्ण पनि छ :-"गोधुलीको समय, सूर्यसितै गाई वस्तुहरू पनि धूलो उडाउदै रवना हुन लागेथे, चरा चुरुङ्गीहरू आफ्ना आफ्ना गुँडरित फर्कन लागे, फूलहरू मस्त भई झुल्न लागेका देखिन्थे । पवन भने आफ्नो राजकुमारलाई छोडेर जान सकेनन्" ।[६] यसरी कथा सरल अर्थ स्पष्ट भइकन पनि अलंकारिक बन्न पुगेको छ । प्रकृतिलाई पनि मानवीकृत गरी कथामा उभ्याइएको छ ।

आफूले गर्नुपर्ने कर्तव्य जस्तै हालतमा पनि पूरा गर्नुपर्छ, सांसारिक मोहभन्दा पर रहेर आफ्नो हैन अरूको हितका लागि काम गर्नु महानता हो भन्ने कुरा यहाँ कोइलीका माध्यमबाट व्यक्त गरिएको छ । साथै आजका मानवलाई एउटा चराले त आफ्नो विवेक लगाएर कर्तव्य

६ नानी बाल पत्रिका, एउटी नारीको कथा (कथा), वर्ष - २, अङ्क १, २०५६, पृ. ६ ।

निभाउन पछि हट्दैन भने हामी त मानव । मानव हित र मातालाई सुखी र हँसिलो मुहारमा हेर्न आफ्नो जीवन बलिदान दिनुपरे पनि पछि हट्नु हुँदैन भन्ने वीरताको सन्देश दिएको छ ।

साँच्चै संसारमा सबै मानव कोइली चरी जत्तिकै निस्वार्थी र त्यागी भएर आफ्नो कर्तव्य पूरा गर्ने हो भने संसारमा सबै सुखी र सबैको उन्नति भई मानवतावादी भावनाको जगेर्ना हुनेथियो ।

### ४.३.५.२ ˘होसबिनाको जोस’ कथाको अध्ययन र विश्लेषण

यस चित्रकथामा होस नपुऱ्याइ कागले कुकुरलाई गाली गर्न लाग्दा मुखबाट माछाहरू खसेर काग जिल्ल परेको कुराको वर्णनले होस् पुऱ्याएर बुद्धिमानीपूर्वक काम गर्नुपर्छ । जोसमा आएर काम गर्नाले त्यसको प्रत्यक्ष हानी नोक्सानी आफैंले ब्योहोर्नुपर्छ भन्ने अर्थ लागेकोले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

कथा छोटो तथा घटनाहरूको वर्णन स्पष्ट हुने चित्रहरूको प्रयोग गरिएकाले बालबालिकाले कथा सजिलै बुभ्नुको साथै रमाइलो मानी पढ्न रुचाउँछन् । वर्णनात्मक कथन ढाँचाको प्रस्तुति तथा सरल भाषाको प्रयोग भएकाले कथा बालोपयोगी देखिन्छ ।

कथाको सुरुवात बिरालोले साह्रै भोक लागेर माछा मार्दै थुपार्दै गरेबाट भएको छ । त्यत्तिकैमा काग आएर एउटा माछा टिपेको निहुँमा कुकुर कागको पछि पछि दगुर्छ र कुकुरले कागलाई तथानाम गाली गरेको सुनेर कागले पनि केही भन्न खोज्नासाथ उसको मुखबाट माछा खस्छ र कुकुर मख्ख पर्दै माछा खान्छ । यत्तिकैमा कथा सकिन्छ ।

काग र कुकुर मुख्य पात्र रहेको यस कथाले के सन्देश दिएको छ भने होस बिनाको जोसले गर्दा आफ्नो मुखमा परेको वा आफ्नो सामान समेत गुमाई दुःखका साथ बस्नुपर्छ । काम गर्दा होस् पुऱ्याएर गर्नुपर्छ । रिस उठ्यो भन्दैमा अरूमाथि बुद्धि नपुऱ्याई खनिँदा त्यसको बेफाइदा आफैँलाई हुन्छ भन्ने शिक्षा यस कथाले दिएको छ ।

## ४.३.६ वर्ष २, २०५६ कार्तिक-मंसिर, अङ्क २- ३ संयुक्ताङ्कमा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्ष २ मा प्रकाशित यस संयुक्ताङ्कमा सुस्मिता नेपालद्वारा रचिएको दुःख तथा लोक कथा मध्येकै एक पारस र कोइली शीर्षकका कथाहरू क्रमशः पृष्ठ ५ र २७ मा प्रकाशित भएका छन् ।

### ४.३.६.१ 'दुःख' कथाको अध्ययन र विश्लेषण

सुस्मिता नेपालद्वारा लिखित यस दुःख कथा मानिसहरू कुनै न कुनै कारणबाट दुःख भोग्न बाध्य हुन्छन् । संसारमा मानिसलाई उसको छायाले पछ्याए जस्तै दुःखले पनि कुनै न कुनै रूपबाट पछ्याइरहेको हुन्छ भन्ने अर्थबाट कथाको शीर्षक र विषयवस्तुबीच सामञ्जस्य रहेको छ भन्न सकिन्छ ।

यस कथाको शीर्षक एक ध्वन्यात्मक छ । प्रत्येक मान्छेभित्र दुःख हुन्छ । त्यस दुःखलाई कसैले गहन रूपमा त कसैले हल्का रूपमा महसुस गरिरहेका हुन्छन् भन्ने कुरा यस कथामा देखाइएको छ । दुःख संसारभरि व्याप्त छ भन्दै पूरै कथा दुःखकै चर्चामा लेखिएकोले यस कथाको शीर्षक सार्थक छ ।

कथाको आकार छोटो छ । कथा बाह्य दृष्टिबिन्दुमा संरचित छ । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

कथावस्तुको प्रारम्भ शहरको मूल सडकको एउटा घरको धनी व्यक्तिले झ्यालबाट सडकमा देखिने मान्छे हेर्दै गरेको प्रसङ्गबाट भएको छ । उनी सडकमा गाडी, माग्नेहरूलाई नियाल्दै मान्छेको अनेक रूप र अवस्था देखी दुःखी हुन्छन् । सडकका पेटी गल्लीमा कुकुर जसरी बेसहारा जीवन जीउन बाध्य छ त्यसरी मान्छे र खातेका रूपमा चिनिन विवश केटाकेटीहरूले त उनलाई अझ दुःखी तुल्याउँछन् । उनको यो दुःखी अनुहारको कारण अब आफ्ना सात वर्षे छोरालाई बताउन पुग्छन् । छोराले पनि बाबुको कुरामा खूब चासो राख्न थाल्छन् र भोलिपल्ट देखि नै बाबुको इच्छा पूरा गर्न मिहिनेत गरी पढी ठूलो ब्यक्ति बन्छन् । बाबुले भने बमोजिम दुःखीहरूप्रति काम गर्ने मनसाय बोकेर सडक गल्ली डुल्न थाल्छन् । सडकका मानिसहरूका भीडमा मिसिदै एउटा दुःखी बूढालाई पछ्याउँदै गए र सोधे 'दाइ ! तपाईलाई के भयो ?' अथाह व्यथाले किचिएको बूढाले उसलाई हेर्दा पनि नहेरी रुदै भन्यो -" मलाई केही भाछैन ।"[७]

त्यसपछि बूढाको छोरो अर्थात् कमलले केही सोध्ने आँट गरेनन् । फेरि अघि बढ्दै जाँदा एकसरो कपडाले आँङ ढाक्न सम्म नसकेकी महिला छेउ पुगे तर बोल्नै सकेनन् । यी मानिसहरूका हालत देखेर कमलको मनमा झन खपिनसक्नु दुःख उर्लेर आयो । यसरी कथा समाप्त हुन्छ ।

यस कथाको मुख्य पात्र कमल र उसको बाबु हो । बूढो मानिस, आइमाइ सहायक पात्र हुन्, कमल संसारका मानिसमा भएको दुःखको कारण बुझ्रेर सहयोग गर्न खोज्ने बुद्धिजीवी तथा

---

७ नानी बाल पत्रिका, दुःख (कथा), वर्ष-२, अङ्क -२, ३, २०५६, पृ. ५ ।

कथाभरि मुख्य भूमिका रहेको कथाको मुख पात्र हो । कथाकारको इच्छा र चाहना अनुरूप कमल कथामा उपस्थित भएको छ ।

यस कथामा शहरिया परिवेश तथा सडकको भीडभाड परिवेशको रूपमा आएको छ । गरिव, बूढो, पागल सडकको पेटीमा देखिएको मान्छेको भीडभाड भएको बस्तीको मुख्य परिवेश कथामा आएको छ भने आन्तरिक परिवेशमा मानिसभित्र गुम्सिएको अव्यक्त पीडा र दुःख रहेको छ । जुन बाह्य परिवेशमा प्रकट हुन सकेको छैन । कारण बुझ्न हिंडेको कमलको मनमा अथाह दुःख भरिन गई अनेक कुरा खेल्नु पनि आन्तरिक परिवेशकै रूपमा आएको छ ।

सरल तथा बेलचालको भाषा प्रयोग यस कथामा भएको पाइन्छ । पात्रानुकूल भाषा प्रयोगका साथै एकलापी र वार्तालाप दुवै प्रकारका संवादको प्रयोग भएको छ । संवाद पनि छोटा-छोटा प्रयोग भएको पाइछ भने कथाको अरू व्याख्या वर्णनात्मक शैलीकै ढाँचामा भएको पाइन्छ ।

यस कथाले दिने सन्देश वा उद्देश्य भनेको संसारका कोही पनि मानिसले दुःखबाट छुटकारा पाएका हुँदैनन् । सबै भित्र कुनै न कुनै प्रकारको दुःख हुन्छ तर त्यस्तो दुःख बुझ्न चाहने व्यक्ति भने कमै मात्रामा यस धर्तीमा जन्मेका छन्  जुन व्यक्तिहरूले आज कमलजस्ता विवेकी युवावर्गको प्रतिनिधित्व गरेका छन् भन्ने हो ।

### ४.३.६.२ 'पारस र कोइली' कथाको अध्ययन र विश्लेषण

'पारस र कोइली' लोक कथा हो । यस कथामा पारस, उसकी आमा तथा कोइली चरीको प्रसङ्ग मुख्य रहेको छ । पारसले कोइलीलाई साथी बनाएको र अन्त्यमा कोइली हराउँदा पारस पनि त्यसै जंगलमा खोज्दै त्यही हराएको कुरा कथामा वर्णित छ ।

कथा ज्यादै छोटो तथा मानवले पशुपंशक्षीलाई आत्मीय मित्र बनाउन सक्छ भन्ने सन्देश प्रवाह गरेको छ ।

कम पात्र, मानवेतर पात्र तथा वर्णनात्मक शैलीमा कथा प्रस्तुत भएको पाइन्छ । गरिब पारसले घाइते सुगाप्रति देखाएको सेवा आजका मानवहरूका लागि प्रेरणा सावित हुन सक्छन् ।

### ४.३.७ वर्ष २, २०५६ पौष, अङ्क ४ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

नानी बाल पत्रिकाको वर्ष २ को यो चौथो अङ्क मासिक रूपमा पुस महिनामा प्रकाशित भएको अङ्क हो । यस अङ्कमा अच्युत घिमिरेद्वारा रचना गरिएको 'एउटा सत्य कथा' नामक कथा प्रकाशित भएको छ । उक्त कथा 'नानी' पत्रिकाको पृष्ठ सातमा समाविष्ट छ ।

### ४.३.७.१ ‘एउटा सत्य कथा’ कथाको अध्ययन र विश्लेषण

यो कथा कुनै एकादेशको कथा नभएर संसारमा महान व्यक्तित्वहरूको महान कार्यको प्रशंसा गरिएको सत्य, तथ्य इतिहास हो । जसलाई बालप्रेरणाको स्रोतका रूपमा यस ‘नानी’ बाल पत्रिकामा सत्य कथा बनाएर प्रस्तुत गरिएको छ । साँच्चै यो कुनै काल्पनिक कुरा नभएर विविध समयमा जन्मिएका साहित्यकार, वैज्ञानिक, अन्वेषकहरूको सत्य जीवनी सम्बन्धी महŒवपूर्ण कुराहरू समाविष्ट गरिएकाले यसको शीर्षक र कथावस्तुमा सामञ्जस्य रहेको छ भन्न सकिन्छ ।

प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुमा यो कथा संरचित छ । शिक्षक तथा विद्यार्थीको कक्षा क्रियाकलापमा आधारित यस कथामा शिक्षक म पात्रका रूपमा उभिएका छन् र विद्यार्थीलाई तृतीय पुरुष पात्रको रूपमा उभ्याएका छन् । प्रश्नोत्तर शैलीको छोटा छोटा संवाद प्रयोग गरिएको छ । शिक्षक विद्यार्थी समक्ष लक्ष्मीप्रसाद देवकोटाको महानता र महाकवित्वबारे प्रश्न गर्छन्, विद्यार्थी अल्मलिन्छन् र शिक्षक आफैं धाराप्रवाह रूपमा देवकोटा कसरी महाकवि बन्न सफल भए भन्ने कुरा विद्यार्थीलाई सुनाउँछन् । त्यति बेलासम्म विद्यार्थीहरूमा पनि महान् बन्ने जोस तथा जाँगर पलाउँछ र भविष्यमा महान् बन्ने कल्पनामा डुब्दै उत्रँदै गर्न पुग्छन् । “हँसिलो चेहरा बनाएर सबै विद्यार्थी समाजसेवी वैज्ञानिक, अन्वेषक, पर्वतारोही आदिका रूपमा रूपान्तरित हुन पुग्छन् ।”[८] यस कथाको कथावस्तु यत्तिमै समाप्त हुन्छ ।

सरल भाषा छोटा-मीठा संवाद प्रश्नोत्तरी शैलीमा प्रस्तुत कथाको रचना भएको छ । साथै विद्यार्थीवर्गमा कसरी उत्साह जगाई पठन-पाठन गराउन सकिन्छ भन्ने ज्ञान सबै शिक्षक तथा विद्यार्थी वर्गमा दिनु यो कथाको मुख्य उद्देश्य हो । साथै संसारमा यदि जसले राम्रो काम गरेर देखाउँछ ऊ नै युगौं युग अमर रहन्छ इतिहासको पन्नामा उनीहरूको नाम कहिल्यै नमेटिने गरी लेखिन्छ । तसर्थ सबैले असल र महान् बन्न लक्ष्य राखी आफ्नो नाम देश तथा विदेशमा चम्काउन सक्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

## ४.३.८ वर्ष :२, २०५६ माघ, फागुन, चैत्र, संयुक्ताङ्क - ८, अङ्क - ५ मा प्रकाशित कथाको अध्ययन र विश्लेषण

२०५६ पुष महिनामा मासिक अङ्कका रूपमा प्रकाशित यस बालपत्रिकाको पाँचौं अङ्क २०५६ माघ-फागुन-चैत्रको संयुक्ताङ्कका रूपमा प्रकाशित भएको पाइन्छ । यस अङ्कको पृष्ठ ८ मा

---

८ नानी बाल पत्रिका, एउटा सत्यकथा (कथा), वर्ष - २, अङ्क - ४ २०५६ पृ. ७ ।

'राजाबिनाको रमाइलो जंगल' शीर्षकको बालकथा प्रकाशित भएको छ । उक्त बालकथा नारायण खकुरेलले चावहिलबाट लेखी पठाउनुभएको हो ।

### ४.३.८.१ 'राजाबिनाको रमाइलो ज·ल' कथाको अध्ययन र विश्लेषण

यस कथामा राजा भएर राजाले आफ्नो जिम्मेवारी पूरा नगरी मनलागी शासन चलाउनुभन्दा राजै नभए जनताहरू थिचोमिचो र मनपरी शासनबाट मुक्ति पाउँछन् भन्ने अर्थबाट शीर्षक सार्थक छ भन्न सकिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ । सरल भाषा तथा वर्णनात्मक शैलीको कथन ढाँचामा कथा संरचित छ । कथावस्तुअनुसार जङ्गलमा सिंह, हात्तीलाई अरू जनावरहरूले राजा बनाए तर आफ्नो कार्यकालभरि ती दुवैले कसैको समस्या समाधान गरेनन् उल्टै जंगली जनावरहरूलाई झन् दु:ख दिन थाले । सिंहलाई पहिला जंगलको राजा बनाइयो । उसले पनि राजा भएर आफ्नो कर्तव्य पूरा गरेन । जनावरहरूमाथि समान व्यवहार गरेन । त्यसपछि जंगली जनावरहरू फेरि सभा बसी हात्तीलाई राजा बनाए । हात्तीले पनि सिंहले जस्तो ब्यवहार देखायो र अन्तमा जो राजा भए पनि के हुँदो रहेछ र भनी जंगलका सम्पूर्ण जनावर पन्छीहरू एकजुट भई अब यस जङ्गलमा राजा नै नराख्ने निर्णय गरे । यसरी सबै एकजुट भएर बोलेपछि हात्ती, सिंहले बोल्ने साहस नै गरे्नन् र सिंह त्यस जंगलबाट भाग्यो । सबै जनावरहरू खुशीसाथ आफ्नो शासनमा रमाएर जंगलमा बस्न थाले । कथा यतिमै समाप्त हुन्छ ।

यसरी यस बालकथाले के सन्देश दिएको छ भने आफू ठूलो पदमा बसेपछि आफ्नो कर्तव्य पूरा गर्न सक्नुपर्छ नत्र जनताबाट लखेटिई आफ्नो राज्यको अधिकार समेत खोसिन्छ । म ठूलो मैले जे गरे पनि हुन्छ भन्ने भावना कसैले राख्नु हुँदैन । अधिकार लिनु छ भने कर्तब्य पनि पालना गर्नुपर्छ र सबै एकजुट भई काम गरेमा कसैले हेप्न सक्दैन भन्ने शिक्षा पनि यस कथाले दिएको छ ।

### ४.३.९ वर्ष २, २०५७, अङ्क ६ मा प्रकाशित कथाको अध्ययन र विश्लेषण

यो कथा वर्ष :२ को संयुक्ताङ्क आठपछि २०५७ सालमा पूर्णाङ्क ९ तथा अङ्क ६ प्रकाशित भएको हो । यसमा चतुरे कृष्ण नामक बालकथा पृष्ठ १७ मा प्रकाशित भएको छ । यस कथाका कथाकार हुन् शारदा कोइराला ।

### ४.३.९.१ "चतुरे कृष्ण' कथाको अध्ययन र विश्लेषण

प्रस्तुत कथामा शीर्षकअनुसारको विषयवस्तु रहेको छ । कृष्णेले चतुऱ्याइँ नगरेको भए जंगबहादुर राणाका अगाडि कसरी आफ्नो अधिकार माग्ने साहस गर्थ्यो ? केही बोल्नै नपाईने समय, त्यहाँमाथि जंगबहादुर राणा जस्तो प्रधानमन्त्री जसका अगाडि गरिव तथा बेसहारा कृष्णे । कृष्णेले चतुऱ्याइँ गरेर साँचो बोलेको हुँदा आफ्नो इज्जत जोगाउन सफल भयो । कथाको विषयवस्तु कृष्णेको चलाखीपनसँग सम्बन्धित भएको हुँदा यस कथाको शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

कथाको आकार लघु प्रकृतिको देखिन्छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक शैलीको कथन ढाँचामा प्रस्तुत कथा लेखिएको  छ ।

प्रस्तुत कथाको सुरुआत नेपालको ऐतिहासिक घटना अर्थात नेपालको राजनीतिमा राणा शासनकाल भनेर चिनिने जहानियाँ राणा शासनकालको जंगबहादुर राणा प्रधानमन्त्री भएको अवस्थाबाट भएको छ । जुन समयमा राणाहरूले 'कालो वस्तुलाई सेतो वा सेतोलाई कालो' भनेको अवस्थामा अरू कसैले यसमा दोहोरो जवाफ लगाउन सक्दैनथे । हो, त्यही अवस्थामा कृष्णे नाम गरेको एक जना चलाख पात्रलाई कथाकारले जङ्गबहादुरको चाकरी गर्ने तर सत्य बोल्न नडराउने पात्रका रूपमा उभ्याएका छन् ।

कृष्णे अरू चाकरीबाज जस्तो राणाहरूको वचनमा हो मा हो मिलाउने थिएन । सही के हो सोको विचार गरेर सत्य बोल्थ्यो । यस्तैमा जंगबहादुरले एउटा सोझो रूखलाई बाङ्गो छ हगि भन्दा सबैले हो भने तर कृष्णेले व्यङ्ग्यको भावमा भन्यो –"सरकार ! मेरो गर्धन चिलाएर हो कि रूख सोझो भएर हो । म त यो रूखलाई सोझै देख्दछु ।"[९] कृष्णेले यति भनी सक्ने वित्तिकै जङ्गबहादुरको आदेश आयो "ल यसको तलव आधा गर्नु ।" यसरी "केही बोल्यो कि पोल्यो" भनेझैं कृष्णेले आधा तलब गुमायो तर पनि उसले सत्य बोल्न छोडेन । फेरि अर्को दिन कृष्णे टुँडिखेलमा कवाज खेल्न गयो । अरू सिपाहीले उर्दीको लुगा लगाए तर कृष्णेले हाफपेन्ट मात्र लगाई कवाज खेलिरहेको थियो । जंगबहादुर निरीक्षण गर्दै त्यहाँ पुगे र कृष्णेको लुगा देखेर सोधे किन उर्दीको लुगा नलगाएको ? कृष्णेले जवाफ दियो 'आधा तलबले यति मात्र पुग्यो सरकार' त्यसदिनदेखि कृष्णेले पूरा तलव पाउने भयो । यसरी कृष्णेको चतुऱ्याइँले गर्दा सही कुरा बोल्दा गुमेको तलब पुनः पायो । यसरी कथा समाप्त हुन्छ ।

---

९ नानी बाल पत्रिका, चतुरे कृष्ण (कथा), वर्ष - २, अङ्क - ६, पृ. १७ ।

तसर्थ यस कथाले के शिक्षा दिएको छ भने "नबिराउनु नडराउनु" अर्थात् आफूले गल्ती नगरेको भए आफ्नो हक अधिकारका लागि बोल्नुपर्छ कसैसँग पनि डराउँनु हुँदैन भन्ने हो ।

### ४.३.१० वर्षः ३, २०५७, पूर्णाङ्क -११ (भदौ-असोज), अङ्क - २ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

यो कथा २०५७ भदौ-असोज महिनामा वर्षः ३ को अङ्क २ मा प्रकाशित भएको छ । यस अङ्कको पृष्ठ १३ मा मधुसूदनप्रसाद घिमिरेद्वारा रचित 'परिवर्तन' तथा पृष्ठ २८ मा लोकेन्द्र शाक्यद्वारा रचित "कुसुमको सन्देश" नामक बालकथा प्रकाशित भएका छन् ।

#### ४.३.१०.१ 'परिवर्तन' कथाको अध्ययन र विश्लेषण

यस बालकथामा सीताले आफूले आफैलाई परिवर्तन गराउन सफल भएकी छे । उसका पहिलेको गल्तीमा सुधार आएको कारण कथाको शीर्षकअनुसारको कथावस्तु रहेको छ भन्न सकिन्छ ।

कथा लघु आकारको छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ । कुनै विद्यालयमा विद्यार्थी पढिरहेको र शिक्षकले पढाइरहेको प्रसङ्गबाट कथा प्ररम्भ भएको छ । कक्षा चारमा पढ्ने विद्यार्थीहरूमा लक्ष्मी र सीता मिल्ने साथी हुन्छन् । लक्ष्मी गरिब परिवारमा जन्मेकी तथा सीता धनी परिवारमा जन्मेकी हुन्छे । सीता एकदिन गुरुले पढाउनुभएको बेलामा मुर्च्छा पर्छे । सबै मिली उनलाई हेल्थपोस्ट पुऱ्याइन्छ तर निकै बेरपछि उनको होस आउँछ । भोलिपल्ट गुरुले स्वास्थ्य र शरीर विज्ञान पढाइरहेको बेलामा पौष्टिक खाना तथा शरीरलाई चाहिने झोल कुरा र पानीको मात्रा विषयमा छलफल हुन्छ । हिजो सीता मूर्च्छा परेको कारण गुरुलाई थाहा भएको र स्वास्थ्यकर्मीले सीतालाई पोसिलो-झोलिलो पदार्थ धेरै खानदिनु भनेको कुरा गुरुले सीतालाई सम्झाउने बहानामा कक्षाका सबैलाई दिनमा १/२ लिटर पानीका साथै झोलिलो खानेकुरा साग, सब्जी प्रशस्त मात्रामा खानुपर्छ भनी बताए । सीताले पनि महसुस गरी "आफूले सधैँ तारेको आलु र दालभात मात्र खानाले बहोस भएकी रहेछु; शरीरमा पानीको मात्रा कम भएको रहेछ ।" तसर्थः भोलिपल्टदेखि आफ्नो बानीमा परिवर्तन गर्ने निर्णयमा पुगी र कथा यहीं टुङ्गिन्छ ।

यस कथामा गुरु, सीता, लक्ष्मी मुख्य पात्रका रूपमा रहेका छन्, साथै अन्य विद्यार्थी, सीताका अभिभावक, स्वास्थ्यकर्मी सहायक पात्र भएर आएका छन् । गुरु राम्रो शिक्षा दिने मुख्य

पात्र हुन् तथा विद्यार्थीहरू लक्ष्मी, सीता आदि गुरुको कक्षा कार्याकलापमा सहयोग पुऱ्याउने पात्र हुन् तथा सीता गुरुको अर्ती तथा प्रेरणाबाट आफ्नो बानी सुधार्न कोसिस गर्ने परिवर्तित पात्र हुन्छे ।

एउटा विद्यालयको परिवेशमा संरचित यस कथामा बालबालिकाहरू आफ्नो जिन्दगीका कारण तथा घरमा अरूलाई नटेर्दा आफैंलाई हानी पुऱ्याइरहेका हुन्छन् तर आफूले गरेको गल्ती कसैको शिक्षा तथा अर्तीबाट सुधार्न सक्छन् भन्ने सन्देश यस कथाले दिएको छ । बालबालिकाहरू काँचो माटो हुन् उनीहरूलाई जस्तो बनाउन खोज्यो त्यस्तै रूपमा परिवर्तन हुन्छन् भन्ने निचोड यस कथाबाट निकाल्न सकिन्छ ।

### ४.३.१०.२ 'कुसुमको सन्देश' कथाको अध्ययन र विश्लेषण

यस लघु कथा ज्यादै छोटो छ साथै कुसुम कक्षा -८ मा अध्ययनरत छात्राले विद्यालयमा गरेको उल्लेखनीय कार्यको प्रशंसामा यो कथा रचिएको छ । कुसुमले फुर्सदको समयमा बाल साहित्यिक पत्र पत्रिकाहरू पढी त्यसबाट प्राप्त ज्ञानले विद्यालयमा "नमूना साहित्य समूह" को गठन गरिन् । त्यस समूहले विद्यालयमा बाल भित्ते पत्रिका सञ्चालन गरेका छन् । विद्यालयको मासिक सरसफाई तथा पुस्तकालयको सञ्चालन पनि स्थापना गरिएको छ ।

आज कुसुमको राम्रो र महान विचारले गाउँका धेरैभन्दा धेरै बालबालिकाहरूले बाल अधिकार र बाल साहित्यको बारेमा वकालत गर्न सक्ने भएका छन् ।[१०]

यसरी यस किसिमको सरल भाषाको प्रयोग भएको बाल कथाले बालबालिका पनि राष्ट्रका अभिन्न अङ्ग हुन् भन्ने कुरालाई पुष्टि गर्छ । उनीहरूले पनि आफ्नो गाउँ, समाज र राष्ट्रलाई राम्रो काम गरेर सहयोग पुऱ्याउन सक्छन् भन्ने मार्मिक सन्देश दिएको छ साथै यसले आजका बालबालिकाहरूलाई कुसुम जस्तै बनेर देखाउने शिक्षा प्रदान गरेको छ ।

## ४.३.११ वर्ष ३, २०५७ कात्तिक-मार्ग, पूर्णाङ्क १, अङ्क ३ मा प्रकाशित कथाको अध्ययन र विश्लेषण

१० नानी बाल पत्रिका, कुसुमको सन्देश (कथा), वर्ष - ३, अङ्क - २, २०५७, पृ. २८ ।

यस नानी बालपत्रिकाले वर्षः ३, अङ्क तीनका कार्तिक-मंसीर महिनामा चलाख बाँदर र निष्ठुरी गोही शीर्षकको कथा प्रकाशित भएको छ । यस कथाका कथाकार ममता दाहाल हुन् । यो कथा वर्ष तीनको अङ्क ३ को पृष्ठ ९ मा प्रकाशित छ ।

### ४.३.११.१ 'चलाख बाँदर र निष्ठुरी गोही' कथाको अध्ययन र विश्लेषण

यस कथाको शीर्षक अनुरूप बाँदर चलाखीको पात्र बन्नुका साथै गोही भित्रको निष्ठुरीपनलाई कथावस्तुले स्पष्ट पारेको हुँदा यस कथाको शीर्षक र कथावस्तु बीच सामञ्जस्य छ भन्न सकिन्छ ।

वर्णनात्मक तथा संवादात्मक शैली प्रयोग गरिएको उक्त कथामा सरल र कतै व्यङ्ग्यात्मक भाषाको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिविन्दुको कथन शैलीमा कथा संरचित छ ।

"कुनै एउटा गाउँको छेउमा घना जङ्गल र ठूलो समुद्र थियो । ती दुवै ठाउँमा धेरै वर्ष अघिदेखि एउटा बाँदर र गोही बस्ने गर्थे भनेर कथाको सुरुवात वर्णनात्मक कथन शैलीबाट भएको छ । गोही समुन्द्रमा भएका जीव खान्थ्यो त बाँदर रूखका फल । त्यतिकैमा समुद्रको छेउको फँडिरको रूखमा चढेर बाँदर फल खाँदै थियो । त्यो देखेर समुद्रमा बस्ने गोहीलाई पनि फल खान मन लाग्यो र बाँदरकसँग अनुरोध गऱ्यो । त्यसपछि बाँदरले फँडिर टिपी गोहीलाई पनि दियो । त्यसैदिनदेखि ती दुई आत्मीय मित्र बन्न पुगे ।

तर एकदिन गोहीको मनमा पाप उठ्यो । ऊ बाँदरको मुटु खान पाए झन् मीठो होला भनेर सोच्न थाल्यो र अब कसरी बाँदरको मुटु खान सकिन्छ भनी उपाय रच्न थाल्यो । एउटा उपाय उसले तुरुन्त सोच्यो र बाँदरछेउ गएर भन्यो "मितज्यू फँडिर दिनुस् न" बाँदरले फँडिर टिपेर दियो गोहीले खायो । गोहीलाई अब बाँदरलाई आफ्नो घर लान पाए हुन्थ्यो भन्ने लाग्यो । गोहीले बाँदरसँग अनुरोध गऱ्यो र दुवै गोहीको घरतर्फ लागे तर गोहीले बाँदरलाई घरमा नलगी समुद्रको माँझमा लग्यो र भन्न थाल्यो "म अब तँलाई मारेर तेरो मुटु खान्छु ।" त्यसपछि बाँदरले पनि त्यहाँबाट उम्कन एउटा जुक्ति रच्यो र गोहीलाई भन्यो "अहो, ! मितज्यू मैले त मेरो मुटु त्यहीं फँडिरको रूखमाथि नै पो छोडेर आएको छु । तपाइँ एकैछिन यहीं बस्दै गर्नुहोस् म गएर झट्टै मुटु लिएर आउँछु हुन्न ?"[११] यो सुनेपछि गोही पनि खुशी हुँदै कति सोझो बाँदर रहेछ भनेर

---

११ नानी बाल पत्रिका, चलाख बाँदर र निष्ठुरी गोही कथा, वर्ष - ३, अङ्क - ३, २०५७, पृ. ९ ।

जाने अनुमति दियो, तब बाँदर त्यहाँबाट भागी रूखको टुप्पामा पुगेर "लौ मेरो मुटु खाइस्" भनेर गोहीलाई गिज्याउन थाल्यो ।

यसरी गोहीले आफ्नो असल साथीको मुटु खाने निर्णयमा पुग्दा एउटा असल मित्र गुमाउनु पर्‍यो । कथा यहीं समाप्त हुन्छ ।

यस कथाले साथीलाई विश्वासघात गर्दा असल साथीको सहयोगबाट बञ्चित होइन्छ र असल मित्र सधैंका लागि गुमाउनुपर्छ । तसर्थ आफ्नो असल र सहयोगी मित्रलाई धोका दिनुहुन्न भन्ने सन्देश दिएको छ ।

४.३.१२ वर्ष ३, २०५७, पुस-माघ, पूर्णाङ्क: १३, अङ्क-४ मा प्रकाशित कथाको अध्ययन र विश्लेषण

२०५७ वर्ष: ३, अङ्क -४ सोही वर्ष पुस-माघ महिनामा प्रकाशित अङ्क हो । यस अङ्कमा प्रकाशित कथामा बालकथाकार परशु प्रधानद्वारा लिखित 'गाडधन' प्रकाशित भएको छ । उक्त कथा यस अङ्कको पृष्ठ सातमा प्रकाशन भएको छ । यो लोककथामा आधारित कथा हो ।

४.३.१२.१ 'गाड्धन' कथाको अध्ययन र विश्लेषण

गाड र धन दुई शब्द मिलेर बनेको यस कथाको शीर्षक गाड्धनको अर्थ जमिनमुनि गाडेर राखिएको धन भन्ने बुझिन्छ । बाबुले जमिनमुनि धन छ भनेकोले बृद्ध मालीका दुई छोराहरू जसले कहिल्यै आफ्नो खेतीपातीतिर ध्यान दिएका थिएनन् । उनीहरूले जाँगर चलाएर बगैंचा खनजोत गरी गरी धेरै फलफूल फलाउँछन् जमिनमा गाडेर राखेको धनको प्रतीकात्मक अर्थका रूपमा प्रशस्त फलफूल उत्पादन भई त्यसैबाट आर्जन गरेको रूपैयाँ पैसा हुन पुगेकोले यस कथाको विषयवस्तुअनुसार शीर्षक सान्दर्भिक देखिन्छ ।

यस कथाको आकार लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक शैलीको कथन ढाँचामा प्रस्तुत कथा लेखिएको छ ।

कथाको प्रारम्भ बृद्ध मालीको आफ्नो अन्तिम अवस्था भएको देखी आफ्ना दुई छोराहरूलाई बगैंचाको हेरचाह गर्ने बारेमा बताउँदाबाट भएको छ । माली आफू बूढो भएकोले अब बगैंचाको हेरविचार यी छोराहरूले राम्रोसँग गरुन् भन्नका खातिर उसले बगैंचामा गाडेर हीरा, मोती, माणिक्य राखेको कुरा बताएको छ । त्यसै हीरामोतीको लालसामा परी ती छोराहरूले बगैंचाको खनजोत गरी प्रशस्त फलफूल फलाउँछन् र व्यापारीलाई बेच्छन् । त्यसबाट प्राप्त रकम नै हीरा,

मोती, माणिक्य बन्न पुग्छ । यसरी आफ्नो बाबुको गाड्धन परिश्रम र मिहिनेतको फल रहेछ भन्ने कुरा ती दुई छोराहरूले थाहा पाउँछन् । यसरी कथा समाप्त हुन्छ ।

यस कथाका पात्रहरू बृद्ध माली र २ छोराहरू छन् । बृद्ध माली कथामा मुख्य पात्रका रूपमा उपस्थित छ भने २ छोराहरू सहायक पात्रका रूपमा आएका छन् । बृद्ध मालीले आफ्ना २ छोराहरू सपार्ने जुक्ति निकाल्छ जुन ज्यादै महŒवपूर्ण पक्ष हुनजान्छ । तसर्थ यस कथामा बृद्ध माली प्रेरक पात्रका रूपमा आएको छ ।

यस कथामा बाह्य परिवेशको चित्रणमा बृद्धमालीको बगैंचा रहेको छ भने आन्तरिक परिवेशका रूपमा बृद्धमालीको जुक्ति बुद्धि र उसको छोराहरूलाई सचेत पार्न गरिएको प्रयास रहेको छ ।

यस कथाको भाषा सरल छ । छोटा, छोटा संवाद वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ । गाड्धन शीर्षक यहाँ प्रतीकात्मक अर्थका रूपमा आएकोले कथाको शीर्षक सार्थक छ भन्न सकिन्छ ।

आफ्ना दुई छोराहरूले आफ्नो बिंडो थामून्, आफ्नो खेत, बारीमा पसिना बगाउन सिकुन् भन्ने भावना मालीको थियो तर माली जीवित छउन्जेल छोराहरूले काममा चासो नराखेकोले मालीले आफ्नो अन्तिम अवस्थामा उक्त जुक्ति रची छोराहरूलाई बताएका थिए । उनले बताएअनुसार छोराहरूले पनि बगैंचाको हेरविचार, खनजोत गरी फलफूल फलाएर प्रशस्त धन कमाए, तसर्थ यस कथाले परिश्रम र मिहिनेतको कमाई नै गाड्धन रहेछ भन्ने कुरा स्पष्ट पारेको छ । मिहिनेत र परिश्रम नै जीवनको सबैभन्दा ठूलो धन हो भन्ने सन्देश दिनुका साथै सबैलाई कर्म गर्ने प्रेरणा पनि दिएको छ ।

### ४.३.१३ वर्ष ३, २०५७, फागुन-चैत, पूर्णाङ्कः १४, अङ्कः ५ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्ष ३ को पाँचौं अङ्क २०५७ फागुन चैत महिनामा प्रकाशित भएको छ । यस अङ्कमा बालकथाकार शारदा कोइरालाद्वारा लिखित 'काले काग र चङ्खे फ्याउरो' नामक कथा पृष्ठ १३ मा प्रकाशित भएको छ ।

### ४.३.१३.१ ‘काले काग र चङ्खे Çयाउरो’ कथाको अध्ययन र विश्लेषण

यस ‘काले काग र चङ्के फ्याउरो’ कथा काग र फ्याउरो दुई प्रमुख मानवेतर पात्र प्रयोग भएको कथा हो । यस कथाको शीर्षक पनि यिनै दुई पात्रको नामबाट नामाकरण गरिएकोले कथाको शीर्षक र विषयवस्तुबीच सामञ्जस्य रहेको छ भन्न सकिन्छ ।

यस कथामा मानवेतर पात्र फ्याउरो र कागको संवाद प्रस्तुत गरिएको छ भने कतै वर्णनात्मक शैलीमा कथा रचना गरिएको छ । भाषा सरल हुनुका साथै मानवेतरले पनि मानवीय भाषाको प्रयोग गरेका छन् ।

कथावस्तुको सुरुवात कागले सेलरोटीको टुक्रा भेट्टाएर रमाउँदै गरेको प्रसङ्गबाट भएको छ । काले कागले सेलरोटी पाएर दङ्ग थियो । त्यसबखत चङ्के फ्याउरो रोटी खाने बहानामा कागलाई मीठो गीत गाउन अनुरोध गर्छ । कागले आफ्नो पुर्खाहरू पालैपालो यसरी नै ठगिएको कुरा बताउँदा बताउँदै उसको मुखबाट रोटी खस्छ र फ्याउरोले टप्प टिपेर खान्छ । यसरी काग फेरि पनि ठगिन्छ । कथा यहीं समाप्त हुन्छ ।

यस कथाले के सन्देश दिन खाजेको छ भने कागका पुर्खा ठगिएको उसलाई थाहा छ तर बुद्धिले काम गर्नुपर्छ भन्ने ख्याल नराखी रिसको झोकमा कुरा गर्दा उसको मुखमा परेको खाना समेत खान पाएन तसर्थ कुनै पनि काम गर्दा मूढे बलको भरमा गर्नुहुँदैन बरू बुद्धि लगाएर गर्नुपर्छ भन्ने हो ।

## ४.३.१४ वर्ष ३, २०५८ वैशाख-जेठ , अङ्क ६, पूर्णाङ्क १५ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्षः ३ को अन्तिम अर्थात् अङ्क ६, २०५८ वैशाख-जेष्ठ महिनामा दुई महिने पत्रिकाकै रूपमा प्रकाशित भएको छ । यस छैठौं अङ्कमा लौ आकाश खस्यो र पंक्षी र कान्छीको मित्रता बालकथाहरू प्रकाशित भएका छन् । उक्त कथाका कथाकार क्रमशः गंगाप्रसाद अधिकारी र अरुणा भट्टराई हुन् । उक्त कथाहरू क्रमशः पृष्ठ ११ र १८ मा प्रकशित भएका छन् ।

### ४.३.१४.१ ‘लौ आकाश खस्यो’ कथाको अध्ययन र विश्लेषण

यस बालकथाको शीर्षक ‘लौ आकाश खस्यो’ मूर्खहरूले विचारै नगरी आफूमाथि केही खस्न जाँदा आकाशबाटै खसेको हो ठान्छन् भन्ने भान व्यक्त गर्न यो कथा सफल भएकाले कथाको शीर्षकले व्यङ्ग्यात्मक अर्थ बहन गरेको स्पष्ट हुन आउँछ ।

यो बालकथा लघु प्रकृतिको छ। तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ र वर्णनात्मक संवादात्मक शैलीको प्रयोग यस कथामा भएको छ।

एक दिन एका बिहानै एउटा चकचके चल्लो एउटा बयरको रूखमुनि चर्न गयो। चल्लो यताउति खानेकुराहरू खोज्दै थियो। अचानक एउटा बयरको दाना रुखबाट खस्यो र उसको टाउकोमा लाग्यो भन्ने वर्णनात्मक कथनशैलीबाट कथा प्रारम्भ भएको छ। त्यही निहुँमा चल्लो आफूमाथि रहेको काला बादलका टाटा हेर्दै आकाश पो खस्न लागेछ भन्दै त्यहाँबाट छिटो लुक्न भनी हिंड्यो। ऊ बाटामा  हिँड्दै गर्दा हाँसले देख्यो र हाँस पनि उसको कुरा सुनी पछिपछि लाग्यो। त्यसैगरी पाठो पनि चल्लाकै पछिपछि गयो। यी सबै हतारमा हिंडेको छट्टु स्यालले देख्यो र तिनीहरूलाई सोध्यो। उनीहरूले आकाश खस्न लागेको कुरा गर्दै लुक्न हिँडेको बताए। स्याल चलाख थियो। उसले आकाश कहिल्यै खस्दैन भन्ने कुरा राम्ररी बुझेकोले “मौकामा चौका” भने झैं ती हाँस, पाठा र चल्लाको कुरामा सही थप्दै ऊ पनि तिनीहरूको पछिपछि लागी लुक्ने ठाउँ देखाउँछु भन्दै ओडारभित्र लग्यो। उसले पालैपालो पहिले चल्लो, अनि हाँस र पछि पाठालाई ओडारबाट बाहिर ल्याएर मार्दै धेरै दिनसम्म पुऱ्याएर खायो।

यसरी कुनै कुरामा विचारै नगरी विश्वास गर्दा चल्ला, हाँस र पाठाले सित्तैंमा ज्यान गुमाउनु पऱ्यो। यतिमै कथा समाप्त हुन्छ।

यस कथामा पाठो, चल्लो र हाँस विचारै नगरी काम गर्ने मूर्ख पात्रका रूपमा उपस्थित छन् भने स्याल बुद्धिमानीपूर्वक काम गर्ने पात्रका रूपमा रहेको छ। यी चारै जनावर यस कथाका मानवेतर तथा प्रमुख पात्र हुन्।

जङ्गल तथा ओडार वरपरको बाहिरी परिवेशमा कथा विस्तारित भई समाप्त भएको छ। त्यसैगरी चल्ला, पाठो र हाँसको मनभित्र पैदा भएको त्रास तथा स्यालको चलाखीपन आन्तरिक परिवेशको रूपमा आएको छ।

सरल तथा कतै व्यङ्ग्यात्मक भाषाको प्रयोग यस कथामा भएको छ। स्यालको संवाद प्राय व्यङ्ग्यात्मक बनेको छ भने अरूको संवाद सरल छ।

यस कथाले दिन खोजेको शिक्षा वा सन्देश भन्नु नै स्यालले झैं बुद्धि लगाएर सोचविचार गरी काम गर्नुपर्छ भन्ने हो। तथा अरूको हल्लामा पछि लाग्दा ज्यान समेत गुमाउनु परेको कुरा चल्लो, हाँस र पाठाको मूर्खता तथा सोचविचार नगरी काम गर्दाको परिणाम हो।

### ४.३.१४.२ ‘पंक्षी र कान्छीको मित्रता’ कथाको अध्ययन र विश्लेषण

यस कथामा चराहरूसँग कान्छीको प्रगाढ सम्बन्ध देखाइएको छ । कथामा कान्छीले कौवा, परेवालाई खाना दिएको र परेवा, कौवाले पनि कान्छीका घरमा आई परेका विपत्तिमा साथ दिएको देखाइएकाले कथामा वर्णित विषयवस्तु र शीर्षकबीच सामञ्जस्य रहको देखिन्छ ।

कथाको प्रस्तुति वर्णनात्मक तथा चरासँग कान्छीको संवादात्मक शैलीको प्रयोगमा भएको छ । कथाको आकार छोटो तथा कथा बाह्य दृष्टिविन्दुमा संरचित छ ।

यस कथाको सुरुवात कान्छी एक बालिका जसलाई पन्छी तथा रूखविरूवा, फलफूल खूब मन पर्ने प्रसङ्गबाट भएको छ । अरू दुई पात्र कौवा र परेवा जोसँग कान्छीको आत्मीय मित्रता थियो । हरेक दिन कान्छी कचौरामा कनिका लिएर परेवा र कौवालाई दिँदै खूव रमाउँथी र परेवा तथा कौवाहरू पनि कान्छीलाई देखेर "चिं-चिं" गरी खाना, पानी मागे जस्तो गर्थे ।[१२]

यस्तै एकदिन कान्छीको बाबुको सुन पसल चोरी हुन्छ । उनीहरूलाई धेरै ऋण लाग्छ र अरुको ऋण तिर्न घर बेच्ने निर्णयमा पुग्छन् । घर बेचिने भयो भनी कान्छी दुःखी हुन्छे र परेवाका अगाडि रुन थाल्छे । परेवा तथा कौवाले पनि कान्छीको रुवाईको कारण थाहा पाई केही चम्किला नगिना कान्छीको अगाडि खसालिदिन्छन् । ती नगिना बहुमूल्यका हुन्छन् भन्ने कुरा कान्छीले बुझ्केकी थिइन् । पन्छीहरूले आफू परीलोक बासी भएको र केटाकेटीसँग खेल्न आउँने गरेको कुरा बताउँदै ती नगिना बाबुलाई दिएर घर नबेच्न आग्रह गर्छन् । यसरी चराहरूले कान्छीलाई सहयोग गरेकोले कान्छीको परिवारले घर बेचेर अन्यत्र जानु परेन । कथा यहीँ समाप्त हुन्छ ।

यस कथामा कान्छी, कौवा र परेवा मुख्य मानव तथा मानवेत्तर पात्र रहेका छन् साथै उसका बाबु आम सहायक पात्रका रूपमा कथामा देखिन्छन् । मानव पात्र तथा मानवेतर पात्रबीचको आपसी सम्बन्ध माया र एकअर्काप्रति सहयोगको भावना देखाउँनु नै यस कथाको सार हो ।

यस कथाले मानव तथा मानवेतर पात्रबीचको सम्बन्ध पनि धेरै प्रगाढ हुन सक्दछ भन्ने देखाएको छ । साथै परेको बेलामा एक अर्कालाई मद्धत गर्नु नै साथीको कर्तव्य हुन जान्छ भन्ने जीवन उपयोगी शिक्षा यस कथाले दिएको छ ।

### ४.३.१५ वर्षः ४, २०५८ असार-साउन, पूर्णाङ्ग-१६, अङ्क -१ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

१२ नानी बाल पत्रिका, पंक्षी र कान्छीको मित्रता, (कथा), वर्ष - ३, अङ्क - ६, २०५८, पृ. १८ ।

यस “नानी” बाल पत्रिका कहिले द्वैमासिक त कहिले मासिक रूपमा प्रकाशित हुँदै तेस्रो वर्ष पार गरी चौथो वर्षमा प्रवेश गरेको छ । चौथो वर्षको अङ्क -१, २०५८ असार-साउनमा प्रकाशित भएको छ । यस अङ्कमा प्रकाशित कथाहरूमा चर्चित बाल कथाकार कल्पना प्रधानको 'सपनाको मूल्य' पृष्ठ नौ तथा बालकथा 'झूठो बोलेको फल' प्रकाश शाहले कक्षा-५, सिद्धार्थ शिसु सदन हेटौंडाबाट पठाउनुभएको पृष्ठ ३० मा रहेका छन् ।

### ४.३.१५.१ 'सपनाको मूल्य' कथाको अध्ययन र विश्लेषण

यस कथाको शीर्षक दुई शब्दले बनेको छ । मैसिंगेजस्ता गरीव जसको केही छैन खाली सपनामा कसैले दिएको पुरस्कार लिएर दुःख जिलो गरी बाँचेको हुन्छ त्यस्ताको सपना समेत किन्ने र आफ्नो बनाउने शोषक साहुप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको हुनाले कथावस्तुअनुसार शीर्षक सार्थक छ । गरिवको विपना त खोसे खोसे तर सपना समेत यस्ता साहुद्वारा किनिन्छ भन्ने अर्थ बहन गरेकोले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा प्रस्तुत कथा संरचित छ, वर्णनात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

कथावस्तुको सुरुवात पूर्वी तराईमा बस्ने एउटा गरिब मैसिंगे भुजेलको पारिवारिक अवस्थाको वर्णनबाट भएको छ । मैसिंगे दाउरा बेचेर छाक टार्ने गरिव हुन्छ । उसले जंगलबाट दाउरा ल्याई बेच्दै परिवार पाल्ने गर्छ । यस्तैमा एकदिन सपनामा एउटा जोगीलाई उसले घाँस काटेको ठाउँमा देख्छ । जोगीले तिमी इमान्दार मान्छे भएकोले म तिमीलाई पुस्कार दिन्छु भनी असर्फी दिन्छ । विपनामा जङ्गल जाँदा सपनाकै जोगी देख्छ र उसले दिएको असर्फी लिएर बजार जान्छ । त्यही असर्फी लगेर बेचविखन गरी खाने सामानहरू किन्छ । सधैं सपनामा जोगीलाई देख्ने र जोगीले उसलाई असर्फी दिने कार्य हुन्छ । सधैं बजार गएर असर्फी बेचेको कुरा एउटा साहुले थाहा पाउँछ र उसको सपना र असर्फी किनिदिन्छ । मैसिंगे सोझो भएकोले साहुले जे भन्यो त्यही गर्छ तर जोगीले गरिबको सपना समेत किन्ने साहुलाई कहिल्यै असर्फी दिँदैनन् ।[१३] यसरी कथा समाप्त हुन्छ ।

यस कथामा मैसिंगे उसकी स्वास्नी, बुहारी, छोरा, जोगी, साहुजस्ता पात्रहरू रहेका छन् । मैसिंगे, जोगी, मैसिंगेकी स्वास्नी र साहु मुख्य पात्र हुन् भने अरु सहायक पात्रका रूपमा देखिएका

---

१३ नानी बाल पत्रिका, सपनाको मूल्य (कथा), वर्ष - ४, अङ्क - १, २०५८, पृ. ९ ।

छन् । मैसिंगे निम्न वर्गीय गरिव पात्र हो भने साहु गरिबहरूको पसिनामा मोज गर्ने शोषक प्रवृत्तिको प्रतिनिधि पात्र हो ।

यस कथामा ग्रामीण परिवेशका साथै शहरबजारको परिवेशको पनि सूक्ष्म चित्रण गरिएको छ । मैसिंगे जस्ता गरीबहरूको छाक टार्ने समस्या तथा शहरका साहु जसले मैसिंगेजस्ताको सपना समेत किन्दछन्, त्यस्ता शोषकहरूको शोषण गर्ने प्रवृत्ति आन्तरिक परिवेशका रूपमा आएका छन् ।

सरल र बोलचालको भाषा प्रयोग यसमा भएको पाइन्छ । पात्र अनुकूल भाषा प्रयोग भएको छ । साहुको भाषा व्यङ्ग्यात्मक छ भने मैसिंगेजस्ता व्यक्तिको भाषा विपन्न वर्गले प्रयोग गर्ने सरल छ ।

सामान्य विषयलाई शीर्षक बनाएर आधुनिक युगमा भैरहेका शोषण कार्यको पर्दाफास गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ । साहुहरूले आज पनि गरिबको रगत र पसिना चुस्न छाडेका छैनन् भन्ने कुरा मैसिंगेको सपनाको समेत मूल्य तिरेर किन्ने साहुको प्रवृत्तिबाट स्पष्ट हुन्छ । साथै कथाकारले सूक्ष्म रूपमा के देखाउँन खोजेका छन् भने आजको २१औं शताब्दीमा पनि मैसिंगेजस्ता गरिबहरू ठगिएका छन् तसर्थ समाजबाट यस्ता सामन्ती प्रवृत्ति हट्नु पर्ने कुरालाई समेत जोड दिइएको छ ।

### ४.३.१५.२ 'झूठो बोलेको फल' कथाको अध्ययन र विश्लेषण

यस बालकथामा झूठो बोल्नेको कस्तो गति हुन्छ भन्ने दखाइएको छ । झूठो बोल्दा पाइने सजायबारे राम्ररी उल्लेख गरेकाले शीर्षक र विषयवस्तु बीच सामञ्जस्य रहेको छ भन्न सकिन्छ ।

कथा ज्यादै छोटो छ । तृतीय पुरूष कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

कथावस्तुको सुरुवात गाउँको असल केटो रामको गुणहरूको प्रशंशा गरेवाट भएको छ । राम कक्षा ५ मा पढ्ने र गाउँमा राम्रो बानी, व्यहोरा देखाउँने केटो हुन्छ भने श्याम कक्षा ५ मै पढ्ने तर अल्छी र खराब गुणहरूले भरिएको केटो हुन्छ । रामलाई सबैले मन पराउँछन तर श्यामलाई कसैले मन पराउँदैनन् ।

यत्तिकैमा एकदिन बाघ आएको हल्ला फिँजाएर श्याम गाउँलेलाई दुःख दिन्छ । भोलिपल्ट साँच्चै बाघ आएर उसलाई खान्छ र उसले झूठो बोलेको निहुँमा ज्यान गुमाउन पुग्छ । यसरी कथा समाप्त हुन्छ ।

यस लघु कथामा राम र श्याम दुई प्रमुख पात्र रहेका छन् भने गाउँलेहरू सहायक पात्रका रूपमा उपस्थित छन् । राम अनुकूल र असल चरित्र भएको पात्र हो भने श्याम दुष्ट चरित्र भएको झूठो बोल्ने पात्र हो ।

यस कथामा ग्रामीण परिवेशको चित्रण गरिएको छ । सरल भाषाको प्रयोग भएको यस बाल कथाले बालबालिकाहरूलाई झूठो बोल्नु हुँदैन भन्ने ज्यादै उपयोगी शिक्षा दिएको छ । हामीले कहिल्यै झूठो बोल्नु हुँदैन श्यामले झूठो बोलेर आफ्नो ज्यान गुमायो । तर रामले राम्रो काम गरेको हुनाले सबैबाट प्रशंसा पायो । त्यसैले हामी पनि आजैबाट रामको जस्तो व्यवहार गर्न सिक्नुपर्छ भन्ने सन्देश कथाले दिएको छ ।

## ४.३.१६ वर्ष: ४, २०५८ भदौ-असोज, पूर्णाङ्क -१७, अङ्क २ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्ष ४ को दोस्रो अङ्क भदौ-असोज महिनामा प्रकाशित भएको छ । यस अङ्कमा रामेश्वर राउत 'मातृदास'द्वारा लिखित 'लोभी पाङ्ग्रे र महको घ्याम्पो' पृष्ठ ८ तथा 'उपचार' बालकथा पृष्ठ ३९ मा प्रकाशित कथाहरू हुन् । 'उपचार' कथा संजीव श्रेष्ठले कक्षा -७ पिसजोन आवा सीय मा.वि. बाट पठाएका हुन् ।

### ४.३.१६.१ 'लोभी पाङ्ग्रे र महको घ्याम्पो' कथाको अध्ययन र विश्लेषण

यस कथाको मुख्य पात्र अर्थात लोभी बिरालोको नाम पाङ्ग्रे  हो र उसको अत्याचारका लागि महको घ्याम्पो ल्याइयो र लोभ गरी गरी पाङ्ग्रेले खान लाग्दा महको घ्याम्पोमा डुवी उसको ज्यान गयो ।

यस कथामा पाङ्ग्रे बिरालो र महको घ्याम्पोलाई कथाको मुख्य विषय बनाइएकाले कथाको विषय र शीर्षक मिलेको छ भन्न सकिन्छ ।

वर्णनात्मक शैली तथा तृतीय पुरुष कथन शैलीमा उक्त कथा संरचित छ ।

यस कथाको कथाबस्तु यसप्रकार रहेको छः चम्पाको गाउँमा बस्ने एउटा पाङ्ग्रे नामको बिरालो ज्यादै लोभी हुन्छ । खानेकुरा पाए जति सबै आफैं खाने र अरू निर्धा बिरालामाथि थिचोमिचो गर्ने गर्छ यसरी पाङ्ग्रेको थिचोमिचोमा परेका बिरालाहरूले पाङ्ग्रेलाई तह लगाउने उपाय निकाले र सबै मिली मह बटुले तथा एउटा घ्याम्पो ल्याई त्यसैमा खन्याए । घ्याम्पो महले भरियो । पाङ्ग्रे

डुल्दै आउँदा महको घ्याम्पो देख्यो। मह सबै कसरी खाने भनी घ्याम्पोभित्र पस्यो तर आउन सकेन र उसको ज्यान गयो।

यसरी अरूलाई दुःख दिने पाङ्ग्रे आफू पनि खुसी रहन सकेन कथा यहीँ समाप्त हुन्छ।

यस कथाका पात्रहरू मानवेतर अर्थात् बिरालाहरू रहेका छन्। पाङ्ग्रे र सुइरे मुख्य पात्र तथा अरू बिरालाहरू र कुमाले सहायक पात्रहरू हुन्। सुइरे जुक्ति बुद्धिवाल चलाख पात्र हो भने, पाङ्ग्रे अरूलाई दुःख दिएर सुखी हुन खोज्ने दुष्ट प्रवृत्तिको पात्र हो।

चम्पाको गाउँको सेरोफेरो यस कथामा आएको परिवेश हो। आन्तरिक परिवेशका रूपमा सुइरे लगायत अरू बिरालाहरूद्वारा रचिएको जुक्ति पर्दछ।

यस कथाको भाषा सरल छ साथै मानवेतरले मानवीय भाषामा कुराकानी गरेको देखाइएको छ। कथावस्तुको सर्सर्ती वर्णन भएकोले वर्णनात्मक भाषाशैलीको प्रयोग कथाकारले गरेका छन्।

यसरी यस कथाले सबैलाई दुःख दिनेले आफू पनि खुसी हुन सक्दैन भन्ने शिक्षा दिएको छ। पाङ्ग्रे यस्तै अरूलाई सताएर आफू खुसी हुन खोज्ने दुष्ट पात्र भएकोले उसले अकालमै ज्यान गुमाउनुपर्‍यो। तसर्थ सबैको कल्याणमा नै आफ्नो भलाई देख्नुपर्छ भन्ने पाठ यस कथाले सबैलाई सिकाएको छ।

### ४.३.१६.२ 'उपचार' कथाको अध्ययन र विश्लेषण

उपचार कथा रोगको उपचार गर्ने विषयसँग सम्बन्धित छ तसर्थ कथावस्तुले पनि उपचारकै बारेमा वर्णन गरेकाले यस कथाको शीर्षक सार्थक रहेको देखिन्छ।

कथाको आकार लघु प्रकृतिको छ र कथा तृतीय पुरुषको कथन शैलीमा संरचित छ। वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग यस कथामा गरिएको छ।

कथावस्तुको सुरुवात गौंथलीको बुद्धिमानी र उसलाई आयुर्वेदको ज्ञान थियो भन्नेबाट भएको छ। उसले आयुर्वेदिक औषधीका बारेमा जानेकीले, बैद्यको काम गर्थिन्। त्यस्तैमा एक दिन ज्यादै मोटो साहु आफ्नो मोटोपना घटाउन गौंथलीकहाँ आउँदा एउटा कागज दिँदै गौँथलीले भनी "यसै कागजमा लेखिएको औषधी किनेर खानुस् अनि २५ दिनपछि म तपाइँलाई भेट्न आउँला"[१४] भनी पठाइन्। साहू औषधी किन्न पसलमा गयो तर कागजमा तपाइँ १५ दिनभित्र

१४ नानी बाल पत्रिका, उपचार (कथा), वर्ष - ४, अङ्क - २, २०५८, पृ. ३९।

मर्नुहुन्छ भनी लेखिएको थियो । मर्ने कुराले साहुलाई ज्यादै पीर लाग्यो र उसलाई खान मन पनि लागेन । चिन्ता गर्नाले साहुको शरीर आधा घट्यो । २५ दिनपछि गौंथली साहुको हालखवर बुझ्न आइन् । साहुलाई दुव्लाएको देखेर आफ्नो उपचार खर्च मागिन् तर साहु रिसाउँदै मर्ने कुरा बताएर पीर पारेको भन्दै गाली गर्न थाल्यो । यदि गौंथलीले यो कुरा नबताएकी भए साहु बसी बसी खान्थ्यो र उसको शरीर कहिल्यै घट्ने थिएन भन्ने कुरा बताउँदा साहुले लाजले मुन्टो निहुराएर गौंथलीको उपचार खर्च दियो । कथा यसरी समाप्त हुन्छ ।

यस कथामा गौंथली र साहु मुख्य दुई पात्र रहेका छन् । गौंथली चलाख  र बुद्धिमानी पात्र हो भने साहु आफ्नो शरीरको ख्याल नराखी प्रशस्त खाएर मोटाउने अनि उपचार गर्न हिंड्ने पात्र हो । यस कथामा साहुको मोटोपनालाई व्यङ्ग्य गर्दै आफ्नो शरीरको ख्याल खाफैंले राख्नुपर्ने कुरा बताइएको  छ ।

कथामा गौंथलीको गाउँको परिवेश मुख्य परिवेशका रूपमा आएको छ भने साहुको मर्ने चिन्ता आन्तरिक परिवेशका रूपमा आएको छ ।

सरल भाषा तथा गौंथली र साहुको संवाद त कतै वर्णन मात्रबाट कथा संरचित छ । गौथलीको संवाद चलाखीपूर्ण तथा व्यङ्गयात्मक बनेको छ ।

यसरी यस कथामा साहुले झैं आफ्नो शरीरको ख्याल नगरी प्रशस्त खाँदा समस्या आइपर्छ तसर्थ आफ्नो शरीरको ख्याल आफूले गर्नुपर्छ अरूले गरिदिने होइन भन्ने शिक्षा दिएको छ ।

रोग लाग्नु अगाडि नै सोचविचार पुऱ्याउनु बुद्धिमानी हुन्छ भन्ने सन्देश कथाले दिएको छ ।

### ४.३.१७ वर्ष ४, २०५८ कार्तिक-मार्ग, संयुक्ताङ्क, अङ्कः ३ प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्ष : ४ मा प्रकाशित  यो अङ्क संयुक्ताङ्कका रूपमा रहेको छ । यो अङ्क कार्तिक-मंसिर महिनामा प्रकाशित छ । यस संयुक्ताङ्कमा कल्पना प्रधानद्वारा लिखित कथा ‘मनको रोग’ पृष्ठ ४ मा कोपिला घिमिरेले विराटनगरबाट पठाउनु भएको कथा ‘अमर प्रेम’ पृष्ठ ९ मा सविन चौलागाइद्वारा लिखित कथा ‘मक्किएको बाँस’ पृष्ठ ३४ तथा बद्री शिवाकोटीद्वारा लिखित ‘भूलको बाटो हुँदैन’ कथा पृष्ठ ३६ मा कथाहरू प्रकाशित भएका छन् ।

#### ४.३.१७.१ ‘मनको रोग’ कथाको अध्ययन र विश्लेषण

कल्पना प्रधान बालसाहित्यका एक सिद्धहस्त कथाकार हुन् । उनका कथा बालमनोरञ्जन तथा प्रेरणाले भरिएका शिक्षाप्रद हुन्छन् । यो 'मनको रोग' पनि उनको यस्तै उत्कृष्ट कथा हो । 'मनको रोग' दुई शब्दात्मक शीर्षक रहेको यस कथामा राजाको मनमा सन्तका कुराले रोग उत्पन्न गराएको प्रसङ्गको राम्रोसँग चर्चा गरिएकाले कथाले भन्न खोजेका कुरा र शीर्षक बीच सामञ्जस्य रहेको पाइन्छ । तसर्थ कथावस्तु अनुरूपको शीर्षक प्रयोग भएकाले कथाको शीर्षक सार्थक मानिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ । कथा तृतीय पुरुषको कथन शैलीमा संरचित छ । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

एउटा घना जङ्गलमा सन्तको कुटी तथा उनका धेरै चेलाहरूको चर्चा गर्दै कथावस्तुको सुरुवात भएको छ । सन्त ज्यादै महान् विचार भएका, उनका धेरै चेला रहेका र सन्तको जन्मदिनमा एउटा चेलाले मेवाको बोट ल्याएर उपहार दिएको कुरा कथामा उल्लेख गरिएको छ । मेवा छिट्टै फल्यो र सबैले खाए । सन्तले यस्तै निःस्वार्थ सेवा कार्य गर्न सबै चेलालाई आदेश दिए । सबैले गुरुको आदेश पालना गर्दै प्रशस्त विरुवा रोपी हुर्काए । अब आश्रमको बातावरण रमणीय देखियो । यी सबै कुरा त्यसै शहरका राजाले सुने र सन्तलाई भेट्न गए । धेरै कुराकानी राजा र सन्तबीच भयो । राजाले  फर्किने बेलामा २० वटा सुनका असर्फी सन्तलाई दिए तर सन्तले "उक्त असर्फी त राज्य चलाउनेहरूलाई काम आउँछ हामी जंगलबासीलाई के आवश्यक्ता ?" भन्दै फिर्ता दिए । त्ससपछि राजा त्यहाँबाट फर्केर दरवारमा आए सन्तका कुराले उनको मनमा कुरा खेल्न थाल्यो र उनी दुब्लाउँदै गए । यो सब कसरी भयो भनी रानीले राजालाई सोधिन् र राजाको चिन्ताको विषय सन्तका कुरा भएको उनले थाहा पाइन् । राजालाई सन्त भनेका "राजाभन्दा दिव्य धेरै महान व्यक्ति हुन्, उनीहरू लोभ, लालचमा फस्दैनन्"[१५] भनी सम्झाइन्, रानीका कुरा राजालाई चित्त बुझ्यो र उनको मनको रोग क्रमशः हराउदै गयो ।

यस कथामा सन्त, उनका चेला, राजा, रानी मुख्य पात्रका रूपमा रहेका छन् । सन्त ब्रम्हचारीहरूको प्रतिनिधिŒव गर्ने, निस्वार्थी प्रबृत्तिको पात्र हो । राजा सबै अफू जस्तै सम्पन्न होउन् भन्ने धनको आडम्वर देखाउने पात्र हुन् साथै रानी राजालाई सही शिक्षा दिने असल नारी पात्र हुन् ।

१५ नानी बाल पत्रिका, मनको रोग (कथा), वर्ष - ४, अङ्क - ३, २०५८, पृ. ४ ।

यस कथामा सन्तको आश्रम वरपरको जंगल तथा राजदरवारको परिवेश मुख्य बाहिरी परिवेशका रूपमा आएका छन् भने सन्तका बचनले राजाको मनमा रोग पैदा गराएको कुरा आन्तरिक परिवेशका रूपमा आएका छन् ।

कथाको भाषा सरल छ । सन्तका वाणीहरू ज्यादै मार्मिक संवादका रूपमा रहेका छन् भने राजा आफ्नै पदका विचारहरू प्रस्तुत गर्दछन् । राजा र सन्तका संवाद तार्किक छन् ।

यस कथाले दिने सन्देश सन्तहरू निस्वार्थ भावना भएका विश्वका महान मानवहरू हुन् तसर्थ हामीले उनीहरूलाई सम्मान गर्नुपर्छ धनको आडम्वर देखाउनु हुँदैन भन्ने हो । उक्त सन्देश यस कथामा कथाकारले रानीलाई आफ्नो मुख पात्रका रूपमा उभ्याएर प्रस्तुत गरेका छन् ।

### ४.३.१७.२ ‘अमर प्रेम’ कथाको अध्ययन र विश्लेषण

‘अमर प्रेम’ दुई शब्दात्मक शीर्षक रहेको यस कथामा प्रेमको अमरत्वको वर्णन गरिएकोले कथाको शीर्षक सार्थक छ भन्न सकिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोग कथामा भएको देखिन्छ ।

कथावस्तु सुनौलो देशका राजा तथा राजदरवारका कुराबाट सुरुवात भएको छ । राजाको धेरै समयपछि छोरी जन्मिएकी, छोरी अत्यन्त राम्री भएको प्रसङ्ग कथामा उल्लेख गरिएको छ । राजकुमारीलाई मायाले बोलाउँदा अमरा भनिने गरिएको छ । राजकुमारीको हेरविचारमा सुखसुविधा दिइएको र राजकुमारीलाई कुनै दुःख नपरोस् भनी दरवारमा नै राखिएको कुराको वर्णन कथामा छ । अमरा ठूली भएकी र विवाह गर्नुपूर्व प्रकृतिको मनोरम दृश्यावलोकन गर्न चाहेकीले सिपाहीका साथ दरवारबाट बाहिर निस्कनु, माझीसँग भेट हुनु र प्रेम बस्नु, जादूगरी नगरीमा पुग्नु, त्यहाँबाट बाहिर आउन खोज्दा ठूलो ढुङ्गा खसी टाउकामा चोट लाग्नु, ब्यूँझँदा महारानी बनाइनु आदि कथावस्तुकै रूपमा आएका छन् । तर आफू त्यस राज्यकी महारानी नभएको बताउनु, राजाका सहायताले जादूगरीबाट बाहिर निस्कनु बाहिर ठूलो ढुङ्गामा माझीले आफ्नो अन्तिम समयमा राजकुमारीका नाममा लेखेका सन्देश पढी अर्को जन्ममा माझीकै हुन पाऊँ भनी आफ्नो प्राण त्यागी अमर प्रेमको नमूना बन्नु कथावस्तुको अन्तिम अवस्था हो । यसरी राजकुमारीले आफ्नो अमर प्रेममा प्राण त्यागेकी देखेर राजाले उनलाई त्यही ढुङ्गामुनि गाडी फलफूल चढाइ उनीहरूको अमर प्रेमको कामना गरेको देखाएपछि कथा समाप्त हुन्छ ।

यस कथामा राजा, रानी, राजकुमारी, प्रेम माझी, जादूगरी राज्यका राजा, बूढीजस्ता पात्रको प्रयोग गरिएको छ । माझी र राजकुमारी अमर प्रेम गर्ने व्यक्तिरूका नमूना पात्र रहेका छन् भने अरू पात्रहरू कथावस्तु विस्तारका क्रममा अगाडि आएका छन् ।

राजदरवार, जंगल, खोला आदि बाहिरी परिवेश तथा प्रेममा तड्पिएका राजकुमारी अमरा र माझीको 'प्रेमको मानसिक विचलन आन्तरिक परिवेशका रूपमा आएको छ ।

कथाले यदि प्रेम गरिन्छ भने युगौं युगका लागि गर्नुपर्दछ, स्वार्थी र जाली प्रेम गर्दै धोका दिनु हुँदैन भन्दै अमरा र प्रेम माझी जस्ता व्यक्तिको माया नै वास्तविक प्रेमको नमूना हो भन्ने कुरा कथाकारले दिन खोजेको सन्देशका रूपमा रहेको छ ।

### ४.३.१७.३ 'मक्किएको बाँस' कथाको अध्ययन र विश्लेषण

'मक्किएको बाँस' भऱ्याङ पार गरेरै कुनै ब्यक्ति ठूलो भवनमाथि पुग्न सकेको र आफ्नो धाक, रवाफ देखाउन पाएको कुरा कथामा उल्लेख छ । तर बाँसको भऱ्याङलाई मान्छेले काट्दा त्यस बुद्धिजीवी मानिसको मनमा कति पनि दुःखको अनुभव भएको छैन भनी कथावस्तुले देखाएकोले कथावस्तु अनुसारको शीर्षक चयन भएको छ भन्न सकिन्छ ।

वर्णनात्मक रूपमा कुनै भव्य महलको वर्णन गरिएको छ । कुनै व्यक्ति भव्य महलको माथि जान चाहन्छ तर सम्पूर्ण बाटाहरू पहिले नै ओगटिएको र उसलाई मथि पुग्नैपर्ने स्थिति कथावस्तुमा वर्णन गरिएको छ । नजिकै रहेको बाँसको थोत्रो भऱ्याङको सहायताले ऊ माथि पुग्छ र आफ्नो धाक, रवाफ आफ्ना साथीलाई सुनाउँदै गफ गर्न थाल्छ ऊ कसरी माथि पुग्यो भन्ने कुरा अरु समक्ष खोल्न चाहदैन । कुनै मानिस आएर बाँसको लिस्नोमा बञ्चरो प्रहार गर्छ तर त्यस व्यक्तिको मनमा अलिकति पनि सहानुभूति पलाएको छैन । कथावस्तु झिनो छ तर यसले दिन खोजेको सन्देश गम्भीर छ । कथामा भऱ्याङ्को चित्कार, रुवाइको उल्लेख गर्दै निर्जीव भऱ्याङ्लाई मानवीय पात्रका रूपमा उभ्याइएको छ । एउटा भद्र व्यक्ति जो भव्य महलको माथि पुग्न चाहन्छ ऊ नै यो कथाको मुख्य पात्र हो ।

भव्य महलको परिवेश तथा भऱ्याङ्को अवस्थाको सहानुभूतिप्रति बेवास्ता गर्ने बुद्धिजीवी जो सोही खुट्किला पार गरेर आफ्नो मान, सम्मान तथ रवाफका साथ कुरा गर्दै छ, त्यस्ता स्वार्थी व्यक्तिको स्वार्थी प्रवृत्तिलाई आन्तरिक परिवेश बनाइएको छ ।[१६]

१६. नानी बाल पत्रिका, मक्किएको बाँस (कथा), वर्ष - ४, अङ्क - ३, २०५८, पृ. ३४ ।

भाषा सरल छ साथै यस कथाले मान्छे आफ्नो पहिलेको वास्तविकता माथिल्लो तहमा पुगेपछि बिर्सन्छ वा आफू ठूलो पदमा पुगेपछि कसद्वारा कसरी त्यस स्थानसम्म पुगियो सो कुरा खोल्न हिचकिचाउँछ भन्ने कुरालाई तीखो व्यङ्ग्य गरिएको छ। यो कथामा समसामयिक राजनीतिक व्यक्तित्वप्रति पनि तीखो व्यङ्ग्य प्रहार गरेको प्रतीत हुन्छ।

### ४.३.१७.४ 'भूलको बाटो हुँदैन' कथाको अध्ययन र विश्लेषण

भूल कति वेला र कसरी हुन्छ सो कुरा थाहा हुँदैन भनेर कथामा गरिएकाले कथाको विषय अनुरूपको शीर्षक यहाँ प्रयोग भएको छ।

कथाको आकार लघु प्रकृतिको छ। वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोगमा कथा संरचित छ।

यस कथाको कथावस्तु काठमाडौँको परिवेशमा हालसालै घटेको सत्य घट्नामा आधारित रहेको कुरा कथामा उल्लेख गरिएको छ। सुजनको परिवारमा सुजन शिक्षित, बुझक्की र इमान्दार हुन्छ तर बाबु-आमा अशिक्षित पात्रहरूको प्रयोग यहाँ गरिएको छ। सुजनको भावनाको कदर बाबु आमाले गर्न सकेका छैनन्। उसले गरेको प्रगतिका बारेमा पनि बाबुआमालाई कुनै चासो छैन। बजारबाट सामान किनेर लाँदा केही समान छुटेको निहुँमा बाबुको हातबाट पिटाई खान्छ तर बाबुबाट पनि यस्तै गल्ती भएपछि मात्र सुजनको बाबुको आँखा खुल्छ र आफूले गरेको गल्तीको प्रायश्चित गर्दै रुन थाल्छ। यो देखेर सुजनले बाबुलाई सम्झाउँदै भन्छ "भूलको बाटो हुँदैन गल्ती त सबैबाट हुन्छ नि। गल्ती तपाइँ र मबाट मात्रै हैन सम्पूर्ण प्राणीबाट हुन्छ। तर भूल भयो भन्दैमा रुने कराउने हैन त्यसको अपसोच गर्नु नै असल प्राणीको धर्म हो।"[१७] यसरी सुजनले साह्रै घतलाग्दो उपदेश दिएपछि बाबुले सुजनलाई अबदेखि पिट्ने काम गरेनन् र सुजनले कहिल्यै दुःख भोग्नुपरेन। कथा यत्तिकैमा समाप्त हुन्छ।

यस कथाको भाषा सरल छ साथै सुजनका संवादहरू शिक्षित व्यक्तिले प्रयोग गर्ने शिष्ट भाषा छ भने बाबु आमाका संवाद अशिक्षितले प्रयोग गर्ने भाषा छ।

सुजन यस कथाको मुख्य तथा कथाकारको विचारलाई प्रकट गर्ने मुख पात्रका रूपमा रहेको देखिन्छ। उसका आमाबाबु अशिक्षित वर्गका प्रतिनिधि पात्र हुन्। जसले आफ्नो छोरालाई माया ममता दिनुको साटो उल्टै पिट्ने, कुट्ने गर्दछन् र छोराको बालमनलाई बुझ्न सक्दैनन्।

---

१७ नानी बाल पत्रिका, भुलको बाटो हुँदैन कथा, वर्ष - ४, अङ्क - ३, २०५८, पृ. ३६।

यस कथामा काठमाडौँको शहरिया परिवेशमा रहेको अशिक्षित परिवार भित्रको समस्यालाई मुख्य समास्याका रूपमा लिइएको छ । कथाले गल्ती सबैबाट हुन्छ गल्तीको कुनै बाटो हुँदैन तर गल्तीलाई सुधार्नु नै मानवीय गुण हो भन्ने शिक्षा सुजन पात्रका उपदेशीय वचन दिएको छ ।

## ४.३.१८ वर्ष ४, २०५९, बैशाख-जेठ, संयुक्ताङ्क, अङ्क ६ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

विविध कारणबस संयुक्ताङ्कका रूपमा निस्केको यस अङ्क ६, २०५९, वैशाख-जेठ महिनामा प्रकाशित अङ्क हो । यस अङ्कमा रामेश्वर राउत मातृदासद्वारा  रचना गरिएको 'आमाको माया' पृष्ठ ५ मा, तथा 'बाल लघुकथा' गोरखबहादुर सिंहद्वारा रचना गरिएको जुन पृष्ठ १६ मा प्रकाशित छन् ।

### ४.३.१८.१ 'आमाको माया' कथाको अध्ययन र विश्लेषण

यस कथामा आमाको मायाबाट वञ्चित एक बालकको छट्पटी मानसिक पीडालाई प्रस्तुत गरिएको छ। साथै आमाको माया अरू कसैका मायाबाट पूर्ति हुन सक्दैन भन्ने कुरा व्यक्त गरिएकाले प्रस्तुत कथाको शीर्षक सार्थक छ भन्न सकिन्छ ।

कथाको आकार लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ साथै वर्णनात्मक शैलीको प्रयोग यस कथामा भएको पाइन्छ ।

मुख्य दुई बाल पात्र सारिका र अरुण रहेको यस कथामा सारिका आमा बाबुको माया पाएकी बालिका हुन्छे साथै अरुणले सानैमा आमा गुमाएको हुन्छ । मातातीर्थ औंसीका दिन सबैले आमालाई खानेकुरा दिन फत्र्याकफुरुक गर्दा अरुणको मनमा आमाप्रतिको माया झन् गाढा बनेर छट्पटाउन थाल्छ । हातभरि गुलाफका फूल टिपी अरुण बगैंचामा बसी आमाको चित्र बनाई, फूल चढाई ढोग्छ  र आफू असल र मातृभूमिको सेवामा समर्पित हुने अठोट गर्छ यो सबै सारिकाकी आमाले सुन्छिन् र अरुणलाई लिएर आउन अऱ्हाउँछिन् । अरुण सारिकाको घर जान्छ र सारिकाकी आमाले दुवैलाई अँगालो हाल्दा अरुणले खुसीको आँशु झार्छ र भन्छ -"तपाइँ त आमा जस्तै हुनुहुँदोरहेछ ।"[१८] कथा यहीँ समाप्त हुन्छ ।

यस कथामा दुई घर परिवारको बाहिरी परिवेशको चर्चा साथै अरुणको मनमा खड्किएको आमाको अभावको पीडा आन्तरिक परिवेशको रूपमा आएका छन् ।

---

१८ नानी बालपत्रिका, आमाको माया कथा, वर्ष : ४, अङ्क - ६, २०५९ पृ. ५

आर्थिक अभाव पूर्ति गर्न विदेशीएकी अरुणकी आमा कहिल्यै फर्केर नआएपछि अरुणलाई अरुको आमाले गरेको माया देखेर छट्पटी हुन्छ र आफ्नो आमाको तस्विर बनाएर फूल चढाई मनलाई शान्त पार्ने कोशिस गर्छ । तसर्थ बालबालिकाका लागि आमाको माया अति नै आवश्यक छ भनी देखाउनु यस कथाको मुख्य उद्देश्य हो ।

### ४.३.१८.२ 'अल्छी किसान' कथाको अध्ययन र विश्लेषण

किसान भएर अल्छी गरी कर्ममा भन्दा भाग्यमा विश्वास गरेका कुरा यस कथामा देखाइएकोले यस कथाको विषयवस्तु र शीर्षकको तालमेल मिलेको छ भन्न सकिन्छ ।

किसान काम नगरी दिनभरि नयाँ कल्पना गर्दै बिताउँदा उसका अगाडि शिकारीले गोली हान्दा लागेको हरिण छट्पटाउँदै आइ ढल्छ । त्यो देखेर किसान खुसी भई घर लगी सबैलाई मासु खुवाउँछ र धेरै दिनको भोक मेट्छ ।

यसरी एकदिन शिकार मिल्यो भन्दैमा सधैं अल्छी गरेर किसान रुखमुनि बस्तछ ।

कथा ज्यादै छोटो छ साथै कर्म गर्नुपर्छ अनि भााग्य बनाउन सकिन्छ भन्ने शिक्षा यस कथामा सरल भाषाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

### ४.३.१९ वर्ष:५, २०५९ असार-साउन अङ्क: १ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

यस वर्ष ५ को अङ्क १ मा प्रकाशित कथाहरूमा 'किसान र बाघ' भियतनामी लोककथा पृष्ठ ६ मा तथा 'जुंगे माछाको विहे' नारायण खकुरेलद्वारा रचना गरिएको, जुन पृष्ठ ३३ मा रहेका छन् ।

### ४.३.१९.१ 'किसान र बाघ' कथाको अध्ययन र विश्लेषण

यो भियतनामी लोक कथामा आधारित कथा हो । यस कथामा भैंसीका माथिल्ला दाँत नहुने र बाघका जन्मिदा नै खैरा तथा काला रौ हुन्छन् भन्ने कुरालाई कथाका माध्यमबाट देखाइएको छ ।

किसान, भैंसी र बाघ पात्रको छोटा संवाद तथा किसानले बाघलाई रूखमा बाँधी आगो लगाइदिएकाले त्यस बेला बाघ छट्पटाउँदै जंगल पसेको भएर र भैंसीले मानिस भैंसीभन्दा धेरै

बुद्धिमान् भएको प्रसङ्ग उल्लेख गरेबाट भैंसीको माथिल्लो दाँत नभएको र बाघको कालो र खैरो रौं भएको कुरा कथामा प्रस्तुत गरिएको छ ।

यो लोककथामा आधारित मनोरञ्जनात्मक कथा हो, यसले बालबालिकालाई मनोरञ्जन मात्र प्रदान गर्ने खालको छ तर खासै उत्कृष्ट कथा मान्न सकिँदैन ।

### ४.३.१९.२ 'जुङ्गे माछाको बिहे' कथाको अध्ययन र विश्लेषण

जुङ्गे माछाको बिहेको कुरा सार्वजनिक रूपमा घोषणा गर्दै विहेको उत्सव मनाइएको कुरा कथामा उल्लेख गरिएकाले प्रसङ्ग जुङ्गे माछाकै विहेको हुनाले शीर्षक सार्थक छ भन्न सकिन्छ ।

मानवेतर पात्रहरूको प्रयोग भएको यस कथामा जुँगे माछाले भ्यागुतिनीसँग विहे गर्छ । माछाले किन भ्यागुता जातसँग विहे गऱ्यो भनी खैलाबैला मचिँदा जुँगे माछाले कुनै बखत आफू घुम्दै जाँदा धेरै पर पुगेको र पानीको मात्रा कम भई मर्ने अवस्थामा पुगेपछि भ्यागुतिनी र उसका साथीले पानी ल्याइदिएको कारण आफ्नो अकालमै मृत्यु हुनबाट जोगिएकोले भ्यागुतिनीसँग विहे गरेको बताउँछ ।

कथावस्तु छोटो छ । भाषा सरल तथा वर्णनात्मक शैलीको प्रयोग भएको छ । कथामा एकले अर्कोलाई सहयोग गर्नुपर्छ भन्ने कुरा देखाउँदै सर-सहयोग, विवाह जातपातमा निर्भर हुनुहुँदैन भन्ने शिक्षा यस कथाले दिएको छ ।

## ४.३.२० वर्षः ५, २०५९ भदौ-असोज, पूर्णाङ्क -२१, अङ्क २ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

वर्ष- ५ को २१ औं पूर्णाङ्कमा बालकथा 'घमण्डी पुतली', बालकथा 'साथीको कर्तव्य' र बालकथा 'दिवाकरले जुक्ति निकाल्यो' 'साथी बालकथाहरू क्रमशः पृष्ठ १९, २६, २८ र ३१ म प्रकाशित भएका छन् ।

### ४.३.२०.१. 'घमण्डी पुतली' कथाको अध्ययन र विश्लेषण

यो कथा शर्मिला भट्टले कक्षा -४ बाट लेखी पठाएकी हुन् । यस कथामा पुतलीले आफ्नो रूपको घमण्ड गरेको हुनाले कथाको शीर्षक पुतलीकै नामबाट रहन गएको हो । कथा छोटो तथा सरल भाषामा लेखिएको छ । कथामा भमरा, पुतली र मौरी तीन मुख्य मानवेतर पात्रको चरित्र देखाइएको छ ।

कथावस्तुमा पुतली राम्री हुन्छे र उसले मौरीसँग बिहे गर्छे। तर भमरालाई पुतलीले मौरीसँग विहे गरेकोमा रिस उठ्छ र भए नभएको कुरा गरी पुतलीललाई भड्काउँछ र दुवै मिली मौरीलाई मार्ने योजना तयार पार्छन् । तर योजना विफल हुन पुगी भमराको मृत्यु हुन्छ ।

यसरी यस कथामा अरूको रिस गर्नाले आफैलाई हानि हुन्छ भन्ने कुरा देखाइएको छ ।

## ४.३.२०.२ 'साथीको कर्तव्य' कथाको अध्ययन र विश्लेषण

यो कथाकार प्रभात शिवाकोटीद्वारा रचित कथा हो। यस कथामा जनक र अर्जुनको मित्रताको बारेमा उल्लेख गरिएको छ साथै एक साथीले अर्को साथीप्रति निभाउनुपर्ने कर्तव्यबारे चर्चा गरिएकाले कथावस्तु अनुरूप शीर्षक सार्थक छ भन्न सकिन्छ ।

कथा लघु आकारको छ साथै सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग गरिएको उक्त कथा बाह्य दृष्टिविन्दुमा संरचित छ ।

दुई मिल्ने साथी जनक र अर्जुन हुन्छन् । जनक निस्वार्थी चरित्र भएको हुन्छ भने अजुन स्वार्थी तथा देखावटी माया देखाउँने साथी हुन्छ। जनकको जन्मदिनमा अर्जुनले बाटामा पैसा भेटाएपछि ऊ जन्मदिनमा जाँदैन तर जनक उसको प्रतीक्षामा बस्छ। भोलिपल्ट जनक किन आएनौं भनी अर्जुनलाई सोध्दा केही बताउँदैन । जनक रिसले आगो हुन्छ र साथीको कर्तव्यबारे बताउँछ । त्यसपछि अर्जुनको आँखा खुल्छ । दुवै मिली माग्नेलाई पैसा दिन्छन् र माग्नेबाट मित्रता अमर हुने आशीर्वाद पाउँछन् ।

यसरी यस कथाले साथी भएर असल साथीको कर्तव्य निभाउन जान्नुपर्छ भन्ने शिक्षा जनक पात्रका माध्यमबाट दिएको छ ।

## ४.३.२०.३ 'साथी' कथाको अध्ययन र विश्लेषण

कक्षा ८ मा पढ्दै गरेका भाइ ईश्वर खड्काले मैतीदेवीबाट लेखी पठाएको यो कथा 'नानी' बाल पत्रिकाको २१ औं अङ्कमा प्रकाशित छ । यस कथामा एउटा असल मित्र कस्तो हुनुपर्छ भन्नेबारे सबैलाई जानकारी दिन खोजिएकाले यस कथाको शीर्षक सार्थक छ भन्न सकिन्छ ।

यो कथा लघु प्रकृतिको छ। तृतीय पुरुषको कथन शैलीमा संरचित यस कथामा वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ ।

कथावस्तु ज्यादै छोटो छ । दुई साथी सुमन र शुष्मा असाध्यै मिल्छन् । सुमन धनी परिवारको र शुष्मा गरीव परिवारकी हुन्छिन् । दुवै कक्षा ८ मा पढ्ने विद्यार्थी हुन् । एक दिन सुमन ज्यादै बिरामी पर्छे र शुष्मा हेर्न जाँदा सुमनको बावुले गरिबकी छोरी भनी अपमान गर्छन् र ऊ सुमनलाई नभेटी फर्कन्छे । केही दिनपछि सुमन विद्यालय आउन थाल्छे र शुष्मालाई बिरामी पर्दा समेत भेट्न नआएकोमा गुनासो गर्दा शुष्माले उसको बाबुले गरेको अपमान बताउँछिन् त्यसपछि फेरि दुई मिल्ने साथी बनेर हिंड्छन् । तर एकदिन दुवै घर फर्कंदै गर्दा सुमनलाई मोटरले ठक्कर दिन्छ । ऊ बेहोस हुन्छे र उसलाई अस्पताल लगिन्छ । सुमनको शरीरमा रगतको कमी भएको र तुरुन्त रगत चाहिने कुरा डाक्टरले बताउँछन् । रगत खोज्दा कहीं पाउन सकिन्न तर सुमनसँग मिल्ने रगत शुष्माको भएकोले शुष्माले नै सुमनलाई रगत दिएर ज्यान बचाइदिन्छिन् ।[१९] आफ्नो छोरीको ज्यान शुष्माले गर्दा बाँचेकोदेखी सुमनका बाबुले आफूले शुष्माप्रति गरेको नराम्रो ब्यवहारको पश्चाताप गर्छन् र सुमनलाई जस्तै माया गर्न थाल्दछन् । कथा यहीं समाप्त हुन्छ ।

यस कथामा सुमन र शुष्मा मुख्य पात्रका रूपमा आएका छन् भने डाक्टर, सुमनका पिता सहायक पात्र हुन् । सुमन र शुष्मा असल मित्रका नमूना पात्र हुन् भने सुमनका बाबु धनी गरीब बीच भेदभाव गर्ने प्रतिकूल पात्र हुन् तर पछि आफ्नो गल्ती महसुस गरी अनुकूल बन्न पुग्छन् ।

विद्यालय घर तथा अस्पतालको परिवेशमा यस कथा लेखिएको छ । साथै सुमनका बाबुको मनमा शुष्माप्रति पश्चातापको भावना जाग्नु आन्तरिक परिवेश हो ।

यस कथाको भाषा सरल तथा पात्रानुकूलको भाषा प्रयोग भएको छ । केवल वर्णनात्मक शैलीको प्रस्तुतिमा मात्र कथा अगाडि बढेर समाप्त भएको छ ।

सामान्य विषयवस्तुमा आधारित भएर लेखिए तापनि यस कथाले धनी र गरिब भनेर कसैले कसैलाई अपमान गर्नुहुँदैन आखिर सबैको रगत एउटै हुन्छ भन्ने शिक्षा दिएको छ ।

### ४.३.२०.४ 'दिवाकरले जुक्ति निकाल्यो' कथाको अध्ययन र विश्लेषण

यस कथामा दिवाकर नाम गरेको एक बालपात्रले जुक्ति निकाल्दा समस्यामा परेका उसका साथीहरू सबै खुसी भएका तथा दैनिक विद्यालय जान पाएका कुराको उल्लेख गरिएकाले उक्त दिवाकार गरिएका पात्रकै नामबाट शीर्षक चयन गरिएकाले यस बालकथाको शीर्षक सार्थक रहेको देखिन्छ ।

---

१९ नानी बालपत्रिका, साथी (कथा), वर्ष : ५, अङ्क - २, २०५९ पृ. ३१ ।

कथा लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा प्रस्तुत कथाको संरचना गरिएको छ । वर्णनात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

कथावस्तु छोटो छ । कथामा गौरीखर्क गाउँको चिहानडाँडा भन्ने ठाउँबाट पर दिवाकर, दिनेश र दीपक पढ्न जान्थे । उनीहरूका अरू साथीहरू पनि थिए । तीचाहिँ दुष्ट तथा फटाहा स्वाभावका थिए । तिनीहरू पढ्नमा पनि अल्छी थिए । डाँडामा लुकेर ती दिवाकर तथा उनीहरूको साथीलाई तर्साउँथे र पढ्न जान दिदैनथे । घर तथा विद्यालयमा यस्तो कुरा नखोल्नु भनी ती दुष्ट केटाहरूले दिवाकरहरूलाई धम्क्याएका थिए । तसर्थ दिवाकर र उसका साथी विद्यालय पनि नगएका र घरबाटचाहिँ पढ्न भनी हिँडेका कुरा शिक्षक तथा अविभावकलाई थाहा हुन सकेको थिएन । तर एक दिन दिवाकर आफूहरू मोहन, जोखन र पुरन्दरबाट सताइएको कुरा आफ्नो बाबुलाई भन्छ । भोलिपल्ट दिवाकरका बाबु डाँडामा लुकेर सबै बिचार गरे र अर्को दिनदेखि दिवाकरहरू विद्यालय जाने समयमा घरका एकजना घाँस काट्न चिहान डाँडातिरै जाने सल्लाह मिलाए । जसअनुसार फटाहा केटाहरूको योजना विफल भयो । त्यसदिनदेखि दिवाकर र उसका साथीहरू नियमित विद्यालय जान थाले र राम्रोसँग पढे । यो देखेर विद्यालयका शिक्षकहरू पनि निकै खुसी भए ।

यसरी दिवाकारले हिम्मत गरेर फटाहाहरूको पोल खोलेकोले उनीहरूको पढाइमा बाधा पुग्नबाट बच्यो । कथावस्तु यत्तिमै सकिन्छ ।

यस कथामा दिवाकर र उसका साथीहरू असल चरित्र भएका पात्र हुन् भने मोहन र उसका साथीहरू खराब चरित्र भएका पात्र हुन् । शिक्षकहरू तथा दिवाकरका बाबु सहायक पात्र हुन् ।

ग्रामीण परिवेश तथा सरल भाषाको प्रयोग यस कथामा भएको छ । विद्यालय, चिहान डाँडा वरपरको वातावरण बाह्य परिवेश तथा दिवाकरहरूबाट सताइएर उत्पन्न समस्या आन्तरिक परिवेशका रूपमा आएका छन् ।

यस कथाले आफूलाई परेका समस्या जुक्ति, बुद्धि लगाएर समाधान गर्नुपर्छ चुप लागेर बस्नुहुँदैन । चुप लागेर बसेमा आफैंलाई हानि हुने कुराको सन्देश दिएको छ । यस कथामा पनि दिवाकरले जुक्ति निकालेर आफ्नो बाबुसँग सब कुरा नखोलेको भए तिनीहरूको पढाइमा ठूलो बाधा पुग्ने थियो ।

## ४.३.२१ वर्ष ५, २०५९, पूर्णाङ्क -२२, अङ्क - ३ मा प्रकाशित कथाहरूको अध्ययन र विश्लेषण

'नानी' द्वैमासिक बाल पत्रिकाको २२ औं पूर्णाङ्क अर्थात अन्तिम अङ्क २०५९ सालमा प्रकाशित तेस्रो अङ्क हो । यस अङ्कपछि विविध कारणवश यस पत्रिकाले निरन्तरता पाउन सकेन । यस अन्तिम पूर्णाङ्कमा कल्पना प्रधानको 'प्रकाशको संगत' पृष्ठ ४ तथा कोरियन लोककथामा आधारित 'भ्यागुतो किन पानी परेको दिनमा टरटर गर्छ ?' पृष्ठ २८ मा, कथाहरू प्रकाशित भएका छन् । कोरियन लोककथाको संकलन विश्वम्भर चञ्चलले गर्नुभएको हो ।

### ४.३.२१.१ 'प्रकाशको संगत' कथाको अध्ययन र विश्लेषण

कल्पना प्रधानद्वारा रचित यस बालकथामा प्रकाश असल केटो भए पनि साथीहरूको संगतले गर्दा चोर, फटाहामा गनिएको कुरा कथावस्तुमा उल्लेख गरिएकोले कथाको शीर्षक 'प्रकाशको संगत' कथावस्तु अनुरूप बन्न पुगेको छ ।

कथाको आकार लघु प्रकृतिको छ । तृतीय पुरुषको कथन शैलीमा कथा संरचित छ । वर्णनात्मक तथा कतै संवादात्मक शैलीको प्रयोग यस कथामा भएको देखिन्छ ।

कथावस्तुको सुरुवात धनी मुखियाको एक्लो छोरो प्रकाशको असल गुणहरूको प्रशंशा गरेबाट भएको छ । प्रकाश एक्लो सन्तान भए तापनि ऊ साऱ्है ज्ञानी र राम्रो केटो हुन्छ । सबैसँग मेलमिलाप गर्ने प्रकाश, स्कुलमा पनि ज्यादै मिहिनेती विद्यार्थी हुन्छ । घरका सबै पात्रहरूको मायाको पात्र प्रकाश नै हुन्छ । एकदिन ऊ साथीहरूसँग वनभोजमा जान्छ । त्यहाँ वनभोजबारे केही लेखूँ जस्तो लागेर ऊ त्यहाँको जंगलको दृश्यावलोकन गर्न हिंड्छ । धेरै साथीहरू गएकाले सबै हाँस्तै वनको धेरै पर पुग्छन् जहाँ सुन्दर बगैंचामा सुन्तला लटरम्म फलेको हुन्छ । प्रकाशका साथीहरू सबै सुन्तला टिप्न व्यस्त हुन्छन् । प्रकाश जाँदैन तर प्रकाशका साथीहरूले ढिपी गरेर उसलाई तानेर लान्छन् , ऊ एउटा सुन्तला हातमा लिन्छ । त्यही बेला बगैंचाको हेरचाह गर्ने मान्छे आएर । बगैंचामा पसेका सबैलाई एउटा कोठामा लगेर थुनिदिन्छन् । यसमा प्रकाश पनि पर्छ । प्रकाश लाजले मुन्टो निहुराइरहन्छ । एकछिनपछि मालिक आएर सोधपुछ गर्छ । प्रकाशले दुई हात जोडेर नम्रतापूर्वक म चोर हैन, म विद्यार्थी हुँ, साथीको बगैंचा भनेर मात्र पसेको हुँ भन्ने कुरा बताउँछ । मालिकले प्रकाशको कुरा राम्ररी मनन गर्छ र तिमी साथीहरूको खराव

संगतले यहाँ फस्यौ तर असल मन्छेले बदमासहरूको संगत गर्न सधैं डराउनुपर्छ भनी सम्झाए ।[२०] यसरी कथा समाप्त हुन्छ ।

यस कथामा प्रकाश उसका साथीहरू, बगैंचे, मालिक पात्रहरू रहेका छन् । प्रकाश सोझो तथा इमान्दार पात्र हो तर खराबचरित्रका साथीहरूसँग संगत गर्नाले चोरी कार्यमा फस्छ । संगतले गर्दा चोर बन्न बाध्य पात्र हो प्रकाश । प्रकाशले इमान्दार र सोझा विद्यार्थीहरूको प्रतिनिधित्व गर्छ भने उसका साथीहरू फटाहा केटाहरूको प्रतिनिधि पात्र हुन् ।

यस कथामा प्रकाशको पारिवारिक तथा सामाजिक परिवेशका साथै वन जंगल र बगैंचाको परिवेश पनि मुख्य परिवेशकै रूपमा आएको छ ।

सरल बोलचालको भाषाको प्रयोग यसमा भएको पाइन्छ । साथै यस कथाले साथीहरूको संगत गर्दा विचार पुऱ्याएर मात्र गर्नुपर्छ । असल साथी मात्र आफ्नो तथा अरूको हित चाहने हुन्छ भन्ने सन्देश दिएको छ र यस कथामा पनि प्रकाश फटाहाहरूको संगतले चोर बन्न बाध्य भयो, यसर्थ खराब साथीको संगत कहिल्यै गुर्नहुँदैन भन्ने शिक्षा यस कथाले दिएको छ ।

### ४.३.२१ कोरियन लोककथा 'भ्यागुतो किन पानी परेको दिनमा टरटर गर्छ ?' कथाको अध्ययन र विश्लेषण

यो कोरियन लोक कथा हो र यसलाई नेपाली भाषामा अनुवाद विश्वम्भर चञ्चलले गरेका हुन् । भ्यागुतो पानी परेको दिनमा किन टरटर गर्छ भन्ने यथार्थ विषयमा कथा लेखिएको छ ।

कथावस्तुमा एउटा भ्यागुतोले सधैं आफ्नी आमा भ्यागुतीलाई उल्टो उल्टो काम गरेर दुःख दिन्छ र भ्यागुतीले जति सम्झाए पनि नमान्दा अन्त्यमा भ्यागुती छोराको पीरले मर्छे । आमाले मर्ने बेलामा नदीको किनारमा लगेर लास गाड्नु भनेका कुराचाहिं भ्यागुतोले मानी आमाको लास नदीको किनारामा गाड्छ । आमा मरेपछि "मेरै कारणले आमा मर्नुभयो अब राम्रो काम गर्छु" भन्ने अठोट भ्यागुताले गर्छ । यसरी नदी किनारमा गाडेको हुनाले पानी पर्दा आमाको चिहान बगाएर लैजाला भन्ने पीरले भ्यागुतो टरटर गरी ठूलो स्वरले कराउँछ । त्यसैले आज पनि पानी पर्दा उही पिरले टरटर गरेको हो भन्ने कुरा यस कथाले बताएको छ ।

कथा छोटो तथा सरल भाषाको प्रयोग भएको छ । वर्णनात्मक शैलीको प्रस्तुतिमा कथा संरचित छ ।

---

२० नानी बालपत्रिका, प्रकाशको संगत (कथा), वर्ष : ५, अङ्क - ३, २०५९ पृ. ४ ।

भ्यागुतो र उसकी आमा मुख्य दुई मानवेतर पात्र रहेको यस कथामा रूखको टोड्को तथा समुद्रको किनारा मुख्य बाहिरी परिवेशमा आएको छ भने भ्यागुतीको छोराप्रतिको चिन्ता आन्तरिक परिवेश हो ।

यस कथाले अरूले भनेको नमान्दा दु:ख पाइन्छ साथै पश्चाताप्मा जल्नुपर्छ भन्ने सन्देश दिएको छ । कथामा भ्यागुतो भ्यागुतीको कुरा मान्दै गएको भए अकालमै आमा मर्ने थिइनन् तथा दिनरात आमाकै सम्झनामा डुवेर बस्नुपर्ने थिएन भन्ने सन्देश दिएको पाइन्छ ।

## ४.४ निष्कर्ष

कवि ज्ञान उदासद्वारा प्रकाशित 'नानी' बालपत्रिकामा प्रकाशन भएका कथाहरू विषयगत विविधताले भरिएका छन्, साथै बालबालिकाको रुचि तथा चाहना अनुरूपका बालकथाहरूले मनोरञ्जन दिनुका साथै बौद्धिक ज्ञान पनि प्रदान गरेका छन् । कथामा कतै, कतै बालमनोविज्ञानको पनि प्रयोग गरिएको पाइन्छ ।

यस पत्रिकाको पूर्णाङ्क १ देखि २२ सम्म प्रकाशित कथाहरूको अध्ययनबाट के थाहा पाइन्छ भने बालबालिका भनेका भोलिका कर्णाधार हुन् । उनीहरूको मस्तिष्क परिपक्व भएमा देशलाई सही दिशातर्फ डोऱ्याउन प्रयास गर्नुका साथै साहित्यिक क्षेत्रमा चासो देखाई ठोस योगदान दिन अग्रसर रहन्छन् । यस पत्रिकामा प्रकाशित कथाहरूले कुनै न कुनै रूपबाट बालबालिकाहरूलाई जीवनोपयोगी सन्देशका साथै साहित्यिक क्षेत्रमा लाग्नको लागि प्रेरणा पनि प्रदान गरेका छन् ।

कुनै कुनै कथाहरू बालबालिकाले नबुझ्ने र बाल भावना अनुकूल नभएको पनि पाइन्छ । कुनै कथाले पूर्णता प्राप्त नगरी बीचमा क्रमशः अवस्थामा पनि रहेका छन् । साथै बाल चित्रकथा भन्दा अन्य कथाको संख्या बढी प्रकाशित भएको पाइन्छ ।

यस पत्रिकामा प्रकाशित कथाहरूमा राजनैतिक व्यक्तित्वप्रति तीखो व्यङ्ग्य प्रहार गर्न सफल कथा 'बाजी' हो । यस कथामा कुर्सीमा नबसुन्जेल के-के न गर्छु भन्ने तर कुर्सीमा आफ्नो अधिकार जनाएपछि नयाँ गाडी चढ्ने ठूलो घर बनाउने जस्ता ठूला-ठूला सपना देखेर सारा काम कुरा पन्छाएर आफ्नो स्वार्थमा तल्लीन हुन्छन् भन्ने कुरा एउटा मानवेतर पात्र खरायोको माध्यमबाट देखाइएको छ ।

आजको अध्ययन अध्यापन प्रणालीमा सुधार ल्याउनुपर्ने कुरामा जोड दिंदै लेखिएको कथा 'सुगा' रटाई हो । यस कथामा सुगालाई जति रटाए पनि अन्तमा उसले प्राप्त गरेको शिक्षाले केही काम गर्न सक्दैन जुन शिक्षा ग्रहण गर्न सुगाले ऋषिले जे सिकाए त्यही मात्र घोक्यो तर अन्तमा सुगा ठूलो समस्यामा पऱ्यो । अजा हाम्रो देशका अधिकांश विद्यालयको अध्यापन प्रणाली घोकन्ते प्रणालीमा आधारित छ ताकि विद्यार्थीहरूले पाठ्य सामग्रीको सही प्रयोग गर्न नै जानेका हुँदैनन् तर कण्ठ पारेर राम्रो अङ्क ल्याएका हुन्छन् । आफूले पाएको शिक्षा व्यवहारमा विवेकपूर्ण तरिकाले लागु गर्न सक्दैनन यस्ता विद्यार्थीहरू । तसर्थ यस्तो प्रणालीमा सुधार ल्याई अध्ययन अध्यापन गर्नु गराउनु सम्पूर्ण शिक्षक तथा विद्यार्थीलाई सुझाव दिने काम यस कथाले गरेको छ ।

बालमनोविज्ञानको प्रयोग गरेरे लेखिएका कथाहरूले पनि यस पत्रिकामा स्थान पाएका छन् यस्ता कथाहरूले बाल बालिकाको कोमल मस्तिष्कमा कुनै सानो कुरा वा घटनाको प्रभाव पऱ्यो भने त्यसै विषयलाई लिएर उनीहरू दुःखी हुने, रुने, चिन्तामा डुब्ने गर्दछन् भन्ने कुरा यस्ता कथाका माध्यमबाट देखाइएको छ । त्यस्ता कथाहरूमा 'फूलको मृत्यूमा' आमाको माया आदि पर्दछन् । 'फूलको मृत्यूमा' कथामा फूल एकपटक टिपेपछि पुनः बोटमा नजोडिएकोले बालपात्र राकेशको मनमा आफू पनि आमाबाट कुनै दिन टाढा भएर फर्कंदा आमाले अस्वीकार त गर्नु हुन्न

? भन्ने चिन्ताले जरा गाडेको छ साथै यही चिन्ताले ऊ छिनमै रुने, छिनमै आमासँग टाँसिने गर्छ त्यस्तै अर्को 'आमाको माया' कथामा अरूण सानैमा आमाको मायाबाट बञ्चित हुन पुगेको हुन्छ ऊ आमको माया कस्तो हुन्छ; आमाले कसरी माया गर्दछन् भन्ने कुरामा उत्सुक भैरहन्छ । अरूले आमको नाम लिंदा ऊ पनि पटक-पटक आफ्नी आमालाई सम्भँदै दुःखी हुन पुग्छ । सारिकाकी आमाले अंगलो हाल्दा तपाईं पनि आमाजस्तै पो हुनुहुँदो रहेछ भनेर चित्त बुझाउँछ ।

नारीले दिएको योगदानका बारेमा चर्चा गर्दै लेखिएको कथा 'एउटी नारीको कथा' नारी पात्रको महानताको वर्णन गरिएको कथा हो । नारी र धर्ती एकै हुन् जति दुःख, कष्ट खप्नु परेपनि आफ्नो कर्तव्यबाट कहिल्यै विमुख हुँदैनन् भन्ने कुरा एउटी कोइली चरीलाई नारी पात्रका रूपमा उभ्याएर उसको त्यागको वर्णन गर्न यसकथा सफल छ ।

समसामयिक विषयवस्तुलाई समेटेर रचना गरिएको सत्य, तथ्य इतिहासमा आधारित कथा 'एउटा सत्य कथा' नमाक कथामा इतिहासका प्रसिद्ध व्यक्तिहरूका महान कार्यको प्रशंसा गरिएको छ साथै लक्ष्मीप्रसाद देवकोटा, पासाङ ल्हामू शेर्पा, मदर टेरेसाका बारेमा बताएर बालबालिकाहरूलाई त्यस्तै महान कार्य गर्ने प्रेरणा प्रदान गर्न यस कथा सफल छ ।

मानिस र पशुपंक्षी बीचको आपसी प्रेम, सहयोगलाई प्रस्तुत गर्त सफल रहेका कथाहरू पारस र कोइली, कान्छी र पंक्षीको मित्रता हुन् यी कथाहरूमा पारसले कोइलीलाई अत्यन्त प्रेम गर्छ भने कान्छीलाई पंक्षीहरूले आपत परेका वखत ठूलो सहयोग पुऱ्याउँछन् । एक अर्कालाई आपत विपतमा सहयोग गर्नुपर्छ भन्ने सन्देश दिन यी कथाहरू सफल रहेका छन् ।

जहानिया राणा शासनकालका प्रख्यात मन्त्री जंगबहादुर राणाको शासनकाललाई कथावस्तु बनाएर लेखिएको कथा 'चतुरे कृष्ण' राणाकालमा उनीहरूले आफ्ना नोकर चाकरप्रति कस्तो व्यवहार देखाउँथे भन्ने कुरा व्यक्त गरिएको छ । साथै व्यङ्ग्यात्मक ढाँचामा उनीहरूको स्वभाव र नोकरचाकरप्रति गरिने अत्याचार, शोषणलाई छर्लङ्ग पार्न यो कथा सफल रहेको छ ।

स्वास्थ्य सम्बन्धी ज्ञान दिने उद्देश्य राखेर रचना गरिएको कथा 'परिवर्तन' ले बालबालिकालाई आफ्नो व्यवहार परिवर्तन गरी सही बाटोमा लाग्ने प्रेरणा प्रदान गरेको छ । बालबालिकाहरूको भूमिका, विद्यालय, समाज तथा राष्ट्रमा महŒवपूर्ण हुन्छ भन्दै कुसुम जस्ता विद्यार्थीको असल कार्यको प्रशंसा गर्दै लेखिएको कथा कुसुमको सन्देश पनि बालबालिकालाई आफ्नो कर्तव्य बोध गराउन मद्दत पुऱ्याउनाको साथै कुसुमले जस्तो राम्रो काम गरेर विद्यालय तथा समाजमा योगदान दिन सकिन्छ भन्ने प्रेरणा प्रदान गरेको छ ।

समाजमा रहेका शोषक तथा सामन्तहरूले कसरी गरीबहरूको पसिना र रगत चुस्छन् भन्ने विषयलाई मूल कथावस्तु बनाएर लेखिएको कथा सपनाको मूल्यमा पनि साहुले गरीब दाउरेको विपना त खोस्यो खोस्यो तर सपनाको समेत मूल्य तिरेको प्रसङ्ग उल्लेख गरेर कथाकारले सामन्ती शोषकहरूको प्रवृत्तिप्रति तीखो वर्णन प्रहार गरेको छ ।

प्रेमको अमरताको बारेमा वर्णन गर्दै लेखिएको कथा 'अमर प्रेम' मा राजकुमारी अमरा तथा माझी प्रेमको पवित्र प्रेम युगौं युग बाचिरहने कुराको उल्लेख गरिएको छ साथै आजभोलि

प्रेम गर्ने नक्कल बढेको समसामयिक परिस्थितिमा अमर प्रेम गरे मात्र प्रेमले वास्तविक परिचय पाउन सक्छ, नक्कली प्रेम गर्नेहरूले कहिल्यै जीवनमा सुख भोग गर्न सक्दैनन् भन्ने शिक्षा दिई आदर्श प्रेमको नमुना प्रस्तुत गर्न यो कथा सफल रहेको देखिन्छ ।

आजभोलिका मानिसहरूमा देखिएको स्वार्थीपना तथा मानवीय संवेदना हराएको कुराको बारेमा उल्लेख गर्दै तयार पारिएको कथा मक्किएको बाँसमा पनि एक बुद्धिजीवी युवकले बाँसको भऱ्याङ पार गरी आफू माथि पुगेपछि त्यस भव्य महलको कोठामा प्रवेश गर्दै आफ्नो धाक, रवाफ प्रदर्शन गरेको तर तल कसैले उक्त बाँसको भऱ्याङलाई टुक्राटुक्रा हुने गरी काट्दा त्यस व्यक्तिको मनमा अलिकति दया सम्म नपलाएको प्रसङ्गको बारेमा चर्चा गर्दै आजका मानिसमा मानवीय गुणको अभाव रहेको कुरा प्रस्तुत कथाले देखाउन सफल भएकोले यो कथा समसामयिक विषयमा आधारित उत्कृष्ट कथा बन्न पुगेको छ ।

प्रकाशले संगत नामक कथामा सोझो प्रकाश साथीहरूको लहैलहैमा लाग्दा चोरका रूपमा गनिन पुग्छ तर आफूले गल्ती नगरेको र नम्रतापूर्वक आफ्नो बाध्यतालाई बताएकोले प्रकाश चोरीको फन्दाबाट फुत्किन सफल हुन्छ । तसर्थ साथीको संगत गर्दा विचार पुऱ्याएर गर्नुपर्छ नत्र ठूलो झमेलामा फसिन्छ भन्ने शिक्षा दिन सफल यस कथा बाल शिक्षाप्रद कथाहरूमा उत्कृष्ट कथा बन्न पुगेको छ ।

नानी बाल साहित्यिक पत्रिकाले यी विविध विषयलाई कथावस्तु बनाउन सफल रहेको छ साथै 'होसबिनाको जोस', 'सुगा रटाई' तथा लोभी कुकुरजस्ता आकर्षक चित्रले भरिएका कथाहरू बालबालिकाका रुचि अनुरूपका सामग्री बन्न सफल भएका छन् । यी कथाहरू बाल मनोरञ्जनका लागि उत्कृष्ट सामग्री बनेका छन् । तथा पर्याप्त ज्ञान र बौद्धिक खुराक दिन यी कथा पूर्ण रूपमा सफल रहेका छन् ।

नानी बाल साहित्यिक  पत्रिकाले बाल साहित्यको विकास जुन महŒवपूर्ण योगदान दिएको छ सो कुराको पुष्टि माथिका लेखहरूबाट स्पष्ट हुन्छ  । बाल पत्रिका प्रकाशनको अभाव रहेको समयमा नानी बाल पत्रिकाले विविध विषयवस्तु : रोचक जानकारी, समाचार, सामान्यज्ञान, लेख, रचना, विद्यार्थी सहभागितालाई समेट्ने प्रयास गर्दा यसमा केही त्रुटि देखिए पनि त्यस किसिमका त्रुटिका अतिरिक्त थुप्रै बाल मनोरञ्जनका सामग्री बालबालिका समक्ष पस्कन सफल रहेकोले यस पत्रिकाले चालेको कदम बाल साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान साबित हुन पुगेको छ ।

## अध्याय - पा“च

# नानी बाल साहित्यिक पत्रिकामा प्रकाशित सामग्रीहरूको विवरण

### ५.१ परिचय

यस अध्यायमा नानी बालपत्रिकामा प्रकाशित भएका सामग्रीहरूको कालक्रमिक रूपबाट विवरण दिइएको छ । छोटो समयमा नै यो पत्रिकाले नेपाली बालसाहित्यको विकासमा कतिसम्म उल्लेखनीय टेवा दिन सफल भएको थियो भन्ने कुराको जानकारी यस अभ्यायबाट प्राप्त गर्न सकिन्छ ।

### ५.२ ‘नानी’ बाल साहित्यिक पत्रिकामा प्रकाशित सामग्रीहरूको विवरण

१. कविता

| कवि | कविता | वर्ष/पूर्णाङ्क | साल | पृष्ठ |
|---|---|---|---|---|
| क्षेत्रप्रताप अधिकारी | नानी | १/१ | २०५५ | ३ |
| विद्यार्थीहरूको सहभागिता | नानीहरूका बगैंचा | १/१ | २०५५ | २०/२१ |
| अभिषेक स्वाँर | ‘नानी’ आयो | १/२ | २०५५ | २ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | १/२ | | |
| प्रमोद प्रधान | इन्द्रेणी | १/३८४ संयुक्ताङ्क | २०५५ | ३ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | १/३८४ संयुक्ताङ्क | २०५५ | २०/२१ |
| शारदा अधिकारी | नहेप है धेरै | १/५८६ संयुक्ताङ्क | २०५५/०५६ | ३ |
| ग·। सुवेदी | प्रतिभाहरू लुक्दैनन् | १/५८६ संयुक्ताङ्क | २०५५/०५६ | १३ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | १/५८६ संयुक्ताङ्क | २०५५/०५६ | २०/२१ |
| रुबिना थापा | एउटै मान | १/५८६ संयुक्ताङ्क | २०५५/०५६ | ३६ |
| अनुप शाक्य | नानी | २/१ | २०५६ | २ |

| | | | | |
|---|---|---|---|---|
| सोफिया भण्डारी | मेरो देश | २/१ | २०५६ | २ |
| तेजेश्वरबाबु ग्वंग | शिक्षा गान | २/१ | २०५६ | ३ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | २/१ | २०५६ | २४/२५ |
| ध्रुवकृष्ण दीप | सुइँखुट्टे मुसो | २/१ | २०५६ | ३६ |
| तीर्थराज शर्मा अधिकारी | नानीको गीत | २/२ र ३ | २०५६ | ३ |
| प्रतिसरा सङयमी | मेरी आमा मात्र मेरी | २/२ र ३ | २०५६ | ८ |
| मधुसूदनप्रसाद घिमिरे | नेपाली हौं हामी | २/२ र ३ | २०५६ | ८ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | २/२ र ३ | २०५६ | २४/२५ |
| कान्ता ढकाल | म छोरी | २/४ | २०५६ | १४/१५ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | २/४ | २०५६ | २४/२५/२६ |
| उषा श्रेष्ठ | आमाको पुकार | २/५ | २०५६ | ९ |
| विद्यार्थीहरूको सहभागिता | नानीहरूको बगैंचा | २/५ | २०५६ | २२/२३/२४ |
| विजय कडेंल | सत्य | २/५ | २०५६ | ४१ |
| भगवान् खड्का | खुकुरी | २/६ | २०५७ | २० |
| कामना रावल | दिन | २/६ | २०५७ | २४ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/२ | २०५७ | ४ |
| रमेश हरिलठ्ठक | विद्यालय जाऊ | ३/२ | २०५७ | १२ |
| महाकवि लक्ष्मीप्रसाद देवकोटा | पाप लाग्छ | ३/२ | २०५७ | २२/२३/२४/२५ |
| नरेन्द्र घिमिरे | हिमाल | ३/२ | २०५७ | ३० |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/३ | २०५७ | ५ |
| लक्ष्मी उप्रेती | मेरी सानी मने | ३/३ | २०५७ | १० |
| दीपेन्द्र शाह | हे आमा ¤ | ३/३ | २०५७ | १७ |
| मधुसूदनप्रसाद घिमिरे | टिक् टिक् टिक् टिक् घडी | ३/३ | २०५७ | २० |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/३ | २०५७ | २१/२२/२३ |
| कर्मा लामा | हाम्रो पुर्खा | ३/३ | २०५७ | ३० |
| लिजोन महर्जन | के हो जिन्दगी | ३/३ | २०५७ | ४१ |

| | | | | |
|---|---|---|---|---|
| सृष्टि पौडेल | पढेर ठूलो मान्छे बन्नेछु | ३/३ | २०५७ | ४१ |
| लक्ष्मी उप्रेती | घामपानी | ३/४ | २०५७ | ६ |
| पुष्प क्षितिज खतिवडा | हाम्रो लक्ष्य | ३/४ | २०५७ | १८ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/४ | २०५७ | २२/२३/२४/२५/२६/२७/२८ |
| पुष्पनाथ शर्मा | बालक | ३/५ | २०५७ | ३ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/५ | २०५७ | २४,२५,२६,२७,२८ |
| युवराज पौडेल | पढ्ने रहर | ३/५ | २०५७ | ३६ |
| कृष्ण बाउसे | नेपाल हाम्रो देश | ३/६ | २०५८ | ३ |
| मधुसूदनप्रसाद घिमिरे | हत्केलामा माटो | ३/६ | २०५८ | ८ |
| शर्मिला सुब्बा | खडेला | ३/६ | २०५८ | १९ |
| नयन नेपाल | म त पढ्न खोज्छु | ३/६ | २०५८ | १९ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ३/६ | २०५८ | २० देखि ३१ सम्म |
| युगकवि सिद्धिचरण श्रेष्ठ | माछा | ४/१ | २०५८ | ३ |
| चूडामणि नेपाल | मेरो सानो नानी | ४/१ | २०५८ | ८ |
| वासुश्री पाण्डे | पुतली | ४/१ | २०५८ | ८ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ४/१ | २०५८ | १९ देखि २५ सम्म |
| धरणीधर कोइराला | जाग जाग | ४/१ | २०५८ | ३६ |
| कृष्ण बाउसे | दुःखी बालक | ४/२ | २०५८ | ७ |
| मञ्जु दाहाल | तेम्बा | ४/२ | २०५८ | १३ |
| विद्यार्थीहरूको सहभागिता | नानीहरूको बगैंचा | ४/२ | २०५८ | २८ देखि ३७ सम्म |
| अञ्जना चौधरी | एकता | ४/३ | २०५८ | २ |
| गोरख बहादुर सिंह | अप्ठेरो पनि सुल्झन्छ | ४/३ | २०५८ | ३ |
| बसुश्री पाण्डे | परिश्रमी कमिला | ४/३ | २०५८ | १२ |
| राजव | विद्वान् | ४/३ | २०५८ | १२ |

| | | | | |
|---|---|---|---|---|
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ४/३ | २०५८ | २६ देखि ३३ सम्म |
| विद्यार्थीको सहभागिता | बाल कोसेली | ४/३ | २०५८ | ३८ देखि ४५ सम्म |
| घनश्याम न्यौपाने | नचाहिँदो काम कैल्यै गर्नु हुँदैन | ४/६ | २०५९ | ३ |
| कृष्ण बाउसे | छ है राम्रो बानी | ४/६ | २०५९ | ३ |
| मधुसूदनप्रसाद घिमिरे | इन्द्रेणी दिदी | ४/६ | २०५९ | ११ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ४/६ | २०५९ | २० देखि २९ सम्म |
| विवश पोखरेल | यसपालीको दशैं | ५/१ | २०५९ | १४ |
| इन्दिरा अधिकारी | जतभाव | ५/१ | २०५९ | १८ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ५/१ | २०५९ | २१ देखि २५ सम्म |
| हेमराज हिमकर | फूलबारीकी नानी तिमी | ५/२ | २०५९ | ११ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ५/२ | २०५९ | २२ देखि २६ सम्म |
| कृष्ण बाउसे | छ है राम्रो बानी | ५/३ | २०५९ | ३ |
| राममणि दुवाडी | सानी गाउँले नानी | ५/३ | २०५९ | ३ |
| विवेक लामा | पासाङ ल्हामू शेर्पा | ५/३ | २०५९ | ६ |
| शान्ति नेउपाने | तिम्रो छाती विशाल छ | ५/३ | २०५९ | ८ |
| कृष्णगोपाल श्रेष्ठ | मेरी सानी नानी | ५/३ | २०५९ | ८ |
| विद्यार्थीको सहभागिता | नानीहरूको बगैंचा | ५/३ | २०५९ | २१ देखि २६ सम्म |
| प्रज्ञा श्रेष्ठ | एउटा जुन रोपें | ५/३ | २०५९ | २७ |

| कथाकार | कथा | वर्ष/अङ्क | साल | पृष्ठ |
|---|---|---|---|---|
| शारदा कोइराला | बाजी | १/१ | २०५५ | १० |
| चलन चल्तीका कथाहरू | सुगा रटाइ | १/१ | २०५५ | २६ |
| केदार शाक्य | साथी बनाउँदाको फाइदा | १/२ | २०५५ | २२ |

| | | | | |
|---|---|---|---|---|
| कल्पना प्रधान | फूलको मृत्युमा | १/३ र ४ संयुक्ताङ्क | २०५५ | ९ |
| हिरण्यकुमारी पाठक | कालु उफ कमल | १/५ र ६ संयुक्ताङ्क | २०५५/ २०५६ | १० |
| सीमान्त सञ्जीव डेका | लोभी कुकुर | १/५ र ६ संयुक्ताङ्क | २०५५/२ ०५६ | १९ |
| राधिका राय | एउटी नारीको कथा | २/१ | २०५६ | ६ |
| सीमान्त सञ्जीव डेका | होसबिनाको जोस | २/१ | २०५६ | ४४ |
| सुस्मिता नेपाल | दुःख | २/२ र ३ | २०५६ | ६ |
| शिव अधिकारी | पारस र कोइली | २/२ र ३ | २०५६ | २७ |
| अच्युत घिमिरे | एउटा सत्य कथा | २/४ | २०५६ | ७ |
| कृष्ण गौतम | लाभको परिणाम | २/४ | २०५६ | २३ |
| नारायण खकुरेल | राजाबिनाको रमाइलो जंगल | २/५ | २०५६ | ८ |
| शारदा कोइराला | चतुरे कृष्ण | २/६ | २०५७ | १७ |
| मधुसूदनप्रसाद घिमिरे | परिवर्तन | ३/२ | २०५७ | १३ |
| लोकेन्द्र शाक्य | कुसुमको सन्देश | ३/२ | २०५७ | २८ |
| ममता दाहाल | चलाख बाँदर र निष्ठुरी गोही | ३/३ | २०५७ | ९ |
| परशु प्रधान | गाडधन | ३/४ | २०५७ | ७ |
| शारदा कोइराला | काले काग र चङ्खे Çयाउरो | ३/५ | २०५७ | १३ |
| गंगाप्रसाद अधिकारी | लौ आकाश खस्यो | ३/६ | २०५८ | ११ |
| अरुणा भट्टराई | पक्षी र कान्छीको मित्रता | ३/६ | २०५८ | १८ |
| कल्पना प्रधान | सपनाको मूल्य | ४/१ | २०५८ | ९ |
| प्रकाश शाह | झूठो बोलेको फल | ४/१ | २०५८ | २९ |
| रामेश्वर राउत ‘मातृदास’ | लोभी पाङ्ग्रे र महको घ्याम्पो | ४/२ | २०५८ | ८ |
| संजीव श्रेष्ठ | उपचार | ४/२ | २०५८ | ३९ |
| कल्पना प्रधान | मनको रोग | ४/३ | २०५८ | ४ |
| सविन चौलागाई | मक्किएको बाँस | ४/३ | २०५८ | ९ |

| | | | | |
|---|---|---|---|---|
| बद्री शिवाकोटी | भूलको बाटो हुँदैन | ४/३ | २०५८ | ३४ |
| रामेश्वर राउत | आमाको माया | ४/६ | २०५९ | ५ |
| गोरखबहादुर सिंह | अल्छी किसान | ४/६ | २०५९ | १६ |
| शर्मिला भट्ट | घमण्डी पुतली | ५/१ | २०५९ | १९ |
| प्रभात शिवाकोटी | साथीको कर्तव्य | ५/१ | २०५९ | २६ |
| ईश्वर खड्का | साथी | ५/१ | २०५९ | २८ |
| नवराज रिजाल | दिवाकरले जुक्ति निकाल्यो | ५/१ | २०५९ | ३१ |
| भियतनामी लोककथा - अनु. विश्वम्भर चञ्चल | किसान र बाघ | ५/२ | २०५९ | ५ |
| नारायण खकुरेल | जुँगे माछाको बिहे | ५/२ | २०५९ | ३३ |
| कल्पना प्रधान | प्रकाशको संगत | ५/३ | २०५९ | ४ |
| विश्वम्भर चञ्चल | भ्यागुतो किन पानी परेको दिनमा टरटर गर्छ | ५/६ | २०५९ | २८ |

| लेखक-निबन्धकार | लेख-निबन्ध | वर्ष/अङ्क | साल | पृष्ठ |
|---|---|---|---|---|
| टीकाराम शर्मा | स्काउट प्रशारण एउटा रमाइलो तथ्य | १/१ | २०५५ | ८ |
| विजय चालिसे | प्रेरणा- नेपोलियनको इमान्दारी | १/१ | २०५५ | १२ |
| कृष्णप्रसाद पराजुली | भाषिक चर्चा- नेपाली | १/१ | २०५५ | १५ |
| रत्न बस्नेत | गणित वर्ग निकाल्ने केही सजिलो | १/१ | २०५५ | २२ |
| प्रकाशचन्द्र शर्मा | विज्ञान-भाँडो घोप्ट्याउँदा यस भित्रको वस्तु नखस्ने | १/१ | २०५५ | २४ |
| धनेन्द्र शर्मा | जानकारी- 'तास' जुवा खेल्ने साधन मात्र होइन | १/१ | २०५५ | ३२ |
| बुलु मुकारुङ | संगीत शिक्षा | १/१ | २०५५ | ३४ |
| एस.एल. शर्मा | इतिहास जानकारी | १/२ | २०५५ | ४ |
| प्रज्वल कोइराला | देउनिया किनार सुध्रिदैछ | १/२ | २०५५ | ७ |
| देवी शर्मा | प्रेरणा- प्रसंग-प्रेरणा र प्रेरकको | १/२ | २०५५ | १० |

| | | | | |
|---|---|---|---|---|
| होम सुवेदी | भाषिक चर्चा- अब शुद्धसँग लेख्न थालौं | १/२ | २०५५ | १२ |
| रत्न बस्नेत | गणित-छोरा र छोरीको संख्या जान्ने जादू | १/२ | २०५५ | १६ |
| प्रकाशचन्द्र शर्मा | विज्ञान-हावाको चापको अनौठो गति | १/२ | २०५५ | १८ |
| अन्य स्रोत | सगरमाथा सम्बन्धी रोचक तथ्य | १/२ | २०५५ | २७ |
| वासु रिमाल | प्रेरणा-भक्तिनी मीरा | १/३-४ संयुक्ताङ्क | २०५५ | १२ |
| होम सुवेदी | भाषिक चर्चा- नेपाल | १/३-४ संयुक्ताङ्क | २०५५ | १४ |
| रत्न बस्नेत | गणित-बौद्धिक विकासमा गणितको भूमिका | १/३-४ संयुक्ताङ्क | २०५५ | १८ |
| प्रकाशचन्द्र शर्मा | ीविज्ञान-विज्ञान सम्बन्ध प्रयोग | १/३-४ संयुक्ताङ्क | २०५५ | १९ |
| चिन्तामणि दाहाल | चाड पर्व- उज्यालोको चाड तिहार र अन्य पर्वहरू | १/३-४ संयुक्ताङ्क | २०५५ | २६ |
| अमृतलाल श्रेष्ठ | डलर फलाउने चिया खेती | १/५-६ संयुक्ताङ्क | २०५५/०५६ | ४ |
| कृष्णगोपाल श्रेष्ठ | निजी स्कुल सरकारलाई चुनौती हो | १/५-६ संयुक्ताङ्क | २०५५/०५६ | ९ |
| रन्जुश्री पराजुली | प्रेरणा-लियो टाल्सटाय | | | |
| बुलु मुकारुङ | सङ्गीत- बालबालिकाका निम्ति सङ्गीत | १/५-६ संयुक्ताङ्क | २०५५/०५६ | २३ |
| घनेन्द्रप्रसाद शर्मा | संस्कृति-संस्कार र संस्कृतिमा फरक | १/५-६ संयुक्ताङ्क | २०५५/०५६ | ३७ |
| लक्ष्मी गुरागाई | नेपाली बालबालिका | २/१ | २०५६ | ४ |
| होम सुवेदी | भाषा- नेपाली (पाठ्यपुस्तक) | २/१ | २०५६ | १५ |
| रत्न बस्नेत | गणित- त्यो एक रुपैयाँ कहाँ गयो | २/१ | २०५६ | १७ |
| विजयकुमार बस्न्यात | दक्षिण एसियाली खेलकुदमा नेपालको सहभागिता र सफलता | २/१ | २०५६ | २८ |

| | | | | |
|---|---|---|---|---|
| बुलु मुकारुङ | हाम्रो बाजागाजा | २/२-३ | २०५६ | ४ |
| प्रकाशचन्द्र शर्मा | विज्ञान-मिनी कम्प्युटर बनाउने तरिका | २/२-३ | २०५६ | २० |
| रत्न बस्नेत | गणित- पाठ्यपुस्तक | २/२-३ | २०५६ | २२ |
| लोकेन्द्र शाक्य | बाल भित्ते पत्रिका | २/२-३ | २०५६ | २८ |
| महेश्वर शाक्य | लसुन महौषधि | २/२-३ | २०५६ | ३२ |
| मदन प्र. श्रेष्ठ | औंठा छापेहरू पनि स्कुलका संस्थापक छन् | २/२-३ | २०५६ | ४० |
| गणेश पराजुली | प्राकृतिक सम्पदाको प्रदेश संखुवासभा | २/४ | २०५६ | ४ |
| ज्ञान उदास | नारायण श्रेष्ठ- चिनारी | २/४ | २०५६ | १६ |
| सुव्रत | पशुपतिनाथ | २/४ | २०५६ | १८ |
| रत्न बस्नेत | हराएको अङ्क पत्ता तरिका | २/४ | २०५६ | १९ |
| मञ्जिल मुकारुङ्ग | लाज मान्ने बुहारी मगर | २/४ | २०५६ | २२ |
| सोबित | जीवनी- गीतकार हरिभक्त कटुवालको सम्झना | २/४ | २०५६ | २७ |
| स्रोत साप्ताहिक | प्रसिद्ध देवस्थल-चाँगुनारायण | २/५ | २०५६ | ४ |
| मञ्जिल मुकारुङ्ग | माइक्रोस्कोप- जानकारी | २/५ | २०५६ | ५ |
| धनेन्द्र शर्मा | च्याउको महŒव | २/५ | २०५६ | ६ |
| देवी पन्थी | चिनारी- चिरञ्जीवी दाहाल | २/५ | २०५६ | १८ |
| रत्न बस्नेत | गणित- हराएको अङ्क पत्ता लगाउने तरिका | २/५ | २०५६ | १९ |
| शिव अधिकारी | टेबुल टेनिस | २/५ | २०५७ | २५ |
| रविन्द्र समीर | आकर्षक रेसुङ्गा | २/५ | २०५७ | २८ |
| मञ्जिल मुकारुङ्ग | प्रेरणा- अल्फ्रेड वनहार्ड नोबेल | २/६ | २०५७ | ७ |
| पुष्पनाथ शर्मा | च्छो रोल्पा- एक चिनारी | २/६ | २०५७ | २५ |
| विजयकुमार बस्न्यात | पुष्पभक्त मल्लः एउटा जिउँदो इतिहास | ३/२ | २०५७ | २ |
| ज्ञान उदास | हुने विरुवाको चिल्लो पात | ३/२ | २०५७ | ५ |
| ज्ञान उदास | स्थान परिचय- गुफापोखरी | ३/२ | २०५७ | १९ |
| चुनु आले | वनविनाश र यसको रोकथाम | ३/२ | २०५७ | २६ |

| | | | | |
|---|---|---|---|---|
| ज्ञान उदास | विभूतिराज पाण्डे- चिनारी | ३/२ | २०५७ | २९ |
| बुलु मुकारुङ्ग | संगीतको प्रारम्भिक ज्ञान | ३/२ | २०५७ | ३९ |
| विजयकुमार बस्न्यात | सरदार यदुनाथ खनाल- अनुपम प्रेरक व्यक्तित्व | ३/३ | २०५७ | २ |
| ज्ञान उदास | पुष्पनाथ शर्मा- चिनारी | ३/३ | २०५७ | १७ |
| भीम खरेल | श्री वीरेन्द्र र नेपाली कला | ३/४ | २०५७ | ४ |
| दीनदुखी राई | माथिल्लो डोल्पा स्थान परिचय | ३/४ | २०५७ | ८ |
| रमेशजंग सिंजापति | नेपाली हुलाक टिकटको प्रतिष्ठा | ३/४ | २०५७ | १० |
| रामहरि बञ्जारा | पुस्तक नै ज्ञानको भण्डार | ३/४ | २०५७ | १२ |
| ज्ञान उदास | सम्माननीय सन्तबहादुर राई | ३/४ | २०५७ | १६ |
| शेखर पौड्याल | सम्बन्ध- बाल अधिकार | ३/४ | २०५७ | १९ |
| डा. श्रीरामप्रसाद उपाध्याय | आगामी एस. एल. सी. सामाजिक शिक्षा | ३/५ | २०५७ | १४ |
| आनन्द गिरी | स्थान परिचय देवताको “गुप्तेश्वर गुफा” ? आश्रम | ३/५ | २०५७ | १७ |
| ज्ञान उदास | चिनारी मोहनराज शर्मा | ३/५ | २०५७ | १९ |
| साप्ताहिक | प्रसिद्ध देवस्थल-शिव पार्वती मन्दिर | ३/५ | २०५७ | २२ |
| अनन्तप्रसाद वाग्ले | पनौतीको इन्द्रेश्वर महादेव | ३/५ | २०५७ | २३,३६ |
| बुलु मुकारू· | संगीतको प्रारम्भिक ज्ञान | ३/५ | २०५७ | २९ |
| साप्ताहिक | प्रेरणा-लुई पास्चर | ३/५ | २०५७ | ४३ |
| कन्हैयालाल चखूँ | राजा वीर विक्रमादित्य र विक्रम संवत्को शुरुवात | ३/६ | २०५८ | ४ |
| मीना सुवेदी | स्थान परिचय-डडेलधुराका ऐतिहासिक स्थलहरू | ३/६ | २०५८ | ९ |
| कृष्णराज दुवाल | मातातीर्थ औंशी र यसको महŒव | ३/६ | २०५८ | १६ |
| सुबासना खरेल | हामी र हाम्रो वातावरण | ३/६ | २०५८ | ३२ |
| स्रोत-साप्ताहिक | प्रसिद्ध देवस्थल-स्वयम्भू | ३/६ | २०५८ | ३६ |
| ज्ञान उदास | प्रेरणा-जोनलोगी वेयर्ड | ३/६ | २०५८ | ३७ |

| | | | | |
|---|---|---|---|---|
| भीम खरेल | कवि दीपेन्द्र शाह र उहाँका सिर्जनाहरू | ४/१ | २०५८ | २ |
| डा. श्रीरामप्रसाद उपाध्याय | सामाजिक अध्ययन र यसको महŒव | ४/१ | २०५८ | ७ |
| ज्ञान उदास र विजयकुमार बस्न्यात | सूचना तथा जानकारीविना व्यक्ति अन्धो समान हुन्छ - ऋचा त्रिपाठी | ४/१ | २०५८ | १५ |
| ज्ञान उदास | दिलीपकुमार श्रेष्ठ-चिनारी | ४/१ | २०५८ | १७ |
| स्वच्छन्द सो·मेन | समय | ४/१ | २०५८ | २७ |
| सन्तोष गौतम | नेपालः मेरो आँखामा | ४/१ | २०५८ | २८ |
| हरिकुमार शाह | प्रेरणाः भास्को द गामा | ४/१ | २०५८ | ३१ |
| भीम खरेल | श्री ५ रत्नः एक व्यक्ति अनेक व्यक्तित्व | ४/२ | २०५८ | २ |
| ज्ञान उदास | आत्मकथाः हिमबालक तेम्बाछिरी शेर्पा | ४/२ | २०५८ | १३ |
| मञ्जिल मुकारू· | प्रेरणाः अलबर्ट आइन्सटाइन | ४/२ | २०५८ | १७ |
| शिव अधिकारी | दशैं-दशा नहोस् ¤ | ४/२ | २०५८ | २१ |
| गणेशलाल श्रेष्ठ | स्थान परिचय-ठाडोको दह-एक चिनारी | ४/२ | २०५८ | २३ |
| श्रीषा पाल | वातावरणको संरक्षण हाम्रो भविष्य | ४/२ | २०५८ | ३८ |
| प्रा. डा. श्रीरामप्रसाद उपाध्याय | सामाजिक अध्ययनका पाठ्य-पुस्तकमा विषयवस्तुको न्यूनता किन ? | ४/३ | २०५८ | ५ |
| महेश्वर फुँयाल | कम्प्युटरका अविष्कारक | ४/३ | २०५८ | ७ |
| राधिका फुँयाल | कम्प्युटर र यसको इतिहास | ४/३ | २०५८ | ७/८ |
| शिव अधिकारी | इतिहासमै पहिलो बाल चेतना समूह | ४/३ | २०५८ | १६ |
| रामहरि कार्की | नेपाली बालबालिकाका समस्या समाधान गर्न के गर्ने ? | ४/३ | २०५८ | ३५ |
| ज्ञान उदास | नेपाल संवत् चलाउने व्यक्ति शंखधर साख्वा | ४/६ | २०५९ | ४ |

| | | | | |
|---|---|---|---|---|
| भूपमणि निरौला | पूर्वाञ्चलकी मनोकामना देवी | ४/६ | २०५९ | १२ |
| बलराम | बच्चाहरूका लागि इन्टरनेट | ४/६ | २०५९ | १४ |
| लोकेन्द्र शाक्य | बालअधिकारको निम्ति बाल सहभागिता | ४/६ | २०५९ | १७ |
| श्रीषा पाल | जीवनी महात्मा गान्धी | ४/६ | २०५९ | ३३ |
| डा. विजयालक्ष्मी श्रेष्ठ | मेरो बालापन | ४/६ | २०५९ | ४० |
| भीम खरेल | राजा सबैका साझा | ५/१ | २०५९ | ३ |
| बलराम प्यासी | प्रेरणा-एसओएस बालग्रामका संस्थापक-हर्मन माइनर | ५/१ | २०५९ | १० |
| सिंहबहादुर मोक्तान | सधैं सत्य बोल र परोपकारी बन-मेरो बालापन | ५/१ | २०५९ | १४ |
| सुदन झा | इमेलले कसरी काम गर्दछ ? | ५/१ | २०५९ | १६ |
| विष्णु के. सी. | राष्ट्रिय विभूति-आदिकवि भानुभक्त आचार्य | ५/१ | २०५९ | २७ |
| नारायण खकुरेल 'नास्तिक' | साहसिक कथा-दुबै हात नभएका शेर्पा सगरमाथा चढ्ने | ५/२ | २०५९ | ३२ |
| ज्ञान उदास | श्री ५ युवराज्ञी हिमानी राज्यलक्ष्मी देवी शाह-विशेष प्रस्तुति | ५/२ | २०५९ | ३ |
| लक्ष्मण राजवंशी | मेरो जीवन यात्रा | ५/२ | २०५९ | ५ |
| विष्णु के. सी. | राष्ट्रिय विभूति-मोतीराम भट्ट | ५/२ | २०५९ | १५ |
| इंडेन पब्लिक स्कूल | निबन्ध-मानव अधिकार | ५/२ | २०५९ | २७ |
| विनोद पौडेल | राष्ट्रिय विभूति-साहसी महिला र वीरताका प्रतीकः पासा· ल्हामू | ५/३ | २०५९ | ६ |
| कोमलप्रसाद शर्मा | मेरो जीवनयात्रा | ५/३ | २०५९ | ९ |
| शंकर खनाल | शिव-पार्वतीको क्रीडास्थल शिवधारा | ५/३ | २०५९ | १२ |
| गोपाल पराजुली | जीवनी-युगकवि सिद्धिचरण श्रेष्ठ | ५/३ | २०५९ | १४ |
| ऋचा त्रिपाठी | लेख-चेलीबेटी बेचबिखनको समस्या | ५/३ | २०५९ | ३० |
| सुदन झा | साइबर आतंक | ५/३ | २०५९ | ३२ |

| | | | | |
|---|---|---|---|---|
| डा. किशोरनारायण श्रेष्ठ | धेरै रोगहरूमा काम लाग्ने अश्वगन्धा | ५/३ | २०५९ | ४१ |
| ज्ञान उदास | पृथ्वीमा चट्याङ पर्ने क्षेत्रहरू | ५/३ | २०५९ | ४६ |

| विविध: लेखक | लेख | वर्ष/अङ्क | साल | पृष्ठ |
|---|---|---|---|---|
| जुनु उदास | इतिहास जानकारी | १/१ | २०५५ | ४ |
| नारायण श्रेष्ठ | अन्तर्वार्ता | १/१ | २०५५ | ५ |
| मंजुल | गीत- अक्षर | १/१ | २०५५ | १४ |
| न्यखष्लमब क्जबचकब | ीभबचलष्लन न्ययम भ्लनष्किज | १/१ | २०५५ | १८ |
| एञ्जीला श्रेष्ठ | कुराकानी | १/१ | २०५५ | २८ |
| ज्ञान उदास | नानी क्विज | १/१ | २०५५ | २९ |
| ज्ञान उदास | नानीहरूको समाचार | १/१ | २०५५ | ३० |
| घनेन्द्र प्र. शर्मा | रंग भर- १ | १/१ | २०५५ | ३५ |
| ध्रुवकृष्ण दीप | गीत-मेरी छोरी | १/२ | २०५५ | ३ |
| शिवदत्त ज्ञवाली | अन्तर्वार्ता | १/२ | २०५५ | ५ |
| ज्ञान उदास | विश्वकप | १/२ | २०५५ | ६ |
| न्यखष्लमब क्जबचकब | त्यधबचमक द्यभततभच भ्लनष्किज | १/२ | २०५५ | १४ |
| भक्तगोविन्द श्रेष्ठ | अभिभावकको पातो | १/२ | २०५५ | १८ |
| चाँदनी श्रेष्ठ | कुराकानी | १/२ | २०५५ | २४ |
| ज्ञान उदास | नानी क्वीज | १/२ | २०५५ | २६ |
| ज्ञान उदास | शब्द ज्ञान | १/२ | २०५५ | २९ |
| ज्ञान उदास | सामान्य ज्ञान-१ | १/२ | २०५५ | ३१/३२ |
| ज्ञान उदास | ‘नानी’ समाचार | १/२ | २०५५ | ३५/३६ |
| ज्ञान उदास | नानी रंग भर- २ | १/२ | २०५५ | ३९ |
| जुनु उदास | इतिहास जानकारी | १/३-४ संयुक्त | २०५५ | ४ |
| उमेश श्रेष्ठ | अन्तर्वार्ता | १/३-४ संयुक्त | २०५५ | ५ |
| ज्ञान उदास | विद्यालय परिचय | १/३-४ संयुक्त | २०५५ | ८ |
| न्यखष्लमब क्जबचकब | त्यधबचमक द्यभततभच भ्लनष्किज( द्द | १/३-४ संयुक्त | २०५५ | १६ |

| | | | | |
|---|---|---|---|---|
| भरतबहादुर कार्की | अभिभावकको पातो | १/३-४ संयुक्त | २०५५ | २३ |
| शान्ति क्षेत्री | कुराकानी | १/३-४ संयुक्त | २०५५ | २८ |
| ज्ञान उदास | नानी क्वीज | १/३-४ संयुक्त | २०५५ | ३० |
| ज्ञान उदास | शब्दभण्डार | १/३-४ संयुक्त | २०५५ | ३१ |
| हरि न्यौपाने | ‘नानी’ सामान्य ज्ञान | १/३-४ संयुक्त | २०५५ | ३३ |
| ज्ञान उदास | केही रोचक जानकारी | १/३-४ संयुक्त | २०५५ | ३४ |
| ज्ञान उदास | नानी समाचार | १/३-४ संयुक्त | २०५५ | ३६ |
| ज्ञान उदास | नानी रंग भर-३ | १/३-४ संयुक्त | २०५५ | ३९ |
| प्र.अ. जङ्गबहादुर प्रसाद ठाकुर | अन्तर्वार्ता | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | ५ |
| प्रिन्सिपल प्रविज्ञ रेग्मी | लेख-गुणस्तरयुक्त भिक्षा दिनु अत्यन्तै चुनौतीपूर्ण छ | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | ६ |
| देवकृष्ण ताम्राकार | अभिभावकको पातो | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | ८ |
| आसाम विशेष | आसामको आँखामा नानी | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | १४/१५/१६/१७/१८ |
| बन्दना न्यौपाने | केही आविष्कार र आविष्कारकहरू | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | २२ |
| भरत शाक्य | पर्दा/ रङ्गमञ्च | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | २४/२५ |
| शोभाकान्त सुवेदी | बालगीत | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | २६ |
| ज्ञान उदास | सामान्यज्ञान | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | २७ |
| ज्ञान उदास | उखान र अर्थ | १/५-६ संयुक्ताङ्ग | २०५५/०५६ | २७ |
| विद्यार्थीहरू | प्रतिभा | १/५-६ | २०५५/०५ | २८/२९ |

| | | | | |
|---|---|---|---|---|
| | | संयुक्ताङ्ग | ६ | |
| ज्ञान उदास | नानी क्वीज- ४ | १/५-६ संयुक्ताङ्ग | २०५५/०५ ६ | ३० |
| ज्ञान उदास | नानीहरूको समाचार | १/५-६ संयुक्ताङ्ग | २०५५/०५ ६ | ३२/३३ |
| ध्बषपबशष च्ब | त्जभ ीष्यल प्लन | १/५-६ संयुक्ताङ्ग | २०५५/०५ ६ | ३४/३५ |
| ज्ञान उदास | जानकारी | १/५-६ संयुक्ताङ्ग | २०५५/०५ ६ | ३६ |
| केशव नेपाली | अन्तर्वार्ता | २/१ | २०५६ | ९ |
| कल्पना प्रधान | बाल गीति उपन्यास-पराक्रमी फर्सी | २/१ | २०५६ | (१२) धारावाहिक |
| ज्ञान उदास | जानकारी | २/१ | २०५६ | २०/२१ |
| ज्ञान उदास | नानीहरूको समाचार | २/१ | २०५६ | ३४/३५ |
| कुबेर लिम्बुरिवम | नानीको गीत | २/१ | २०५६ | ३६ |
| शिव अधिकारी | नानी सामान्य ज्ञान | २/१ | २०५६ | ३७/३८ |
| ज्ञान उदास | कलाकार | २/१ | २०५६ | ४०/४१ |
| ज्ञान उदास | ँनानी’ क्वीज-५ | २/१ | २०५६ | ४२ |
| ज्ञान उदास | नानी रंग भर-४ | २/१ | २०५६ | ४३ |
| विद्यार्थीहरू | प्रतिभा | २/१ | २०५६ | ४६/४७ |
| रानी गुरू· | अन्तर्वार्ता | २/२-३ संयुक्ताङ्ग | २०५६ | ९ |
| ज्ञान उदास | शुभतारा स्कुल-विद्यालय परिचय | २/२-३ संयुक्ताङ्ग | २०५६ | १३ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीति उपन्यास | २/२-३ संयुक्ताङ्ग | २०५६ | १५( धारावाहिक) |
| कृष्णगोपाल श्रेष्ठ | अभिभावकको पातो | २/२-३ संयुक्ताङ्ग | २०५६ | १८ |
| अरुणबाबु खत्री | सामान्य ज्ञान | २/२-३ संयुक्ताङ्ग | २०५६ | ३०/३१ |
| ज्ञान उदास | नानीहरूका समाचार | २/२-३ संयुक्ताङ्ग | २०५६ | ३४/३५ |
| ज्ञान उदास | नानी क्वीज नं-६ | २/२-३ | २०५६ | ३६ |

| | | | | |
|---|---|---|---|---|
| | | संयुक्ताङ्क | | |
| ज्ञान उदास | नानी रंग भर-५ | २/२-३ संयुक्ताङ्क | २०५६ | ३७ |
| लीला श्रेष्ठ | बाल गीत | २/२-३ संयुक्ताङ्क | २०५६ | ४१ |
| विद्यार्थीहरू | प्रतिभा | २/२-३ संयुक्ताङ्क | २०५६ | ४२/४३ |
| ज्ञान उदास | जानकारी | २/२-३ संयुक्ताङ्क | २०५६ | ४४ |
| मंजुल | गीत-खालीपाना हेर्छ मलाई केही कोर भनी | २/२-३ संयुक्ताङ्क | २०५६ | ३ |
| एन. के. सिंह | अन्तर्वार्ता | २/४ | २०५६ | १० |
| ज्ञान उदास | विद्यालय परिचय | २/४ | २०५६ | १३ |
| धर्मराज अधिकारी | जानकारी | २/४ | २०५६ | २१ |
| रेखा कार्की | सामान्य ज्ञान | २/४ | २०५६ | ३१ |
| शिव अधिकारी | थाहा पाई राखौं | २/४ | २०५६ | ३२/३३ |
| ज्ञान उदास | जानकारी | २/४ | २०५६ | ३४/३५ |
| ज्ञान उदास | ‘नानी’ क्वीज नं-७ | २/४ | २०५६ | ३६ |
| ज्ञान उदास | ‘नानी’ रंग भर-६ | २/४ | २०५६ | ३७ |
| ज्ञान उदास | नानीहरूको समाचार | २/४ | २०५६ | ४० |
| विद्यार्थीहरू | प्रतिभा | २/४ | २०५६ | ४२/४३ |
| स्व. कृति शर्मा | नानीहरूका गीत | २/५ | २०५६ | ३ |
| कमला कुँवर | अन्तर्वार्ता | २/५ | २०५६ | १० |
| ज्ञान उदास | विद्यालय परिचय | २/५ | २०५६ | १३ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीत उपन्यास | २/५ | २०५६ | (१५) धारावाहिक |
| स्रोत-साप्ताहिक | विविध जानकारी | २/५ | २०५६ | २६ |
| खगेश्वर कोइराला | बाल गीत-नानीको उद्देश्य | २/५ | २०५६ | २७ |
| निर्मल सापकोटा | सामान्य ज्ञान | २/५ | २०५६ | ३०/३१ |
| ज्ञान उदास | ‘नानी’ क्वीज नं-८ | २/५ | २०५६ | ३४ |
| ज्ञान उदास | ‘नानी’ रंग भर-७ | २/५ | २०५६ | ३५ |
| ज्ञान उदास | नानीहरूको समाचार | २/५ | २०५६ | ४० |

| | | | | |
|---|---|---|---|---|
| लीला श्रेष्ठ | बाल गीत | २/५ | २०५६ | ४१ |
| विद्यार्थीहरू | प्रतिभा | २/५ | २०५६ | ४२ |
| कृष्ण बाउसे | नानीहरूका गीत | २/६ | २०५७ | ३ |
| घनश्याम न्यौपाने | एकाङ्की-यति यति पानी | २/६ | २०५७ | ४ |
| शलिग्राम दाहाल | अन्तर्वार्ता | २/६ | २०५७ | ८ |
| ज्ञान उदास | विद्यालय परिचय | २/६ | २०५७ | ११ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीति उपन्यास | २/६ | २०५७ | १३ धारावाहिक |
| डा. विमल कोइराला | अभिभावकको पातो | २/६ | २०५७ | १८ |
| आकाश | जीवजन्तु-कंगारु | २/६ | २०५७ | २८ |
| ज्ञान उदास | थाहा पाइ राखौं | २/६ | २०५७ | २९ |
| तुलसी ताजपुरीया | सामान्य ज्ञान | २/६ | २०५७ | ३०/३१/३२ |
| ज्ञान उदास | नानी समाचार | २/६ | २०५७ | ३३/३४ |
| विद्यार्थीहरू | प्रतिभा | २/६ | २०५७ | ३८ |
| ज्ञान उदास | प्रसिद्ध देवस्थल-मनकामना देवी | ३/२ | २०५७ | ८ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीति उपन्यास | ३/२ | २०५७ | (१५) धारावाहिक |
| निर्मला सापकोटा | नानी सामान्य ज्ञान | ३/२ | २०५७ | ३१ |
| कृतन गौतम | विविध जानकारी | ३/२ | २०५७ | ३२ |
| स्रोत-साप्ताहिक | झलक-ललितपुर | ३/२ | २०५७ | ३३ |
| स्रोत-कान्तिपुर | अन्तर्राष्ट्रिय-झलक | ३/२ | २०५७ | ३४ |
| ज्ञान उदास | जानी राखौं | ३/२ | २०५७ | ३५ |
| ज्ञान उदास | पर्यटन-क्रमशः | ३/२ | २०५७ | ३६ |
| विद्यार्थीहरू | प्रतिभा | ३/२ | २०५७ | ४० |
| ज्ञान उदास | नानीहरूका समाचार | ३/२ | २०५७ | ४२ |
| स्रोत-नेपाल आँखा बैंक | आँखाको नानी दान महादान | ३/३ | २०५७ | ६ |
| प्रा. डा. श्रीरामप्रसाद उपाध्याय | पाठ्यसामग्री-सामाजिक शिक्षा | ३/३ | २०५७ | ११ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीति उपन्यास | ३/३ | २०५७ | (२६) धारावाहिक |
| ज्ञान उदास | पर्यटन-क्रमशः | ३/३ | २०५७ | २८ |
| ज्ञान उदास | झलक-ताप्लेजु· | ३/३ | २०५७ | २९ |
| ज्ञान उदास | झलक-चिन | ३/३ | २०५७ | ३० |

| | | | | |
|---|---|---|---|---|
| ज्ञान उदास | जानी राखौं | ३/३ | २०५७ | ३१ |
| ज्ञान उदास | जीवजन्तु-कोइली, आर्डवार्क | ३/३ | २०५७ | ३५ |
| विजयकुमार बस्न्यात | खेलजगत् | ३/३ | २०५७ | ३६ |
| विद्यार्थीहरू | प्रतिभा | ३/३ | २०५७ | ४२ |
| कालीप्रसाद रिजाल | बिहान उठ्ने बित्तिकै-राष्ट्रिय गान | ३/४ | २०५७ | ३ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बाल गीति उपन्यास | ३/४ | २०५७ | १३ धारावाहिक |
| स्रोत-साप्ताहिक | जीवजन्तु-कैसोबरी लोखर्के | ३/४ | २०५७ | २९ |
| ज्ञान उदास | नानीहरूको समाचार | ३/४ | २०५७ | ३०/३१/३२ |
| ज्ञान उदास | झलक-दोलखा | ३/४ | २०५७ | ३३ |
| ज्ञान उदास | झलक-अन्तराष्ट्रिय | ३/४ | २०५७ | ३४ |
| ज्ञान उदास | पर्यटन-क्रमशः | ३/४ | २०५७ | ३६ |
| कृतन गौतम | सामान्य ज्ञान | ३/४ | २०५७ | ३८ |
| ज्ञान उदास | इतिहास | ३/५ | २०५७ | ४ |
| मोहनराज शर्मा | कुराकानी | ३/५ | २०५७ | ५ |
| देवेन्द्र अर्याल | जीवजन्तु-डाइनोसरहरू माकुरा, ओपोसम | ३/५ | २०५७ | ८ |
| एस्पी कोइराला | कलम-कपी-बालगीत | ३/५ | २०५७ | १२ |
| कल्पना प्रधान | पराक्रमी फर्सी-बालगीति उपन्यास | ३/५ | २०५७ | ३० |
| ज्ञान उदास | नानीहरूका समाचार | ३/५ | २०५७ | ३२ |
| ज्ञान उदास | झलक-रामेछाप | ३/५ | २०५७ | ३४ |
| कृष्ण रेग्मी | जानी राखौं | ३/५ | २०५७ | ३७ |
| कृष्णप्रसाद भण्डारी | शब्दज्ञान | ३/५ | २०५७ | ३८ |
| झमकप्रसाद शर्मा | रोचक प्रसंग तथा उखानहरू | ३/५ | २०५७ | ४१ |
| ज्ञान उदास | पर्यटन | ३/५ | २०५७ | ४२ |
| क्षेत्रप्रताप अधिकारी | बालगीत-नानी बाबु | ३/६ | २०५८ | १२ |
| भवनाथ उपाध्याय | कुराकानी | ३/६ | २०५८ | १३ |
| धर्मागत भट्टराई | जीवजन्तु-ध्वाँसे चितुवा, भैंसे गोहोरो, नीर बिरालो | ३/६ | २०५८ | ३४ |
| ज्ञान उदास | नानीहरूको समाचार | ३/६ | २०५८ | ३८/३९ |

| | | | | |
|---|---|---|---|---|
| ज्ञान उदास | झलक-काभ्रेपलाञ्चोक | ३/६ | २०५८ | ४०/४१ |
| ज्ञान उदास | रोचक प्रसंग | ३/६ | २०५८ | ४२/४३/४४ |
| शर्मिला दाहाल | नाटक-उज्याला बाटो शिक्षाको | ४/१ | २०५८ | ४ |
| जयस पौडेल | जीवजन्तु-एमू, जोफो | ४/१ | २०५८ | ६ |
| ज्ञान उदास | अन्तर्वार्ता | ४/१ | २०५८ | ११ |
| ज्ञान उदास | विद्यालय परिचय | ४/१ | २०५८ | १४ |
| ग्बदष्तब च्बष | :यमभचल कअष्भलअभ | ४/१ | २०५८ | २६ |
| ज्ञान उदास | नानीहरूको समाचार | ४/१ | २०५८ | ३२/३३/३४ |
| चन्दनकुमार सिंह | नानीहरूको ज्ञानमाला | ४/१ | २०५८ | ३५ |
| कृतन गौतम | विविध जानकारी | ४/१ | २०५८ | ३६ |
| ज्ञान उदास | नानी कोठेपद-१ | ४/१ | २०५८ | ३९ |
| एस्पी कोइराला | बालगीत-बांस र केराको कथा | ४/१ | २०५८ | ५ |
| प्रतापकुमार पाठक | कुराकानी | ४/२ | २०५८ | ९ |
| ज्ञान उदास | मनोरञ्जन | ४/२ | २०५८ | ११ |
| विद्यार्थीहरू | प्रतिभा | ४/२ | २०५८ | १५/१६ |
| ज्ञान उदास | जीवजन्तु-ऊँट, भ्यागुतो | ४/२ | २०५८ | २० |
| सुमन बोहरा | सामान्य ज्ञान/विविध/जानकारी | ४/२ | २०५८ | २४/२५/२६ |
| ज्ञान उदास | विद्यालय परिचय | ४/२ | २०५८ | २७ |
| ज्ञान उदास | नानी कोठेपद-२ | ४/२ | २०५८ | ४० |
| धर्मराज भट्टराई | जीवजन्तु-स्थल, पुड्के बँदेल | ४/३ | २०५८ | १४ |
| स्रोतः रोनाष्ट | विज्ञान जानकारी | ४/३ | २०५८ | १५ |
| ज्ञान उदास | नानीहरूको समाचार | ४/३ | २०५८ | १७/१८ |
| राजु कँडेल | गाउँखाने कथा | ४/३ | २०५८ | १९ |
| सुमन बोहरा, सुजन गुरु·, विकास सापकोटा | सामान्य ज्ञान/जानकारी/विविध | ४/३ | २०५८ | २०/२१ |
| हेमन्त चालिसे | वैज्ञानिक व्यक्तित्वहरू | ४/३ | २०५८ | २१/२२ |
| ज्ञान उदास | नानी कोठेपद | ४/३ | २०५८ | ३७ |
| आशीष सिलवाल | जानकारी | ४/३ | २०५८ | ४६ |
| घनश्याम न्यौपाने | बाल गजल-नचाहिंदो काम कैल्यै गर्नु हुँदैन | ४/६ | २०५९ | ३ |

| | | | | |
|---|---|---|---|---|
| शंकरमान श्रेष्ठ/राकेश | विज्ञान नाप | ४/६ | २०५९ | ८/९/१० |
| ज्ञान उदास | विज्ञान जिज्ञासा | ४/६ | २०५९ | १५ |
| ज्ञान उदास | नानीहरूको समाचार | ४/६ | २०५९ | १८ |
| च्अजब त्चष्उबतजष | भ्ककबथ-ःथ ९यतजभच | ४/६ | २०५९ | ३० |
| ब्लवबलब अजबगमजबचथ | ऋफउगतभच ष्ल तजभ ९यमभचल बनभ | ४/६ | २०५९ | ३१ |
| ज्ञान उदास | अविष्कार-टेपरेकर्डर, थर्मामिटर | ४/६ | २०५९ | ३६ |
| ज्ञान उदास | जीवजन्तु-चमेरो, अष्ट्रिच | ४/६ | २०५९ | ३८ |
| सूदन प्रसाद पोखरेल | स्वदेश गान-कुल्चिन दिन्न दिन्न धर्ती यो माटो मेरो | ५/१ | २०५९ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ज्ञान उदास | जीवजन्तु-जलगैंडा | ५/१ | २०५९ | १२ |
| ज्ञान उदास | विश्वकै ठूलो पर्वतीय संग्रहालय | ५/१ | २०५९ | १८ |
| ज्ञान उदास | नानीहरूका समाचार | ५/१ | २०५९ | २०/२१ |
| ज्ञान उदास | स्वास्थ्य चर्चा | ५/१ | २०५९ | ३० |
| ज्ञान उदास | विज्ञान जानकारी | ५/१ | २०५९ | ३७ |
| केशवराज राजभण्डारी | बाल भजन | ५/२ | २०५९ | ४ |
| कृष्णप्रसाद पराजुली | एकाङ्की-छोरीले पनि पढ्नुपर्छ | ५/२ | २०५९ | ९ |
| जनार्दन ढकाल | जीवजन्तु-बाघ, चितुवा | ५/२ | २०५९ | १२ |
| स्रोत-स्वास्थ्य मन्त्रालय | स्वास्थ्य चर्चा | ५/२ | २०५९ | ३३ |
| ज्ञान उदास | सामान्य ज्ञान | ५/२ | २०५९ | ३७/३८/३९/४० |
| विद्यार्थीहरू | प्रतिभा | ५/२ | २०५९ | ४३ |
| ज्ञान उदास | व्यक्ति-व्यक्तित्व | ५/२ | २०५९ | ४४ |
| ज्ञान उदास | नानी समाचारहरू | ५/२ | २०५९ | ४७ |
| ज्ञान उदास | जनक शिक्षा सामग्री केन्द्र र यसको प्रगति | ५/३ | २०५९ | १६ |
| स्रोत-स्वास्थ्य मन्त्रालय | स्वास्थ्य चर्चा | ५/३ | २०५९ | १८ |
| मधु आचार्य | विविध गतिविधि | ५/३ | २०५९ | १९/२० |
| रामप्रसाद शाह | बाल गजल-प्रकृतिमै रमाउँदै जिन्दगी यो बित्नुपर्छ | ५/३ | २०५९ | ३४ |
| ज्ञान उदास | नानीहरूको समाचार | ५/३ | २०५९ | ३५ |
| ज्ञान उदास | सामान्य ज्ञान | ५/३ | २०५९ | ३७/३८ |
| विद्यार्थीहरू | प्रतिभा | ५/३ | २०५९ | ३९ |
| ज्ञान उदास | जानी राखौं | ५/३ | २०५९ | ४२ |
| श्री विराज प्र. पन्त | व्यक्तित्व हस्ताक्षर | ५/३ | २०५९ | ४४ |
| लोकेन्द्रराज राई | शब्द ज्ञान | ५/३ | २०५९ | ४७ |
| सम्पादकीय | धानको बाला झुल्यो | ५/३ | २०५९ | ४८ |

## ५.३ निष्कर्ष

यस अध्यायमा नानी पत्रिकाको अध्याय एक  पूर्णाङ्क १ देखि लिएर २०५९ साल सम्मका जम्मा २२ अङ्कसम्मका विवरणलाई  यथायोग्य तरिकाले सजाइएको छ । यी विवरणहरूको यहाँ कुनै किसिमको व्याख्या विश्लेषण गरिएको छैन । खास खास बालकथाहरूको अध्ययन र विश्लेषण अध्याय चारमा गरिसकिएको हुँदा तिनलाई यहाँ दोहोर्‍याउने काम गरिएको छैन । नानी पत्रिकामा के कस्ता बाल सामग्रीहरू प्रकाशित भएका छन् तिनीहरूको तथ्य मात्र दिने काम यहाँ भएको छ यहाँ दिएका तथ्य विवरणहरूले नानी बालपत्रिकाले छोटै समयमा भए पनि बाल साहित्यको

विकासमा उल्लेखनीय योगदान दिन समर्थ भएको कुरा सहजै थाहा पाउन सकिन्छ । यो नै यस अध्यायको विशेषता हो ।

अध्याय - ६

# नानी पत्रिकाका सम्पादक/प्रकाशक कवि ज्ञान उदासको जीवनी र व्यक्तित्व

## ६.१ परिचय

यस अध्यायमा ˘नानी' पत्रिकाका सम्पादक एवं प्रकाशक ज्ञान उदासको जीवनी र व्यक्तित्वका बारेमा प्रकाश पारिएको छ । उनको जन्म, जन्मस्थान, शिक्षा, दीक्षा एवं साहित्यकार व्यक्तित्वका बारेमा यहाँ विस्तृत प्रकाश पारिएको छ । राजनीति र सामाजिक क्षेत्रमा त्यति उनले आफूलाई क्रियाशील गराएको पाइन्छ । यिनै विविध विषयमाथि अध्ययन गरिएको छ ।

## ६.२ कवि ज्ञान उदासको इतिवृत्त

वि.सं. २००० साल मंसिरमा कोसी अञ्चल संखुवासभाको चैनपुरमा जन्मेका कवि तथा ˘नानी' दुई महिने बाल पत्रिकाका प्रकाशक तथा सम्पादक ज्ञान-उदासको बाल्यकाल चैनपुरकै डाँडा, पाखामा रमाएर बित्यो । उनले २०२१ सालमा सरस्वती हाइस्कुल चैनपुरबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरे भने त्रिभुवन विश्वविद्यालयबाट प्राइभेट आइ.ए. उत्तीर्ण गरेको पाइन्छ । औपचारिक शिक्षा आइ.ए. सम्म मात्र गरेको भए तापनि स्वअध्ययनका कारण साहित्य क्षेत्रमा कवि ज्ञान उदास भनेर चिनिन सफल भएका छन् ।

वि.सं. २०२४ सालमा उनको प्रेमा श्रेष्ठसँग प्रेम विवाह भयो । उहाँका दुई छोरा तथा दुई छोरी
छन् । कामको सिलसिलामा हाल उनका छोरा तथा छोरीहरू नेपाल बाहिर रहेका छन् ।

वि.सं. २०१७ सालमा नै ˘आमासित' शीर्षकको कविता रचना गरी नेपाल पत्रिकामा प्रकाशित गरेका कवि ज्ञान उदासको पहिलो पुस्तकाकार कृति ˘कुन बेस' कविता संग्रह वि.सं. २०१९ सालमा प्रकाशित भएको थियो । वि.सं. २०२८ मा दोस्रो कविता संग्रह ˘हामीबाट पर्खिरहेका छौं बस् ¤ हो । त्यसैगरी कविद्वारा संकलन गरिएको कृति ˘हस्ताक्षर' वि.सं. २०४९ मा प्रकाशित छ । पछि बाल साहित्य क्षेत्रमा प्रवेश गरेका ज्ञान उदासको प्रकाशकत्व तथा घनेन्द्रप्रसाद शर्माको प्रधान सम्पादकत्वमा ˘नानी' दुई महिने बालपत्रिका पनि प्रकाशित छ । सुरुमा प्रकाशकको रूपमा

रहेका ज्ञान उदासपछि आफैँ सम्पादन कार्यमा सक्रिय रूपमा लागि ‘नानी’ पत्रिका प्रकाशनमा निरन्तरता दिन पुग्दछन् । तर दुर्भाग्यको कुरा के छ भने यो बालपत्रिका जम्मा २२ अङ्कसम्म मात्र प्रकाशित हुनसक्यो ।

उनको अर्को रचना हो ‘मनका कुराहरू’ जुन वि.सं. २०५८ सालमा प्रकाशित भयो । यस कृतिभित्र १७ वटा गीतहरू (गजल समेत) २० वटा हाइकु शैलीका मुक्तकहरू र ३० वटा टुक्राटाक्री छोटा (लघु) कविताहरू समावेश गरिएका छन् ।

यसरी साहित्य क्षेत्रमा योगदान दिएबापत उनी विभिन्न पदक तथा पुरस्कारबाट विभूषित भएका छन् । (क) नेपाली साहित्य संस्थान स्वर्ण पदक- २०२४ (ख) केदारमान व्यथित राष्ट्रिय प्रतिभा पुरस्कार - २०५६ । (ग) वाणी पुरस्कार २०५८ मनका कुराहरू कृतिका लागि ।

पत्रपत्रिका सम्पादनको क्षेत्रमा ‘पहाड’ साहित्यिक पत्रिकाको सम्पादन २०२८ मा गर्ने कवि ज्ञान उदासले ‘नयाँ खबरकागज’ साप्ताहिक समाचार पत्रको पनि २०३९ देखि २०४१ सम्म सम्पादन गरेको पाइन्छ । उनले नानी पत्रिकामा प्रकाशित महŒवपूर्ण र रोचक कथाहरूलाई सँगालोको रूपमा ‘नानीका कथाका किताब’ शीर्षक दिएर २०६४ सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित गरेका छन् । यस संगालोभित्र ९ वटा विभिन्न समयमा लेखिएका नेपाली बाल कथाहरू र केही विदेशी लोक कथाहरू प्रकाशित छन् । अब आउँदा दिनहरूमा नानी पत्रिकामा प्रकाशित, कविताहरू, नाटकहरू, जीवजन्तुहरूको किताब छुट्टाछुट्टै संगालोका रूपमा, नानीका कविताका किताब, नानीका नाटकका किताब, नानीका जीवजन्तुका किताब प्रकाशनमा आउँदैछ भन्नेकुरा कवि, ज्ञान उदाससँगको प्रत्यक्ष कुराकानीबाट थाहा भएको छ ।

साहित्य क्षेत्रका साथै उनी रेडक्रस जस्तो सेवामूलक क्षेत्रमा पनि संलग्न भई त्यसका आजीवन सदस्य पनि बनेका छन् । हाल उनले साहित्य सेवामा पनि कलम भने चलाइनै राखेका छन् । फाट्टफुट्ट रूपमा उनका रचनाहरू विविध पत्रिकामा प्रकाशित पनि भएका छन् भने कुनै अप्रकाशित रूपमै छन् । यसरी रचना गरिएका कृति अप्रकाशित हुनुको कारण उनी प्राविधिक र राजनीतिक कारण भन्दछन् । तर वास्तवमा साहित्यिक स्रष्टा र उनका रचनामा समेत राजनीतिक छायाँ परेको सुन्दा ज्यादै दु:ख लाग्छ । एउटा साहित्यकारले स्वतस्फुर्त रूपमा उसका रचनाहरू प्रकाशनमा ल्याउन पाउने प्रजातान्त्रिक वातावरणको सिर्जना हुनुपर्छ । अनि मात्र नेपाली साहित्य क्षेत्रको विकास भई स्रष्टाहरूको मनमा साहित्यप्रतिको चाख, समर्पणको भावना बढेर जाने कुरा यी माथिका तथ्यबाट स्पष्ट हुन्छ ।

## ६.३ कवि ज्ञान उदासको राजनीतिक व्यक्तित्व

साहित्यको क्षेत्रमा कवि ज्ञान उदासको व्यक्तित्व जति तिख्खर भएको छ । त्यतिनै राजनीतिको क्षेत्रमा पनि सक्रिय देखिन्छन् । उनको राजनीतिक व्यक्तित्व निम्नानुसार अघि बढेको देखिन्छ :

विद्यार्थी जीवनदेखिनै राजनीतिक क्षेत्रमा उदाएका ज्ञान उदासले संखुवा सभा जिल्लाको चैनपुर गा.वि.स.मा वामपन्थी विचार धारामा आफ्नो विचारधारालाई समाहित गराउँदै राजनीतिक जीवनमा प्रवेश गरेको पाइन्छ ।

वामपन्थी विचारधारामा सक्रिय भै कार्य गरेका ज्ञान उदास समयको अन्तरालपश्चात त्यसविचार धारालाई त्यागि वि.सं. २०२८ सालमा निर्दलीय पञ्चायती व्यवस्थामा प्रवेश गरेपछि सक्रिय भूमिका निर्वाह गर्दै गा.वि.स.देखि विभिन्न पदमा रही जिम्मेवारी निर्वाह गरेर २०४२ सालमा संखुवासभा जिल्लाको तत्कालीन जिल्ला पञ्चायतमा उपसभापति पदमा विजयी भै २०४६ सालमा वहुदलीय प्रजातन्त्रको सूत्रपात भएपछि भने राजनीतिमा सक्रिय रूपमा  संलग्न भएका देखिँदैनन् ।

वि.सं. २०६२ सालमा राजा ज्ञानेन्द्रको सक्रिय सासनकालमा पनि तत्कालीन श्री ५ को सरकारबाट पुनः संखुवासभा जिल्लामा जि.वि.स. उपसभापति पदमा मनोनितभै एघार महिना आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्हालेको पाइन्छ । हाल उनी राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालमा सक्रिय भूमिका खेलिरहेका छन् ।

## ६.४ कवि ज्ञान उदासको सामाजिक र सांस्कृतिक व्यक्तित्व

राजनीति र साहित्यमा सक्रिय रहेका कवि ज्ञान उदासको सामाजिक र सांस्कृतिक व्यक्तित्व निम्न अनुसार क्रियाशील रहेका देखिन्छ :

आफ्नो जन्म थलोमै केही गरौ भन्ने भावना वोकेका ज्ञान उदासले चैनपुर गा.वि.समा विद्यालय, पुस्तकालय, वाटो सडक निर्माणमा सक्रिय योगदान दिइ सेवा पुर्याएका देखिन्छन् । साथै उहाँले खादवारी स्थित हिमालय मा.वि. र चैनपुरस्थित महेन्द्र रात्रि पाठशाला (मा.वि) मा केही वर्ष प्राध्यापन गर्नु भएको कुरा उहाँबाट थाहा भएको छ ।

वि.सं. २०३१ सालतिर नेपाल रेडक्रस सोसाइटी, संखुवासभा स्थापना गरी, समाजसेवाको क्षेत्रमा विशेष योगदान दिने कवि ज्ञान उदासबाटै रेडक्रस सोसाइटीको आजीवन सदस्यको सुरूवात गरेको देखिन्छन् । यसका साथै यसै संस्थाको स्थापनामा विशेष योगदान पुर्याएवापत ने. रे. सो. संखुवासभाले ज्ञान उदासलाई समाजसेवीको रूपमा सम्मान तथा अभिनन्दन पनि गरेका थिए ।

समाज सेवाको साथै कला र संस्कृतिको उत्थानका निम्ति, राजपरिवारका सदस्य एवं धीरेन्द्र शाह संरक्षक तथा वरिष्ठ कलाकार श्री नीरशाह अध्यक्ष रहेको श्री समूह (नाट्य) समूह हो । यसमा उदासले महासचिव पदमा रहेर कार्य गरेको देखिन्छ ।

## ६.५ कविज्ञान उदासका कृतिहरू

(क) प्रकाशित कृतिहरू

१. कुनवेस (कविता संग्रह) - २०१९ प्रकाशक, बुबा कृष्णप्रसाद उदास

२. हामी वस पर्खिरहेका छौं - वस् ! (कविता संग्रह)

- २०२८ प्रकाशक-रत्न पुस्तक भण्डार, काठमाडौँ

३. हस्ताक्षर (संकलन/सम्पादन) - २०४९ प्रकाशिका - श्रीमती प्रेमा उदास ।

(नेपाली भाषा साहित्य कला र संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान गर्नुभएका दिवंगत एवं जीवित स्रष्टाहरूको हस्ताक्षर)

४. मनका कुराहरू (गीत, मुक्तक र टुक्रा टाक्री कविता २०५८) प्रकाशक वाणि प्रकाशन विराटनगर

५. नानीका कथाको किताब (बालकथा २०६४) प्रकाशक - रत्नपुस्तक भण्डार ।

६. वि.सं. २०२८ सालमा कवि ज्ञान उदास र उहाँकी वहिनी स्व. सुश्री महेश्वरी श्रेष्ठको संयुक्त सम्पादनमा हरेक अङ्क एउटा विशेषाङ्कको रूपमा प्रकाशन गर्ने उद्देश्यले 'पहाड' नामक तीन महिने साहित्यिक पत्रिका प्रकाशन पहिलो अङ्क कविता विशेषाङ्क र दोस्रो कथा विशेषाङ्कको रूपमा प्रकाशित छन् र सो पत्रिकाको सल्लाहाकार अभि सुवेदी हुनुहुन्थ्यो ।

७. नयाँ खवर कागज (साप्ताहिक समाचार पत्र)

२०३९ सालदेखि २०४१ सम्म काठमाडौँबाट प्रकाशित सो पत्रिकाको सम्पादन तथा प्रकाशन स्वयम् ज्ञान उदासबाटै भएको थियो ।

(ख) अप्रकाशित कृतिहरू

१. नानीका जीवजन्तुका किताब

२. नानीका नाटकको किताब

३. म तिमीलाई छुन आएँ (गद्यकविता संग्रह)

४. ज्ञान उदासका केही रचनाहरू (केही कथा, कविता, गजल र मुक्तकहरूको संगालो)

पुनश्चः नानीका कथाको किताब विभिन्न समयमा नानी पत्रिकामा प्रकाशित बाल कथाहरूको सङ्ग्रहको रूपमा प्रकाशित भएको र अप्रकाशित 'नानीका जीवजन्तुका किताब' र 'नानीका नाटकको किताब' पनि नानी पत्रिकामा विभिन्न समयमा प्रकाशित प्रवुद्ध लेखकहरूको नाटक र विभिन्न जीवजन्तुसम्बन्धी जानकारीको रूपमा प्रकाशोन्मुख कृति भएको कवि ज्ञान उदासबाट थाहा भयो ।

## ६.६ नेपाली साहित्य र बालसाहित्यका बारेमा कवि ज्ञान उदासको धारणा

कवि ज्ञान उदासले नेपाली भाषा साहित्य एवं बाल साहित्यका बारेमा व्यक्त गरेका अभिमतहरूलाई यहाँ जस्ताको तस्तै प्रस्तुत गरिएको छ । यसबाट उनको बारेमा धेरै कुरा बुझ्न सकिन्छ ।

### ६.६.१ कवि ज्ञान उदास आÇनै बोली आÇनै लोली

नेपाली साहित्यिक पत्रिका र बाल साहित्यिक पत्रिकाको भविष्य, विकास, संरक्षण र सम्बर्द्धनमा साहित्यिक जमात र उच्च बौद्धिक जमातमा केही आशाको लहर देखिए पनि निरासा त्योभन्दा बढी छ । साहित्यिक समाज प्रदूषण रहित बनाउन सक्नुपर्छ । सरकारबाट हालसम्म प्रज्ञा प्रतिष्ठानहरूको गठन निष्पक्ष र पारदर्शी रूपमा गरेको देखिंदैन । प्रज्ञाप्रतिष्ठानको गठन निष्पक्ष र पारदर्शी ढङ्गबाट हुनुपर्छ । जबसम्म लेखक वा कविहरूलाई जीवन र जगत्ले भोगेको कुरालाई सही सत्य रूपमा खुल्ला दिलले आफूलाई लागेको कुरा अभिव्यक्तिमा रोक लगाइयो भने शाश्वत साहित्यको जन्म हुँदैन । त्यसबेला हामी यथार्थको धरातल भुलिरहेका हुन्छौं । साहित्यकारलाई देशको चौथो आँखाको रूपमा हेरिनुपर्छ । उसले कसैले नदेखेका कुराहरू देखिरहेको हुन्छ र साहित्यको माध्यमबाट अभिव्यक्त गरिरहेको हुन्छ । अन्तर्राष्ट्रिय विकसित मुलुकहरूमा साहित्यकारहरूलाई हेर्ने दृष्टि सरकारको बेग्लै हुन्छ, हाम्रो देशमा त्यस्तो अनुभव गर्न सकिएकमो छैन । त्यसमा बाल साहित्यको क्षेत्र झन् संवेदनशील छ । बाल मस्तिक, बाल चेतना, नैतिक पाठ, जिम्मेवारी बोध, अनुशासन जस्ता संवेदनशील विषयहरू त्यसभित्र पर्न जान्छ । यी सम्पूर्ण विकास, संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रले बिनापूर्वाग्रह सही व्यक्तिको छनौट गरी सहि ठाउँमा

सही जिम्मेवारी दिन सक्नुपर्छ । सरकार परिवर्तनले त्यस्तो स्थानहरूलाई छुन नसक्ने वातावरण तयार पारिनु पर्छ त्यसको लागि बजेट र कार्यदलहरूको व्यवस्था गर्नसक्नु पर्छ ।

### ६.६.१.१ बाल साहित्यिक पत्रिकाको आवश्यकता र महŒवको सम्बन्धमा कवि ज्ञान उदासको दृष्टिकोण

हाम्रो मुलुकका विभिन्न खाले पत्र पत्रिकाको छापिने बाढी नै आएको छ । प्यार, चुम्बन, मायाप्रीति र पत्रिकाको शुरुदेखि मध्यपृष्ठमा तरुणीहरूद्वारा अर्धनग्न तस्वीरहरू छापिएका सामग्रीहरू हामीले धेरै देख्दै आएका छौं । त्यस्ता खाले सामग्रीहरू छापिएका पत्रिका बजारमा धेरै बिक्ने गरेको पनि पाइएका छन् । यसले युवा जमातमा नकारात्मक प्रभाव पारेको हामीले देखेका छौं । यसको अनुपातमा बाल साहित्यिक पत्रिका ज्यादै कम छ । र जति छापिन्छन् त्यसको बिक्री वितरणमा व्यापकता पनि छैन ।

बालबालिका राष्ट्रका उज्ज्जवल भविष्य भएकाले यिनै होनहार प्रतिभाहरूको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि उनीहरूमा रचनात्मक सीप र सिर्जनात्मक र कौशलको अभिवृद्धि गराउने खालका सरल, स्तरीय, रोचक र ज्ञानबर्द्धक सामग्रीहरू समावेश गरी बिक्री वितरणमा पनि व्यापकता र सहज तरिकाले प्रत्येक बाल बालिकाको हातमा पुग्ने गरी प्रकाशन गर्न सक्ने बाल पत्रिकाको खाँचो महशूस गरिएको छ । त्यो खाँचो पूरा गर्ने उद्देश्यले २०५५ साल असार-साउनदेखि हाललाई दुई महिने रूपमा 'नानी' बालपत्रिकाको प्रकाशन आरम्भ गरेर पूर्णाङ्क २२ वटा मात्र प्रकाशन गर्न सकियो । व्यक्तिगत रूपमा यसको व्यवस्थापन पक्ष केही फितलो पनि भएको महसूस गरियो ।

हाम्रा बालबालिकाहरूको ऋय शक्तिको कारणले पनि पत्रिका व्यापार हुन सक्तैन । यसमा अभिभावक र शिक्षकवर्ग पनि उत्तिकै जिम्मेवार छन् र उहाँहरूले यसतर्फ बाल बालिकालाई सचेत गराउने वातावरण पनि बनाई दिनुपर्छ । साथै सरकारले पनि यस्ता निधिहरू राष्ट्रकै निधि भएको महसूस गरी त्यस्तो कार्यलाई सृजना हुनु जरुरी देखिन्छ ।

जुनसुकै शासन व्यवस्था आए पनि नागरिक साक्षर नभए मुलुक बन्दैन । शासन व्यवस्था चल्दैन । त्यसमाथि पनि बालबालिका नागरिकहरूको प्रथम खुड्किलो भएकोले पहिला बालबालिका साक्षर हुनु जरुरी छ । त्यसैले मुलुकका आधा हिस्सा ओगेटेका बालबालिका सर्वप्रथम साक्षर हुनका लागि त्यस्तै पाठ्य सामग्री, बाल साहित्य प्रकाशन, जरुरी छ । यसमा राष्ट्रले कुनै प्रकारको भेदभाव नराखी स्वतःस्फुर्त भावनाले सहयोग पनि गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

भ्रमण :

कवि ज्ञान उदासले लगभग नेपालका चालीस जिल्लाहरूको भ्रमण गरेको देखिन्छ । देश दर्शनका लागि यो उल्लेख्य कार्य हो । आन्तरिक पर्यटनलाई बढाउन पनि यस किसिमको भ्रमण हुनु राम्रो हो । नेपालका विभिन्न जिल्लाका साथै कवि ज्ञान उदासले भारत र कतारको पनि भ्रमण गरेका छन् ।

## ६.७ निष्कर्ष

यसरी कवि ज्ञान उदासले आफ्नो जीवनको अमूल्य समय राजनीतिक क्षेत्र, सामाजिक तथा सांस्कृतिक सेवामा अर्पण गर्नुका साथै नेपाली साहित्य र बाल साहित्यका क्षेत्रमा पनि उत्तिकै योगदान दिन सफल देखिन्छन् । अब आउँदा दिनहरूमा पनि उनको कलम नेपाली साहित्यको श्रीवृद्धि गर्न अग्रसर रहिरहोस् ।

# अध्याय - सात

# उपसंहार एवं निष्कर्ष

भाषिक स्तरीयता र साहित्यिक उन्नयनका लागि पत्र पत्रिकाको प्रकाशन निकै महŒवपूर्ण मानिन्छ । नेपाली बाल साहित्यको विकासको सन्दर्भमा पनि विभिन्न समय र स्थानबाट प्रकाशित अनेकौं पत्र पत्रिकाहरूले गरेको अविस्मरणीय योगदानले ऐतिहासिक महŒव राखेको पाइन्छ ।

वस्तुतः पत्र पत्रिकाहरूमा प्रकाशित विभिन्न लेख-रचनाहरू युगीन वास्तविकताका परिचायक हुनुका साथै साहित्यिक उन्नतिका मापदण्ड पनि हुन भन्ने कुरालाई दीर्घ-जीवन पाएको ‘नानी’ बाल पत्रिकाका विभिन्न अङ्क र तिनमा प्रकाशित रचनाहरूले पर्याप्त पुष्टि गरेका छन् । एउटा सामान्य व्यक्तिको साहित्यिक तलतलको उपज स्वरूप प्रकाशनमा आउन थालेको ‘नानी’ बाल पत्रिकाले २०५५ देखि २०५९ सालसम्मको छोटो यात्रा पार गरे तापनि आफूभित्रको रचनाहरूका प्रकाशनले बालबालिका तथा धेरै अभिभावकको मन जित्न सफल भएको छ । एउटा निजी प्रयासले अविच्छिन्न रूपमा यति ४/५ वर्षको आयु प्राप्त गर्न सक्नुबाट पनि प्रस्तुत पत्रिकाको स्तरीयता आस्वाद्य र प्रकाशकको साहित्यप्रतिको कर्मठ अनुराग परिलक्षित भएको देखिन्छ । तर पनि अन्य विषय वा क्षेत्रभन्दा साहित्यिक-सांस्कृतिक क्षेत्र पत्रकारितामा उत्रिन नसक्नु संरक्षक र यसको मर्म बुझेका व्यक्तित्वको कमी कमजोरीका कारण पत्रकारिता आज संरक्षक बिनाको टुहुरो जस्तो हुन पुगेको छ । यसैको काँधमा आरोहित भई आज कति मानिसहरू प्रसिद्धिको हिमाल छुन पुगेका छन्: तर यो क्षेत्रभने अझ पनि रूग्ण फेदी भएर लम्पसार छ ।

“बाल साहित्यका क्षेत्रमा लागेर केही योगदान दिने प्रयास स्वरूप ‘नानी’ बाल साहित्यिक पत्रिकाको प्रकाशन थालियो तर काम गर्न खोज्नेले असफलतासँग पनि जुध्नु पर्दो रहेछ, त्यस्तै केही आर्थिक केही प्राविधिक कठिनाइँका कारण म यस क्षेत्रमा पूर्ण सफल हुन नसके पनि केही हदसम्म बालसाहित्यलाई यस पत्रिकाको प्रकाशनले टेवा पुऱ्याएको छ” भन्छन् प्रकाशक । सम्पादकको कथन मुखारित हुन्छ । हो, साँच्चै नै एउटा निजी प्रयासमा साहित्यको विकासमा अनवरत लाग्नु उहाँको व्यक्तिगत स्वार्थ भेटिंदैन केबल बाल साहित्यको विकासबाहेक, जसको कारणले गर्दा नै प्रस्तुत पत्रिका आसाम, सिक्किमदेखि नेपालका सुगम, दुर्गम विविध जिल्लाहरूमा पुगी हजारौं साहित्यानुरागी पाठकको मन जितेर सद्भावना र सहानुभूति प्राप्त गर्न सफल रहेको छ ।

जीवनका आरोह-अवरोहहरू एवं सुख-दुःखात्मक अनुभूतिहरू नै साहित्यमा व्यक्तिनु पर्छ भन्ने मान्यता राखी समाज सापेक्ष साहित्यको सिर्जनामा लक्षित ‘नानी’ ले नेपाली साहित्यका विविध विधाहरूलाई आÇना पृष्ठहरूमा सजाएर विद्यागत अभिवृद्धिमा महŒवपूर्ण योगदान दिंदै आएको छ ।

कविता, कथा, लेख, निबन्ध यस पत्रिकाका उर्बर विधाहरू हुन भने सामान्य ज्ञान विविध जानकारी, उपन्यास, एकाङ्की जीवजन्तुहरूतर्फ पनि यसले उचित दृष्टि पुऱ्याउँदै आएको छ ।

समग्रमा साहित्यकै परिप्रेक्ष्यमा उन्नत र समृद्धशाली रहेको कविता विधाले ‘नानी’ बाल पत्रिकामा पनि सर्वोच्च स्थान प्राप्त गर्न पुगेको छ । पुराना तथा नयाँ कविहरू सिद्धिचरण श्रेष्ठ, कृष्णप्रसाद पराजुली, कृष्ण बाउसे, राममणि दुवाडी, मधुसूदनप्रसाद घिमिरेजस्ता उदीयमान कवि प्रतिभालाई समेत समान रूपमा कदर गरेर ‘नानी’ ले नेपाली कविता परम्परालाई उन्नत तुल्याउनमा अहं भूमिका खेलेको छ । मूलतः नानीबाबुहरूलाई परिलक्षित गर्दै उनीहरूको क्रियाकलाप, आनीबानीका रूपमा आएका विविध सन्दर्भहरूलाई नै यहाँका कविहरूले कवितागत कथ्यका रूपमा शब्दबद्ध गर्न चाहेका छन् । खास गरी बालबालिकाका बालसुलभ क्रियाकलाप, बालोपयोगी उपदेश, अर्ती, बालअधिकारजस्ता विविध समसामयिक विषयवस्तुलाई कविताको शीर्षक बनाइएको छ साथै विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई सहभागी गराउँदै उनीहरूका कोमल मस्तिष्कका सिर्जनाहरूलाई पनि बगैंचाका फूल जतिकै प्यारो ठानेर नानीका बगैंचा शीर्षक दिई यस पत्रिकाको प्रत्येक अङ्कमा सजाइएको छ । विभिन्न स्थान तथा विद्यालयहरूबाट विद्यार्थीहरूको सहभागिता पनि त्यत्तिकै मात्रामा रहेको छ । पूर्णाङ्क १ देखि २२ सम्म करिब १८२ वटा कविता प्रकाशित गरिसकेको ‘नानी’ ले नेपाली कविता परम्परामा शिष्ट मर्यादित र रोचक ढ·बाट उच्च गरिमा प्रदान गर्नुका साथै काव्यात्मक अभिव्यक्तिद्वारा बालबालिकाहरूको अभिव्यक्ति कलालाई प्रस्फुटन गराउनुका साथै नेपाली बाल साहित्यको छविलाई उज्ज्वल तुल्याउनमा महŒवपूर्ण भूमिका निर्वाह गरेको कुरा माथिको तथ्यबाटै प्रस्ट हुन्छ ।

यसैगरी कथाका क्षेत्रमा मौलिक, अनूदित र चित्रकथा गरी पूर्णाङ्क १ देखि २२ सम्म ३९ वटा कथाहरू प्रकाशित गरेर आधुनिक नेपाली बाल कथाको फाँटलाई ‘नानी’ ले निकै समृद्धशाली बनाएको छ । प्रसिद्ध बालकथाकार मधुसूदनप्रसाद घिमिरे, कल्पना प्रधान, परशु प्रधान, शारदा कोइराला, विश्वम्भर चञ्चल, रामेश्वर राउत मातृदास, गोरखबहादुर सिंह लगायत नयाँ, पुराना कथाकारहरूका स्तरीय बाल कथाहरू पनि ‘नानी’ मा समाविष्ट भएका छन् । विदेशी (नेपालीमा अनूदित) तथा स्वदेशी कथाकारहरूको उत्कृष्ट कथाहरूलाई पाठक समक्ष पुऱ्याएर यसले लेखक र पाठकहरू बीच महŒवपूर्ण सेतुको काम गरेको छ । आजको समसामयिक युगका बालबालिकामा भएका समस्या बालक मनको अन्तर पीडा प्रेम र विस्मय सामाजिक बेमेल आदि विषयवस्तुमा केन्द्रित रहे तापनि प्रस्तुतीकरणका विविधताले गर्दा एकभन्दा अर्को सशक्त र जीवन्त बन्न गएका देखिन्छन् । कतिपय कथाहरूले सामाजिक र राष्ट्रिय परिवेशका साथै अन्तर्राष्ट्रिय र काल्पनिक परिवेशलाई आत्मसात गर्न पुगेका छन् । केही मानवीय र केही मानवेतर पात्रहरू चयन गरेर लेखिएका यी कथाहरूमा ग्रामीण बाहिरी परिवेशका साथै बालमनोलोकका अन्तरात्माका पीडा, दुःख, चिन्ताजस्ता आन्तरिक परिवेशका सेरोफेरो समेटिएको छ । कुनै कुनै कथामा कथाकारले बालमनोविज्ञानको प्रयोग समेत गरेका छन् । भावुकतामा डुबेर काल्पनिक जगतका कथा लेखनभन्दा ग्रामीण तथा सामाजिक जीवनका यथार्थ सत्य घटना समेटी कथा लेख्न कथाकारहरू अग्रसर रहेको देखिन्छ । कथाका माध्यमबाट स्वास्थ्य सम्बन्धी जानकारी बालबालिकाका

एकोहोरो सोचाईप्रति नैतिक चिन्ता सन्देश, आदिको ज्ञान दिने लक्ष्य राखेर कथा लेखिएका छन् । कुनै कुनै कथाले त आजका मानवका बोक्रेपन, घमण्ड र नेताहरूले गरेको कुर्सीको दुरुपयोगलाई समेत व्यङ्ग्यात्मक तवरबाट छेडपेच हान्दै सुधारका लागि सन्देश समेत दिएका छन् । प्रस्तुत पत्रिकामा प्रकाशित अधिकांश कथाहरू शिक्षाप्रद हुनुका साथै बालबोधगम्य बनेका छन् भने कुनै कुनै कथा अपूर्ण तथा बालमनोभावना र उनीहरूको बोध तथा अभिव्यक्ति क्षमताभन्दा बाहिर रहेर केवल कथाकार बन्ने सोख पूरा गर्न मात्र कथा लेखिएको जस्तो अनुभव हुन्छ । तर जेहास् थोरै अङ्कमै धेरै विषयवस्तु समेटेर कथा लेखिएकाले आधुनिक नेपाली बाल कथाका क्षेत्रमा नया दिशा प्रदान गर्दै, परिमाणात्मक र गुणात्मक गरिमाद्वारा उत्कर्षतातर्फ अग्रसर गराउनमा यस पत्रिकामा प्रकाशित कथाहरूले महŒवपूर्ण भूमिका खेलेका छन् ।

साहित्यका विविध विधालाई आत्मसात गर्दै सबैमा समान दृष्टिकोण राखी प्रकाशित हुने ˝नानी’ ले लेख-निबन्धको विकासमा पनि पर्याप्त भूमिका खेलेको देखिन्छ । पूर्णाङ्क १ देखि २२ सम्म करिब २२४ वटा लेख तथा निबन्धहरू प्रकाशित भइसकेका छन् । यी लेख निबन्धहरू गद्यमय अभिव्यक्तिको राम्रो नमूना प्रस्तुत गर्नमा पर्याप्त भूमिका खेलेका छन् । मञ्जिल मुकारु·, धनेन्द्र शर्मा, विजयकुमार बस्न्यात, दीनदु:खी राई, शेखर पौड्याल लगायत विभिन्न विद्यालयमा अध्ययनरत छात्र छात्राले रचना गरेका लेख तथा निबन्ध प्रकाशित गरेर यस पत्रिकाले समग्र विधालाई उत्तिकै प्राथमिकता दिएको छ । जीवजन्तु, वनस्पति, मानव अधिकार, संगीतको ज्ञान स्थान परिचय आदि विविध विषयलाई निबन्ध तथा लेखको विषयवस्तु बनाइएकोले बालबालिका तथा अभिभावक वर्गलाई रोचक जानकारीका साथै बौद्धिक ज्ञान प्रदान गरेको छ ।

संख्यात्मक दृष्टिले कम देखिए तापनि गुणात्मक दृष्टिले ओजपूर्ण रहेका ˝नानी’ मा प्रकाशित पूर्णाङ्क १ देखि २२ सम्मका राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तित्वका ४८ वटा जीवनीहरू पनि बालबालिका लगायत सबै पाठकका लागि प्रेरणाका स्रोत बनेका छन् । पासाङ् ल्हामु, युगकवि सिद्धिचरण श्रेष्ठ, मोतीराम भट्ट, आदिकवि भानुभक्त आचार्य, शंखधर साख्वा, महात्मा गान्धी लगायत अल्बर्ट आइन्सटाइन लियो टाल्सटाय, लुई पास्चर, जोन लोगी वेयर्ड, भास्को द गामा आदिका जीवनीबाट सम्पूर्ण पाठकवर्गले प्रेरणा प्राप्त गर्न सकुन् भन्ने महान लक्ष्य बोकेर ˝नानी’ २०५५ देखि २०५९ सम्म निरन्तर पाठकको सेवामा जुटिरहेको देखिन्छ ।

नेपाली बाल साहित्यका हरेक पाटालाई समेट्ने उद्देश्य राखी यस ˝नानी’ पत्रिकाले अङ्क १ देखि २२ सम्ममा एउटा नाटक, एउटा गीति उपन्यास तथा एउटा एकाङ्कीलाई पनि स्थान दिन सफल भएको छ । प्रसिद्ध बाल साहित्यकार कृष्णप्रसाद पराजुली, कल्पना प्रधान तथा शर्मिला दाहालका नाटक, एकाङ्की बालबालिकाका लागि पहिलो आवश्यकता शिक्षा नै हो भन्ने विषयमा रचना गरिएका छन् साथै समाजमा छोरा र छोरीमा आज पनि भेदभाव देखिएको सन्दर्भमा उक्त नाटक तथा एकाङ्कीमा छोरीले पनि पढ्नुपर्छ भन्दै समाजलाई परिवर्तनका बाटातर्फ डोऱ्याउने प्रयास गरेको छ ।

बालबालिका भनेका भोलिका राष्ट्रका कर्णधार हुन । तसर्थ उनीहरूलाई हरेक क्षेत्रको ज्ञान हुनु आवश्यक छ भन्ने लक्ष्य राखी यस पत्रिकाले पनि विविध विषय समेटी बढीभन्दा बढी ज्ञान दिने प्रयास राखेको देखिन्छ । विविध विद्यालयको परिचय, राष्ट्रमा उल्लेखनीय योगदान दिन सफल व्यक्तित्वको जीवनयात्रा, धार्मिक पवित्र स्थलको जानकारी शिक्षा क्षेत्रको समसामयिक गतिविधि, स्वास्थ्य चर्चा, वैज्ञानिक आविष्कारका यन्त्रहरूको चिनारी, जीवजन्तु, नानीहरूका समाचार, बाल प्रतिभाहरू, सामान्य ज्ञान, उखान टुक्का शब्द र अर्थको प्रयोग आदिले पनि ‘नानी’ मा स्थान पाएका छन् साथै बाल मनोरञ्जनका लागि कोठेपद, र· भर, तस्विर आफैँ बोल्छ, नानीहरूका साथीजस्ता सामग्रीको समावेशले गर्दा यो पत्रिका साँच्चै नानी बाबुहरूका लागि प्रिय बन्न सफल भएको छ ।

यथार्थमा भन्नुपर्दा आजका बालबालिकाका हरेक इच्छा र अकांक्षा पूरा गर्ने लक्ष्य बोकेर हिंडेको ‘नानी’ पत्रिकाले केही कमी कमजोरी पनि बेहोर्नु परेको देखिन्छ । अङ्क १८ र २० मा जस्ता आवरण पृष्ठ सबै अङ्कमा राखिएको पाइँदैन, साथै कुनै अङ्कमा प्रकाशित सिकारु अवस्थाका छन् । गुणस्तरीय कागजको प्रयोग त्यत्ति देखिदैन साथै फेरि पनि निरन्तर यस पत्रिकाको प्रकाशन छिटोभन्दा छिटो सुरु भई बालबालिकाका लागि अझ स्तरीय लेख, रचना पस्कन सके ‘नानी’ पत्रिका साँच्चै आँखाको नानी बन्न सक्ने देखिन्छ । निष्कर्षमा एउटा व्यक्तिको व्यक्तिगत प्रयासले १ देखि २२ अङ्कसम्म जुन निरन्तरता दिएर बाल साहित्यको सेवामा समर्पित रह्यो त्यो नेपाली बाल साहित्यको विकासका लागि कम महŒवपूर्ण काम होइन । यही २२ अङ्कले नेपाली साहित्यका लागि निश्चय पनि ऐतिहासिक देन दिन सफल भएको छ र पत्र-पत्रिकाहरूको लागि गौरवको विषय बनेको छ

# सन्दर्भ ग्रन्थ सूची

## (क) सन्दर्भ पुस्तकहरू


| | | |
|---|---|---|
| १. | उदास, ज्ञान | हस्ताक्षर, श्रीमती प्रेमा उदास, शाझा प्रकाशनको छापाखाना, (२०४९ चैत्र) |
| २. | उदास, ज्ञान | मनका कुरा, वाणी प्रकाशन, विराटनगर (२०५८) |
| ३. | उपाध्याय, केशवप्रसाद | साहित्य प्रकाश काठमाडौं, साझा प्रकाशन, (२०३०) |
| ४. | ढुंगेल, भोजराज तथा दाहाल दुर्गाप्रसाद | नेपाली कथा र उपन्यास, (२०५९) |
| ५. | देवकोटा, ग्रीष्मबहादुर सं) | नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, दोस्रो ( काठमामाडौं साझा प्रकाशन, (२०५१) |
| ६. | प्रधान, प्रमोद | नेपाली बालसाहित्यको इतिहास, काठमाडौं, विवेक सिर्जनशील प्रा.लि., (२०६१) |
| ७. | प्रधान, प्रमोद | नेपाली बाल वाङ्मय परिचय कोश, काठमाडौं, मार्टिन चौतारी, (२०६५) |
| ८. | शर्मा, मोहनराज तथा खगेन्द्रप्रसाद लुइटेल | शोधविधि, (२०५२) |
| ९. | श्रेष्ठ, दयाराम र अन्य | नेपाली साहित्यको सङ्क्षिप्त इतिहास - काठमाडौं, ने.रा.प्र.प्र. (२०३४) |
| १०. | श्रेष्ठ, ईश्वरकुमार मान्यता, | पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना प्रमुख वाद र प्रणाली - साझा प्रकाशन (२०५१) |

## (ख) सन्दर्भ शोधपत्रहरू


| | | |
|---|---|---|
| १. | घिमिरे, मदनकृष्ण | साहित्यिक पत्रकारिताको विकासमा अभिव्यक्तिको योगदान - त्रि. वि., अप्रकाशित शोधपत्र (२०६४) |
| २. | ढुंगाना, दामोदार | नेपाली साहित्यमा जिज्ञाशा पत्रिकाको योगदान - त्रि. वि., अप्रकाशित शोधपत्र (२०५९) |
| ३. | तिवारी, प्रेमनाथ | नेपाली बालसाहित्यको विकासमा मुना पत्रिकाको योगदान - त्रि.वि., अप्रकाशित शोधपत्र (२०६१) |
| ४. | न्यौपाने, रमेश | नेपाली साहित्यको विकासमा उन्नयन त्रैमासिक पत्रिकाको योगदान - त्रि. वि., अप्रकाशित शोधपत्र (२०६३) |
| ५. | पौडेल, शेषकान्त | नेपाली साहित्यमा 'गरिमा' पत्रिकाको योगदान - त्रि.वि. अप्रकाशित शोधपत्र (२०५४) |
| ६. | फुँयाल, इन्दिरा | नेपाली साहित्य र समालोचनामा 'उन्नयन' पत्रिकाको योगदान - त्रि.वि. अप्रकाशित शोधपत्र (२०५१) |
| ७. | शर्मोपाध्याय, नारायणप्रसाद | नेपाली साहित्यमा 'रत्नश्री' पत्रिकाको योगदान - त्रि.वि. अप्रकाशित शोधपत्र (२०४६) |